सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३१ भदौ २०८२, मंगलबार (16 Sep 2025, Tuesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १५६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

निर्वाचनको पक्षमा उभिँदै प्रमुख तीन दल

जेन-जी आन्दोलनपछि बनेको अन्तरिम सरकारको सिफारिसमा राष्ट्रपतिद्वारा संसद् विघटन भएपछि विरोधमा उत्रिएका दलहरूले क्रमशः २१ फागुनको प्रतिनिधिसभा निर्वाचन सफल बनाउनैपर्ने धारणा व्यक्त गर्न थालेका छन्। यद्यपि, शीर्ष नेता उपचार वा सुरक्षाघेरामा रहेकाले बैठक बसेर संस्थागत निर्णय भने गरेका छैनन्।



● **गगन थापा,** महामन्त्री, कांग्रेस

आन्दोलनपश्चात् आज जुन राजनीतिक परिस्थिति सिर्जना भएको छ, यो आजको वास्तविकता हो, यसलाई स्वीकार गर्दै। निर्वाचनको मिति घोषणा भएको छ। एउटा जिम्मेवार लोकतान्त्रिक पार्टी भएकाले तोकिएको समयमा निर्वाचन सुनिश्चित गराऔं, यसको निमित्त निर्वाचन गराउने जिम्मेवारी लिएर आएको सरकारलाई सहयोग गर्दै।



● **शंकर पोखरेल,** महासचिव, एमाले

हाल गठन भएको अन्तरिम सरकार भएकाले उसको चुनाव गराउने कर्तव्य हो। २१ फागुनमा प्रतिनिधिसभा निर्वाचन गर्ने मिति घोषणा भइसकेको छ। शान्तिसुरक्षाको वातावरण तयार गरी समयमा निर्वाचन गराउनेमा सरकारको ध्यान जानुपर्छ।



● **नारायणकाजी श्रेष्ठ,** वरिष्ठ उपाध्यक्ष, माओवादी

नयाँ परिवेशमा घोषित मितिमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्ने गरी जानुपर्छ। अन्तरिम सरकारलाई सफल बनाउने दिशामा अगाडि बढ्नुपर्छ। निर्वाचन सम्पन्न गर्ने काममा केन्द्रित भएर अगाडि बढ्नुपर्छ। जेन-जी आन्दोलनले उठाएका मुद्दालाई सफल पार्नुपर्छ।

■ २७ भदौमै विज्ञप्ति निकालेर रास्वपाले भनेको थियो-

जेन-जीको मागअनुसार सुशासन र परिवर्तनका लागि सुशासनको प्रतिमूर्तिका रूपमा परिचित व्यक्तिको नेतृत्वमा सरकार गठन हुनु र ६ महिनाभित्र निर्वाचनमा जाने विषय स्वागतयोग्य छ। प्रतिनिधिसभा विघटन र नयाँ चुनाव घोषणा स्वागतयोग्य छ।

प्रेम गौतम/नयाँ पत्रिका

संसद् विघटनको विपक्षमा रहे पनि प्रमुख दलहरू २१ फागुनमा तोकिएको प्रतिनिधिसभा निर्वाचनको पक्षमा उभिन थालेका छन्। जेन-जी आन्दोलनको दबाबमा बनेको अन्तरिम सरकारको सिफारिसमा राष्ट्रपतिद्वारा संसद् विघटन भएपछि दलहरूले त्यसको विरोध गरेका थिए। तर, सोमबार प्रमुख दलका दोस्रो तहका नेताहरूले निर्वाचन सफल बनाउनैपर्ने धारणा व्यक्त गरेका छन्। यद्यपि, यसबारे संस्थागत निर्णय भने दलहरूले अझै गरेका छैनन्।

निर्वाचन नहुँदा आउन सक्ने राजनीतिक र संवैधानिक संकटतर्फ दलका नेताहरूको चासो छ। विघटित प्रतिनिधिसभामा सबैभन्दा ठुलो दल रहेको कांग्रेसका महामन्त्री गगन थापाले निष्पक्ष निर्वाचन र संविधान रक्षा प्रमुख जिम्मेवारी भएको बताएका छन्। अन्तरिम सरकार गठनसँगै प्रतिनिधिसभा विघटन र निर्धारित समयमा निर्वाचन हुन

» पृष्ठ २ मा क्रमशः

नयाँ सरकारले बागडोर सम्हाल्दा यस्तो छ देशको अर्थतन्त्र

■ तथ्यांक

राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको अर्थतन्त्रका सूचक

देशको ऋण
२६ खर्ब ८३ अर्ब

चालू खाता ७८ अर्ब
१४ करोडले बचतमा

६९ करोडको प्रत्यक्ष वैदेशिक लगानी

शोधनान्तर स्थिति ८९ अर्ब ३० करोडले बचतमा

विदेशी मुद्रा सञ्चिति
२८ खर्ब ६ अर्ब ४ करोड

सरकारको नगद मौज्दात २ खर्ब २६ अर्ब

बैंकिङ प्रणालीमा ७२ खर्ब ६९ अर्ब निक्षेप

आर्थिक वृद्धिदर ४.६१ प्रतिशत

अर्थशास्त्री डा. प्रकाशकुमार श्रेष्ठ भन्छन्-

समग्र स्थिति नै सहज छैन, तर प्रभावकारी पहल गरे असम्भव केही छैन



अहिले सरकारी र निजी क्षेत्रका संरचना ध्वंस भएको अवस्था छ। ती सरकारी संरचना पुनर्निर्माण गर्नुपर्ने चुनौती छ। अब राजनीतिक स्थायित्वमा पनि ध्यान दिन दूरगामी हिसाबले संरचना पुनर्निर्माण गर्नुपर्छ। नत्र १० वर्षपछि फेरि भत्किने अवस्था आउने जोखिम रहन्छ। ६ महिना निकै छोटो समय हो। राजनीतिक घटनाक्रम कता जान्छ भन्ने स्पष्ट छैन। पुनर्निर्माणका कामले गति लिन सक्यो भने अर्थतन्त्रमा अल्पकालीन सुधार देखिन सक्छ। त्यसको क्षतिको आकलन गर्नुपर्‍यो। स्रोत व्यवस्थापन पनि गर्नुपर्‍यो। भूकम्पपछिको पुनर्निर्माण अनुभवलाई अनुसरण गर्न सकिन्छ। तर, त्यति वेलामा त वैदेशिक सहायता आएको थियो। अहिले भूराजनीतिक स्थिति पनि सहज छैन। यद्यपि, प्रभावकारी ढंगले पहल गर्न सके असम्भव केही छैन।

पवन तिमिल्सिना, मिलन विश्वकर्मा

तस्बिरहरू : **अमुल थापा**/नयाँ पत्रिका

जेन-जी आन्दोलनको बलमा बनेको नागरिक सरकारलाई खण्डहर बनेका सिंहदरबारदेखि स्थानीय तहसम्मका भौतिक संरचना पुनर्निर्माण गर्दै ६ महिनाभित्र प्रतिनिधिसभाको निर्वाचन गराउने प्रमुख दायित्व छ। नियमित खर्च व्यवस्थापन मिलाउँदै पुनर्निर्माण र चुनावी खर्च जुटाएर देशलाई लयमा फर्काउन आर्थिक चाँजोपाँजो मिलाउनुपर्नेछ।


आइतबार प्रधानमन्त्रीको कार्यभार सम्हालेकी सुशीला कार्कीले सोमबार अर्थमन्त्री रामेश्वर खनाल, भौतिक पूर्वाधार, ऊर्जा र सहरी विकासमन्त्रीमा कुलमान घिसिङ र गृह तथा कानुनमन्त्रीमा ओमप्रकाश अर्यालले शपथ गराएकी छिन्। संयोग, सोमबार नै राष्ट्र बैंकले अर्थतन्त्रको चालू अवस्थाको सूचक सार्वजनिक गरेको छ। अधिकांश सूचकले सरकारलाई सहज अवस्था देखाएको छ। यद्यपि, यो सरकारको कार्यशैलीमा बढी भर पर्नेछ।

मुद्रास्फीति न्यून विन्दु (१.६८ प्रतिशत) मा रहेको राष्ट्र बैंकको तथ्यांक छ। मूल्यवृद्धि नियन्त्रण गर्न सरकारले सोमबार नै पेट्रोलियम पदार्थको भाउ बढ्नबाट रोकेको छ। इन्डियन आयल कर्पोरेसनले सोमबार दिउँसो पेट्रोल २.२९ रुपैयाँ र डिजेल ३.४६ रुपैयाँ प्रतिलिटर बढाएर पठाएको निगमले जनाएको छ। सोही दरमा मूल्य बढाउनबाट सरकारले रोकेर मूल्यवृद्धिलाई थप संकुचन गर्ने सरकारी प्रयास छ।

बढ्दो व्यापार घाटा न्यूनीकरण गर्नु सरकारका लागि चुनौती छ। आयातमुखी राजस्व प्रणालीका कारण हरेक वर्ष व्यापार घाटा बढ्दै गएको छ। नेपाल पर्यटकीय मुलुक भए पनि विभिन्न देश घुम्न जाने र विदेश पढ्न जाने नेपालीले गर्ने खर्चको आकार निकै ठुलो छ। त्यसैले, विदेशी पर्यटकले नेपालमा गर्ने खर्चभन्दा नेपालीले विदेशमा साउन

» पृष्ठ २ मा क्रमशः

■ नयाँ मन्त्रीका पहिलो निर्णय



रामेश्वर खनाल
अर्थमन्त्री

टुक्रे आयोजनाका बजेट काटेर चुनाव खर्च जुटाउने

अर्थमन्त्री खनालले चालू आर्थिक वर्षका टुक्रे आयोजनाका बजेट कटौती गरेर चुनाव खर्च जुटाउने पहिलो निर्णय गरेका छन्। यस्ता आयोजनाबाट कटौती गरेको बजेट पुनर्निर्माणमा पनि खर्च गर्ने उनको योजना छ। टुक्रे आयोजनाका बजेट कटौतीबाट एक खर्बबराबर स्रोत जुटाउन सकिने उनको अनुमान छ।

पूर्वतयारी नभएका आयोजनाहरूमा राखिएको बजेट खिच्न तीन सदस्यीय कार्यदल गठन गरेका छन्।



कुलमान घिसिङ
ऊर्जा, भौतिक पूर्वाधार र सहरी विकासमन्त्री

उद्योगीहरूबाट लोडसेडिङको अवधिको बक्यौता उठाउने

मन्त्री घिसिङले उद्योगीहरूबाट डेडिकेटेड फिडर र ट्रंकलाइनको सवा आठ अर्ब विद्युत् बक्यौता तत्काल उठाउन विद्युत् प्राधिकरणलाई निर्देशन दिने निर्णय गरेका छन्।

त्यस्तै, क्षतिग्रस्त संरचना पुनर्निर्माणका लागि 'विशेष कोष' स्थापना गरेर सहयोग आह्वान गर्ने निर्णय भएको छ। पेट्रोलियम सवारीसाधनलाई विद्युतीय सवारीसाधनमा कन्भर्ट गर्न कार्यदल बनाएर अध्ययन गर्ने निर्णय पनि घिसिङले गरेका छन्।



ओमप्रकाश अर्याल
गृह र कानुनमन्त्री

ज्यान गुमाउनेको सम्झनामा शोक दिवस

गृहमन्त्री अर्यालले जेन-जी आन्दोलनमा ज्यान गुमाएकालाई काजकिरियाका लागि थप खर्च दिने, शव व्यवस्थापनका लागि निःशुल्क गाडी र दुर्गम भए हेलिकोप्टर व्यवस्थापन गर्ने र शोक दिवस मनाउन मन्त्रिपरिषद्मा प्रस्ताव लैजाने निर्णय गरेका छन्।

त्यस्तै, कानुनमन्त्रीका रूपमा विभिन्न कानुनहरूमा रहेका अस्पष्टता हटाउने प्रक्रिया अघि बढाउने निर्णय पनि गरेका छन्।

■ पहिलो मन्त्रिपरिषद् बैठकका निर्णय

सहिद घोषणादेखि जाँचबुझ आयोग गठनसम्म

काठमाडौं/ नागरिक मन्त्रिपरिषद्को पहिलो बैठकले १ असोजमा राष्ट्रिय शोक दिवस मनाउने निर्णय गरेको छ। प्रधानमन्त्री सुशीला कार्कीको अध्यक्षतामा सोमबार बसेको बैठकले जेन-जी आन्दोलनमा मृत्यु भएकाहरूको स्मरणमा शोक दिवस मनाउने निर्णय लिएको गृह तथा कानुनमन्त्री ओमप्रकाश अर्यालले बताए। उनका अनुसार उक्त दिन सार्वजनिक बिदा दिने निर्णय भएको छ।

यस्तै, बैठकले जेन-जी आन्दोलनका क्रममा ज्यान गुमाएकाहरूलाई सहिद घोषणा गर्ने, उनीहरूको राष्ट्रिय सम्मानसहित अन्त्येष्टि गर्ने, मृतकका परिवारलाई प्रतिपरिवार १० लाख क्षतिपूर्ति र अन्य खर्चबापत थप पाँच लाख दिने निर्णय गरेको छ। यसबाहेक आन्दोलनमा घाइतेहरूको निःशुल्क उपचार गर्ने निर्णय पनि भएको छ। शव लैजान निःशुल्क सवारीसाधन दिने, दुर्गमको हकमा हेलिकोप्टरको व्यवस्थापन गर्ने र दाहसंस्कारमा सघाउने पनि मन्त्रिपरिषद्को निर्णय छ। बैठकले आन्दोलनका क्रममा भएको क्षति र ज्यादतीको छानबिन गर्न उच्चस्तरीय न्यायिक जाँचबुझ आयोग गठन गरी त्यसको प्रतिवेदनका आधारमा कारबाही गर्ने निर्णय पनि गरेको छ। तर, आयोग गठन भने भइसकेको छैन। सम्भवतः पूर्वन्यायाधीशको नेतृत्वमा यस्तो आयोग बन्ने गृह एवं कानुनमन्त्री अर्यालले बताए।

आन्दोलनमा सहादत प्राप्त गरेकाहरूको स्मरणमा जेन-जी जागरण स्मृति पार्क बनाउने निर्णय पनि भएको छ। तर, पार्क कहाँ बनाउने टुंगो लागेको छैन। त्यस्तै, केपी ओली सरकारको मन्त्रिपरिषद्मा पेस भएका प्रस्तावहरू सम्बन्धित मन्त्रालयमा फिर्ता गर्ने निर्णय पनि भएको छ।

नयाँ परिस्थितिमा परराष्ट्र नीति

मित्रराष्ट्रको सद्भाव, तर कूटनीतिक चुनौती

पर्शुराम काफ्ले/नयाँ पत्रिका


६ महिनाभित्र निर्वाचन, जेन-जी आन्दोलनबाट ध्वस्त संरचनाको पुनर्निर्माण र सुशासन प्रवर्द्धन गर्ने म्यान्डेटसहित गठित अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्कीले पहिलो चरणमा मन्त्रिपरिषद् विस्तार गर्दा परराष्ट्रमन्त्रीको नियुक्ति भएन। तर, नयाँ परिस्थितिमा छिमेक र बाह्य सम्बन्ध कसरी व्यवस्थापन हुन्छ भन्नेबारे कूटनीतिक वृत्तमा गहिरो चासो छ।

अन्तर्राष्ट्रिय मान्यता प्राप्त यस सरकारलाई अब बाह्य सहयोग र समर्थन

» पृष्ठ २ मा क्रमशः



नयाँ राजनीतिक खेलाडीप्रति अन्तर्राष्ट्रिय समुदायको चासो, अन्तर्राष्ट्रिय सद्भावलाई विश्वास र विश्वसनीयतामा रूपान्तरण गर्नुपर्ने विज्ञको सुझाव



● **मधुरमणि आचार्य,** पूर्वपरराष्ट्रसचिव

आन्दोलनका क्रममा नष्ट भौतिक संरचनाको पुनर्निर्माणदेखि निर्वाचन गराउन स्रोत चाहिएको छ। यसका लागि नेपालले छिमेकीसहित अन्तर्राष्ट्रिय समुदायसँग बुद्धिमतापूर्ण सम्बन्ध सञ्चालन गर्नु अपरिहार्य छ। यो अस्थिर परिवेशमा हाम्रा पुराना सम्बन्ध पुनर्स्थापित गर्दै जानुपर्छ। निर्वाचनमार्फत नयाँ राजनीतिक परिस्थितिमा निर्माण गर्ने कार्यका लागि पनि अन्तर्राष्ट्रिय समुदायको सद्भाव हासिल गर्नुपर्छ। सरसर्ती हेर्दा अनुकूल नै देखिन्छ, तर सरकारले प्राथमिकता स्पष्ट गरेर अघि बढ्नुपर्छ।



● **चन्द्रदेव भट्ट,** भूराजनीतिक मामिलाविज्ञ

हाम्रो भूराजनीतिक यथार्थ उस्तै छ, तर आन्तरिक परिस्थितिमा आधारभूत परिवर्तन आएको छ। अहिलेका राजनीतिक खेलाडीहरू नयाँ छन्। यस्तोमा सुरुमा त सरकारले देशको प्रतिनिधित्व गर्छ भन्ने सन्देश प्रवाह हुनु जरुरी छ। अहिले छिमेकीसहित अन्तर्राष्ट्रिय समुदायको सद्भाव वृद्धि गर्ने अवसर र चुनौती दुवै छ। तर, विगतमा जस्तै आन्तरिक राजनीतिक लोकरिझ्याइँबाट विदेश नीति सञ्चालन गर्न खोजियो भने सरकारलाई सहज नहुन सक्छ।

नाकामा बढ्यो आवागमन



भैरहवामा **दिपेश पछाई**

आन्दोलनका कारण बन्द रहेका नाकाहरूमा आवागमन नियमित भएको छ। सोमबार भैरहवाको बेलहिया नाकाबाट ३५० मालवाहक सवारी नेपाल भित्रिएका छन् भने ५०५ गाडी बाहिरिएका छन्। त्यस्तै, आइतबार ३२० मालवाहक गाडी भित्रिएका थिए। त्यस्तै, ३१५ गाडी भारत फर्किएको भन्सार कार्यालयले जनाएको छ।

(सबै नाकाको विस्तृत समाचार पृष्ठ ६)

कर्नर किक

● रवि मिश्र



भग्नावशेषमा मन्त्रीहरूको शपथ र पदभार



जलाइएका सरकारी भग्नावशेषमा उभिएर 'नयाँ नेपाल' बनाउने चुनौतीपूर्ण जिम्मेवारीमा नयाँ मन्त्री

(विस्तृत पृष्ठ ३)

पुनर्जागरणका लागि प्रधानन्यायाधीशलाई खुलापत्र



अग्रलेख

स्वच्छ, निष्पक्ष र सक्षम न्यायपालिका निर्माण गर्न नसकेर न्यायपालिकामाथि जनआक्रोश पोखिएको त होइन ?

(**नवराज सापकोटा**को लेख पृष्ठ ४)

NIMB AUTO LOAN @6.29% p.a.

■ आन्दोलनमा भएको हिंसाको अनुसन्धानमा प्रहरीलाई सर्वसाधारणको सहयोग

आगजनी, तोडफोड र लुटपाटका भिडियो र फोटो समेटिएका ३० हजार इमेल प्रहरीलाई प्राप्त

चोक, सडक, सरकारी भवन, प्रहरी कार्यालय, व्यापारिक प्रतिष्ठान, निजी कम्प्लेक्सलगायतमा जडान गरिएका सिसिक्यामेरामा कैद भिडियो पनि संकलन गर्दै प्रहरी

टेकराज थामी/नयाँ पत्रिका

दुई दिनको जेन-जी आन्दोलनका वेला भएका आगजनी, तोडफोड र लुटपाट अनुसन्धान र संलग्नको पहिचान गर्न प्रहरीलाई सर्वसाधारणको ठुलो समर्थन मिलेको छ। तीन दिनमै प्रहरीलाई अनुसन्धानमा सहयोग पुग्ने भिडियो-फोटो समेटिएका ३० हजारभन्दा धेरै इमेल प्राप्त भएका छन्। उपलब्ध सबै भिडियो र फोटो विश्लेषण गरी अनुसन्धान गर्न प्रहरीले विशेष टोली नै बनाएको छ।

प्रहरीले गत २७ भदौमा घटनामा संलग्नका भिडियो तथा फोटो इमेल गर्न सूचना सार्वजनिक गरेको थियो। सूचनापछि सर्वसाधारणले आफ्ना मोबाइल तथा

» पृष्ठ २ मा क्रमशः





क्षतिको विवरण संकलन हुँदै

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी विनोद घिमिरेले क्षतिको विवरण संकलन जारी रहेको बताए। 'मुलुकभर क्षति भएका संरचनाको क्षति विवरण अझै संकलन हुन सकेको छैन। विवरण संकलनका लागि टोली भने खटिएका छन्,' उनले भने, 'मातहतका कार्यालयमा आंशिक विवरण आएका छन्। त्यसको विश्लेषण हुँदै छ।'



प्रवक्ता घिमिरे

नयाँ सरकारले...

पृष्ठ १ बाट क्रमशः

महिनामा मात्रै १३ अर्ब ३९ करोड बढी खर्च गरेको राष्ट्र बैंकको तथ्यांक छ। पछिल्लो समय संख्यात्मक लक्ष्य भेटिए पनि धेरै खर्च गर्न सक्ने क्षमता भएका पर्यटक भित्र्याउनु चुनौतीपूर्ण छ।

रेमिट्यान्सको बढ्दो आप्रवाहले विदेशी मुद्रा सञ्चिति र शोधानान्तर बचतलाई ठुलो टेवा पुगिरहेको छ। तर, अझै पनि शतप्रतिशत रेमिट्यान्स भित्रिन नसकेको विभिन्न अध्ययनले देखाइरहेका कारण सरकारले हुन्डी कारोबारलाई थप कडाइ गर्दै रेमिटका लागि विदेशस्थित श्रमिकलाई प्रोत्साहन गर्नु जरुरी छ।

प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) पनि प्रतिबद्धताअनुसार भित्रिन सकेको छैन। गत आर्थिक वर्ष ०८१-८२ मा प्रतिबद्धता गरेको ४ प्रतिशत मात्रै रकम भित्रिएको उद्योग विभागको तथ्यांक छ। त्यसैले, स्वदेशी लगानीकर्ताको मनोबल बढाउने र विदेशी लगानीकर्तालाई भित्र्याउने कार्यमा रणनीतिक सुधार गर्नु आवश्यक छ।

मुद्रास्फीति २ प्रतिशतभन्दा न्यून दरमा

०८२ साउनमा मुद्रास्फीति (मूल्य वृद्धिदर) १.६८ प्रतिशत मात्रै छ। गत वर्ष साउनमा यस्तो दर ४.०९ प्रतिशत थियो। वस्तु तथा सेवाको माग बढ्न नसक्दा मुद्रास्फीति कमजोर हुँदै गएको हो। यसले आर्थिक गतिविधि अझै चलायमान हुन नसकेको देखाउँछ।

व्यापारघाटा २.५ प्रतिशतले वृद्धि

साउन महिनामा कुल वस्तु व्यापार घाटा २.५ प्रतिशतले बढेको छ। यो महिनामा व्यापारघाटा एक खर्ब १९ अर्ब ११ करोड पुगेको छ। गत वर्ष साउनमा एक खर्ब १६ अर्ब १५ करोड व्यापारघाटा पुगेको थियो। ०८२ साउनमा एक खर्ब ४३ अर्बको वस्तु आयात भएको छ। गत वर्ष साउनमा एक खर्ब २८ अर्बको आयात भएको थियो। ०८२ साउनमा २३ अर्ब ९३ करोडको निर्यात भएको थियो भने ०८१ साउनमा १२ अर्ब २२ करोडको निर्यात भएको थियो।

सेवा खाता १३ अर्ब ३९ करोड घाटामा

साउनमा खुद सेवा आय १३ अर्ब ३९ करोडले घाटामा छ। गत वर्षको साउनमा खुद सेवा आय १५ अर्ब ६ करोडले घाटामा थियो। सेवा खाताअन्तर्गत नेपालीले विदेश गएर गर्ने खर्च र विदेशी पर्यटक नेपाल आएर गर्ने खर्चको समष्टि हो। ०८२ साउनमा विदेशीहरू नेपाल आउँदा हुने भ्रमण आय १२.७ प्रतिशतले बढेर पाँच अर्ब ३८ करोड पुगेको छ। गत वर्षको साउनमा यस्तो आय चार अर्ब ७७ करोड थियो। सेवा खाताअन्तर्गत नेपालीले विदेश गएर गर्ने भ्रमण खर्च २.८ प्रतिशतले घटेको छ। ०८२ साउनमा यस्तो खर्च २१ अर्ब ७० करोड पुगेको छ। यसमध्ये उच्च शिक्षा हासिल गर्न विदेश गएका नेपालीले १४ अर्ब ३१ करोड खर्च गरेका छन्। गत वर्षको साउनमा भ्रमण व्यय २२ अर्ब ३२ करोड रहेकोमा शिक्षातर्फको व्यय १४ अर्ब ९६ करोड थियो।

एक महिनामै एक खर्ब ७७ अर्बको रेमिट्यान्स

०८२ साउनमा रेमिट्यान्स आप्रवाह २९.९ प्रतिशतले बढेर एक खर्ब ७७ अर्ब ४१ करोड पुगेको छ। अघिल्लो वर्षको साउनमा रेमिट्यान्स आप्रवाह एक खर्ब ३६ अर्ब ६० करोड थियो। ०८२ साउनमा अमेरिकी डलरमा रेमिट्यान्स आप्रवाह २५ प्रतिशतले बढेर एक अर्ब २७ करोड पुगेको छ। अघिल्लो वर्ष साउनमा डलरमा यस्तो आप्रवाह १५.८ प्रतिशतले बढेको थियो।

चालू खाता ७८ अर्ब १४ करोडले बचतमा

०८२ साउनमा चालू खाता ७८ अर्ब १४ करोडले बचतमा छ। गत वर्षको साउनमा चालू खाता ३३ अर्ब आठ करोडले बचतमा थियो। अमेरिकी डलरमा गत वर्षको साउनमा २५ करोडले बचतमा रहेकामा यो वर्ष साउनमा चालू खाता ५६ करोडले बचतमा छ।

६९ करोडको प्रत्यक्ष वैदेशिक लगानी

०८२ साउनमा ६९ करोड प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) भित्रिएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) ८० करोड थियो। वैदेशिक लगानीकर्तालाई आकर्षण गर्नुपर्ने ठुलो चुनौती छ।

शोधनान्तर स्थिति ८९ अर्ब ३० करोडले बचतमा

साउनमा शोधनान्तर स्थिति ८९ अर्ब ३० करोडले बचतमा छ। गत वर्षको साउनमा शोधनान्तर स्थिति ४० अर्ब ९० करोडले बचतमा थियो। अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा ३१ करोडले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा ६४ करोडले बचतमा छ।

विदेशी मुद्रा सञ्चिति २८ खर्ब नाघ्यो

०८२ असार मसान्तमा कुल विदेशी मुद्रा सञ्चिति २६ खर्ब ७७ अर्ब ६८ करोड थियो। एक महिनामा कुल विदेशी विनिमय सञ्चिति ४.८ प्रतिशतले बढेर २८ खर्ब ६ अर्ब चार करोड पुगेको छ। अमेरिकी डलरमा यस्तो सञ्चिति ०८२ असार मसान्तमा १९ अर्ब ५० करोड रहेकोमा साउन मसान्तमा २.७ प्रतिशतले बढेर २० अर्ब तीन करोड पुगेको छ। ०८२ साउनको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति २०.४ महिनाको वस्तु आयात र १६.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने केन्द्रीय बैंकले जनाएको छ।

एक महिनामा सरकारी खर्च ४६ अर्ब ३१ करोड

महालेखा नियन्त्रकको कार्यालयका अनुसार ०८२ साउनमा संघीय सरकारको कुल खर्च ४६ अर्ब ३१ करोड छ। साउनमा चालू खर्च १८ अर्ब ४८ करोड, पुँजीगत खर्च ७३ करोड र वित्तीय व्यवस्था खर्च २७ अर्ब १० करोड छ। साउनमा सरकारको कुल राजस्व संकलन (प्रदेश सरकार तथा स्थानीय सरकारमा बाँडफाँट हुने रकमसमेत) ८४ अर्ब ४७ करोड पुगेको छ। यसअन्तर्गत कर राजस्व ८० अर्ब ६७ करोड र गैरकर राजस्व तीन अर्ब ८० करोड संकलन भएको छ।

राजस्व र खर्च

२९ भदौसम्मको तथ्यांक हेर्ने हो भने सरकारले अहिलेसम्म एक खर्ब ३० अर्ब १३ करोडको बजेट खर्च गरेको छ। जसमा पुँजीगततर्फ चार अर्ब ९८ करोड खर्च भएको छ। त्यस्तै, यस अवधिमा एक खर्ब ५० अर्ब राजस्व संकलन गरेको छ।

सरकारको नगद मौज्दात २ खर्ब २६ अर्ब

०८२ साउन मसान्तमा केन्द्रीय बैंकमा रहेका सरकारका विभिन्न खातामा दुई खर्ब २६ अर्ब ६४ करोड (प्रदेश सरकार तथा स्थानीय सरकारको खातामा रहेको रकमसमेत) नगद मौज्दात छ। ०८२ असार मसान्तमा यस्तो मौज्दात एक खर्ब ३० अर्ब ७३ करोड थियो। तर, संघीय बजेट भने घाटामा छ।

बैंकिङ प्रणालीमा ७२ खर्बभन्दा बढीको निक्षेप

बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप संकलन २४ भदौसम्म ७२ खर्ब ६९ अर्ब कायम भएको छ। गत वर्षको साउनसम्ममा यस्तो निक्षेप ४३ अर्ब ४५ करोडले घटेको थियो। २४ भदौसम्म कर्जा प्रवाह ५६ खर्ब २१ अर्ब कायम भएको छ।

आर्थिक वृद्धिदर ४.६१ प्रतिशत

राष्ट्रिय तथ्यांक कार्यालयका अनुसार आर्थिक वर्ष ०८१/८२ मा ४.६१ प्रतिशतको आर्थिक वृद्धि भएको थियो। सरकारले चालू आर्थिक वर्षमा ६ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने अनुमान छ।

नेप्सेमा लगातार गिरावट

पछिल्लो समय राजनीतिक अन्योलताले सेयर बजारमा निरन्तर गिरावट आइरहेको थियो। गत १३ साउनमा ३००२.०८ विन्दुमा पुगेको बजार २३ भदौमा आइपुग्दा २६७२.२५ विन्दुमा झरेको छ। यसबिच बजार ३२९.८३ अंकले घटेको छ। अर्थतन्त्रको ऐना मानिने बजारमा लगानीकर्ताको मनोबल बढ्न नसकिरहेको अवस्थामा राजनीतिक अन्योलताले परिसूचकलाई घटाएको हो।

२६ खर्ब ८३ अर्ब सार्वजनिक ऋण

साउन मसान्तसम्म सरकारले तिर्नुपर्ने सार्वजनिक ऋणको दायित्व २६ खर्ब ८३ अर्ब ६० करोड छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार गत असार मसान्तसम्म यस्तो ऋण २६ खर्ब ६९ अर्ब ५७ करोड थियो। साउन महिनामा मात्र १४ अर्ब दुई करोड ऋण बढेको छ। साउनमा सरकारले कुल ४४ अर्ब ५७ करोड ४८ लाख ऋण लिएको थियो। तर, साउनमै ३६ अर्ब ६८ करोड भुक्तानी गरेकाले ऋणको आकार ठुलो अंकले नबढेको हो।

नयाँ मन्त्रीका पहिलो निर्णय

रामेश्वर खनाल, अर्थमन्त्री

टुक्रे आयोजनाका बजेट काटेर चुनाव खर्च जुटाउने

अर्थ प्रशासनविज्ञसमेत रहेका अर्थमन्त्री रामेश्वर खनालले चालू आर्थिक वर्षका टुक्रे आयोजनाका बजेट काटेर चुनाव खर्च जुटाउने पहिलो निर्णय गरेका छन्। यस्ता आयोजनाबाट कटौती गरेको बजेट पुनर्निर्माणमा पनि खर्च गर्ने मन्त्री खनालको योजना छ। टुक्रे आयोजनाका बजेट कटौतीबाट एक खर्बबराबर स्रोत जुटाउन सकिने उनको अनुमान छ।

पूर्वतयार नभएका आयोजनाहरूमा राखिएका बजेटसमेत खिच्ने गरी खनालले बजेट महाशाखा प्रमुख सुमन दाहालको संयोजकत्वमा तीन सदस्यीय कार्यदल बनाएका छन्। कार्यदलमा वैदेशिक सहायता समन्वय महाशाखा प्रमुख धनीराम शर्मा र राजस्व महाशाखा प्रमुख उत्तरकुमार खत्री सदस्य छन्। कार्यदललाई तीन दिनभित्र विकास निर्माणका आयोजनाहरू प्राथमिकीकरण गर्ने र बजेट कटौती गर्न सकिने पूर्वतयारी नभएका टुक्रे आयोजना पहिचान गर्ने कार्यादेश छ।

'यो जिम्मेवारी (मन्त्री)लाई युवाको नासोको रूपमा लिएको छु। मुलुकलाई भ्रष्टाचारमुक्त बनाउने अभिभारा छ। नजानेर पनि गल्ती गर्ने छुट कसैलाई छैन। हामी सच्चिनुको विकल्प छैन। ६ महिनाभित्र निर्वाचन गर्नैपर्ने हुन्छ। निर्वाचनका लागि बजेटभित्रै रहेर स्रोतको व्यवस्था गरिनेछ। पूरक बजेट ल्याउने अवस्था छैन। निर्वाचन र पुनर्निर्माणका लागि स्रोत व्यवस्था गर्ने दायित्व अर्थ मन्त्रालयकै हो। अहिलेलाई बजेट कटौतीमार्फत एक खर्ब रुपैयाँबराबर स्रोत जुटाउन सकिने अनुमान छ,' अर्थमन्त्री खनालले भने, 'निजी क्षेत्रको क्षतिपूर्तिलाई पनि सहजीकरण गरिनेछ। सवारीसाधन खरिद नगरौँ। क्षतिको यकिन तथ्यांक लिनुपर्नेछ। निजी क्षेत्रले अनुभूति गर्ने गरी व्यावहारिक मनोवृत्तिमा परिवर्तन गरौँ। राजस्व असुलीमा कम्प्रमाइज नगरी काम गरौँ। सूचना प्रविधि प्रणालीमा कुनै कमजोरी भए सुधार गरौँ। सबै द्विपक्षीय बैंठकहरू परराष्ट्र मन्त्रालयमार्फत हुनुपर्छ।'

कुलमान घिसिङ
ऊर्जा, भौतिक पूर्वाधार र सहरी विकासमन्त्री

उद्योगीहरूबाट लोडसेडिङको अवधिको बक्यौता उठाउने

ऊर्जामन्त्री कुलमान घिसिङले लोडसेडिङको समयमा डेडिकेटेड फिडर र ट्रंकलाइनमार्फत २४सै घण्टा विद्युत् प्रयोग गरेका उद्योगीले तिर्न अटेर गर्दै आएको ६ अर्ब २६ करोड प्रिमियम शुल्क बक्यौता असुल गर्ने घोषणा गरेका छन्। विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक छँदा नै उक्त बक्यौता उठाउन खोज्दा घिसिङलाई निवर्तमान प्रधानमन्त्री केपी ओली र ऊर्जामन्त्री दीपक खड्काले गत ११ चैतमा पदबाटै बर्खास्त गरेका थिए।

ऊर्जासँगै उनलाई भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्रीको पनि जिम्मेवारी छ। 'अहिले मुलुक विषम परिस्थितिमा छ। पुनर्निर्माणका लागि धेरै पैसा चाहिने देखिन्छ। यो अवधिमा उद्योगी साथीहरूले यो बक्यौता तिरेर राज्यलाई सहयोग गर्नुपर्छ। योबाहेक अन्य सहयोग पनि गर्नुपर्ने हुन सक्छ,' उनले भने।

मन्त्री खड्काले घिसिङलाई हटाएर प्राधिकरण कार्यकारी निर्देशकमा हितेन्द्रदेव शाक्यलाई ल्याएर उद्योगीको बक्यौता घटाउन प्राधिकरणमा प्रशासनिक पुनरावलोकन प्रक्रिया अघि बढाएका थिए। २९ चैतको प्राधिकरण सञ्चालक समितिको बैठकले प्रशासनिक पुनरावलोकन गर्दा राख्नुपर्ने धरौटी २५ प्रतिशतबाट घटाएर पाँच प्रतिशत मात्रै राखे हुने निर्णय गरेको थियो। त्यसपछि २१ वैशाखको सञ्चालन समितिबाट निर्णय गराएर प्राधिकरणले २७ वैशाखमा सार्वजनिक सूचना जारी गर्दै प्रशासकीय पुनरावलोकनका लागि जेठ मसान्तसम्मको समय दिएको थियो। ४६ उद्योगीले बक्यौता पुनरावलोकन गर्न आवेदन दिएका थिए। तर, मन्त्री खड्काको अस्वाभाविक चासो र दबाबपछि उक्त समितिमा बसेर कर्मचारीहरूले काम गर्न आनाकानी गरेपछि अलपत्र छ। 'यही बक्यौता उठाउन खोज्दा म प्राधिकरणबाट बर्खास्त हुनुपऱ्यो। अब आवश्यक प्रक्रिया पूरा गरेर कानुनअनुसार बक्यौता उठाउनेछु,' उनले भने।

भौतिक पूर्वाधार र सहरी विकासको जिम्मेवारी समेत पाएका घिसिङले गरे थप यस्ता घोषणा

मन्त्री घिसिङले एक हजार २०० मेगावाटको बुढीगण्डकी, एक हजार ६१ मेगावाटको माथिल्लो अरुण र ६७० मेगावाटको दुधकोशी जलविद्युत् परियोजनाको निर्माण सुरु गर्ने घोषणा पनि गरेका छन्। स्वदेशी तथा विदेशी लगानीमा उक्त परियोजनाको निर्माण सुरु गर्ने उनको भनाइ छ। 'हामी अहिले ठुला परियोजना बनाउँछौँ भनेर भन्न सक्ने अवस्थामा छैनौँ। तर, सुरु भने गर्ने अवस्थामा छौँ,' उनले भने, 'माथिल्लो अरुण, दुधकोशी र बुढीगण्डकी जलविद्युत् परियोजनाको निर्माण सुरु गर्छौँ।'

माथिल्लो अरुण विश्व बैंक र दुधकोशी एसियाली विकास बैंकको ऋण सहयोगमा बनाउने गरी यसअघि नै प्रक्रिया अघि बढेको छ। त्यस्तै, बुढीगण्डकी भने स्वदेशी लगानीमा बनाउने गरी मन्त्रालयले 'बुढीगण्डकी जलविद्युत् विकास कम्पनी' नामक कम्पनी स्थापना गरिसकेको छ।

क्षतिग्रस्त संरचनाको पुनर्निर्माण तत्काल गर्ने

मन्त्री घिसिङले क्षतिग्रस्त सार्वजनिक संरचनाको पुनर्निर्माण कार्य तत्काल अगाडि बढाउने बताएका छन्। आन्दोलनका क्रममा सिंहदरबार, सर्वोच्च अदालत, संसद् भवनलगायतका सरकारी संरचनाका भवन जलेर खण्डहर भएका छन्। त्यसको पुनर्निर्माण सहरी विकास मन्त्रालयमार्फत गर्नुपर्नेछ।

'सार्वजनिक संरचनामा पुगेको क्षति यकिन गरी पुनर्निर्माण कार्य तत्काल अगाडि बढाइनेछ,' घिसिङले भने, 'सार्वजनिक सेवा प्रभावको चक्र नराम्ररी प्रभावित भएको छ। अर्थतन्त्रको एउटा हिस्सेदार निजी क्षेत्रको मनोबल गिरेको छ। यस्तो अवस्थामा सबैको मनोबल उच्च राखी पुनर्निर्माणको कार्य अगाडि बढाउनुछ। हामीसँग समय छोटो छ, तर एक सेकेन्ड पनि खेर नफाली मुलुकको हितका लागि काम गरिनेछ।'

'हाम्रा सार्वजनिक संरचना हामी आफैँ बनाउँनेछौँ' अभियान सञ्चालन, सहयोग संकलन गर्ने

क्षतिग्रस्त संरचना पुनर्निर्माणका लागि 'हाम्रा सार्वजनिक संरचना हामी आफैँ बनाउँनेछौँ' भन्ने अभियान सञ्चालन गरिने पनि मन्त्री घिसिङले बताए। 'देश विदेशमा रहेका सम्पूर्ण नेपालीलाई पुनर्निर्माणमा सहभागी गराई अपनत्व लिने गरी सबैको साथ र सहयोगबाट पारदर्शी रूपमा पुनर्निर्माण कार्य अगाडि बढाइनेछ,' उनले भने, 'स्वदेश तथा विदेशमा रहेका नेपालीबाट सहयोग उठाइनेछ। दातृ निकायको सहयोग लिइनेछ। त्यो पैसा पारदर्शी रूपमा खर्च गरेर पुनर्निर्माणमा खर्च गरिनेछ।'

भ्रष्टाचार निर्मूल पार्ने

मन्त्री घिसिङले आफ्ना मन्त्रालय र अन्तर्गतका निकायमा भ्रष्टाचार निर्मूल पार्ने घोषणासमेत गरेका छन्। 'मन्त्रालय र यसअन्तर्गतका निकायभित्र हुने भ्रष्टाचार, अनियमितता र ढिलासुस्तीमा शून्य सहनशीलता अवलम्बन गरिनेछ। यस्ता क्रियाकलाप सह्य हुनेछैन। कसैले त्यस्ता कार्य गरेको फेला परेमा तत्कालै कारबाही गरिनेछ। जेन-जीले मुख्य रूपमा उठाएको भ्रष्टाचार नियन्त्रण र सुशासनलाई कडाइका साथ कार्यान्वयन गरिनेछ,' उनले भने।

क्षमताका आधारमा कर्मचारीलाई जिम्मेवारी

मन्त्री घिसिङले क्षमताका आधारमा कर्मचारीलाई सरुवा गर्ने बताए। यसमा कुनै पूर्वाग्रह नराख्ने उनको भनाइ छ। 'कर्मचारी सरुवा, जिम्मेवारी प्रदान गर्नेलगायतका विगतमा सुनिएका अनियमिततालाई नियन्त्रण गरी सुशासन कायम गर्न उपयुक्त समयमा उपयुक्त व्यक्तिलाई उपयुक्त जिम्मेवारलाई कडाइका साथ लागू गरिनेछ। कसैप्रति पूर्वाग्रह र प्रतिशोध साधिनेछैन,' उनले भने, 'तर, सुशासन र आफ्नो जिम्मेवारीलाई इमानदारीपूर्वक पूरा गर्न नसक्नेलाई तुरुन्तै जिम्मेवारीबाट हटाइनेछ। असल नियत राखी ढुक्क भएर काम गर्न सबैलाई निर्देश गर्दछु।'

ठुला आयोजना निर्माणलाई तीव्रता दिने

मन्त्री घिसिङले ठुला पूर्वाधार निर्माणलाई पनि तीव्रता दिने बताए। 'चालू रहेका ठुला पूर्वाधारका आयोजनाहरू तोकिएको समय र गुणस्तरमा निर्माण सम्पन्न हुन नसक्दा एकातर्फ मुलुकले ठुलो आर्थिक क्षति बेहोरिरहेको छ भने अर्कोतर्फ त्यस्ता आयोजनाबाट प्राप्त हुने लाभबाट नागरिक वञ्चित भइरहेको विडम्बनापूर्ण अवस्था छ। यसलाई चिर्न चालू अवस्थामा रहेका ठुला आयोजना निर्माण कार्यलाई तीव्रता दिइनेछ भने रणनीतिक महत्त्व र रूपान्तरणकारी केही ठुला योजनालाई अगाडि बढाइनेछ,' उनले भने, 'प्राथमिकताका आधारमा आयोजना छनोट गरी परिणाम निक्लिने गरी कार्य अगाडि बढाइनेछ।'

तलबभत्ता सहिद परिवारको कोसमा दिने, सुरक्षा लिने

मन्त्री घिसिङले तलब र भत्ता सहिद परिवारको कोसमा जम्मा गर्ने घोषणा पनि गरेका छन्। 'तलब, भत्ता आफ्नो लागि खर्च गर्नेछैन। सहिद परिवारको कोसमा जम्मा गर्नेछु,' उनले भने, 'तर, विभिन्न जोखिमलाई दृष्टिगत गर्दै सुरक्षाको सुविधा भने लिनेछु।'

ओमप्रकाश अर्याल
गृह र कानुनमन्त्री

आन्दोलनमा ज्यान गुमाउनेको सम्झनामा शोक दिवस

गृह र कानुन दुईवटा मन्त्रालयको जिम्मेवारी सम्हालेका ओमप्रकाश अर्यालले गृहतर्फ तीन र कानुनतर्फ एक निर्णय गरेका छन्। गृह मन्त्रालयमा पदभार ग्रहण गर्दै उनले आन्दोलनमा मारिएकालाई काजकिरियाका लागि थप खर्च दिने, शव व्यवस्थापनका लागि निःशुल्क गाडी र दुर्गम भए हेलिकोप्टर व्यवस्थापन गर्ने र शोक दिवस मनाउन सिफारिस गर्ने निर्णय गरेका थिए। यी तीनै प्रस्ताव आइतबारै मन्त्रिपरिषद्बाट निर्णय भएको छ। त्यस्तै, कानुन मन्त्रालयमा पदभार ग्रहण गर्दै उनले कानूनका अस्पष्टता हटाउने प्रक्रिया अघि बढाउनेसम्बन्धी निर्णय गरेका छन्।

आन्दोलनमा मारिएका प्रहरीलाई सरकारले दिनेबाहेक नेपाल प्रहरीले इन्स्पेक्टरभन्दा माथिका अधिकारीहरूको तलबबाट प्रतिपरिवार १० लाखका दरले उपलब्ध गराउने घोषणा गरेको छ।

निर्वाचनको पक्षमा...

पृष्ठ १ बाट क्रमशः

नसक्दा उत्पन्न हुने रिक्तता राजनीतिक मात्र नभएर संवैधानिक विषय पनि भएको उनको भनाइ छ। ढिलो-चाँडो यो निर्णयको संवैधानिक निरूपण हुने उनको विश्वास छ।

जिम्मेवार लोकतान्त्रिक पार्टी भएकाले तोकिएको समयमा निर्वाचन सुनिश्चित गराउनुपर्ने भन्दै थापाले निर्वाचन गराउने जिम्मेवारी लिएर आएको सरकारलाई सहयोग गर्नुपर्ने बताएका छन्। 'आन्दोलनपश्चात् आज जुन राजनीतिक परिस्थिति सिर्जना भएको छ, यो आजको वास्तविकता हो, यसलाई स्वीकार गरौँ। अन्तरिम सरकार गठन भइसकेको छ, निर्वाचनको मिति घोषणा भएको छ। एउटा जिम्मेवार लोकतान्त्रिक पार्टी भएकाले तोकिएको समयमा निर्वाचन सुनिश्चित गराऔँ, यसको निमित्त निर्वाचन गराउने जिम्मेवारी लिएर आएको सरकारलाई सहयोग गरौँ,' थापाले भनेका छन्।

मूल जिम्मेवारीबाट सरकार विचलित भए वा अलमलिए खबरदारी गर्नुपर्ने उनले बताए। थापाले विध्वंस र आगजनीको वास्तविक क्षति आकलन गरी दोषीलाई दण्डित गर्न निरन्तर दबाब जारी राख्नुपर्ने पनि उनले बताएका छन्।

माओवादी वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले घोषित मितिमा निर्वाचन सम्पन्न गर्ने गरी जानुपर्ने बताए। सोमबार पार्टी कार्यालय निरीक्षणपछि श्रेष्ठले घोषित मितिमा निर्वाचन नभए देश संकटमा फस्ने औँल्याए। 'घोषित मितिमा निर्वाचन सम्पन्न गर्ने गरी जानुपर्छ। अन्तरिम सरकारलाई सफल बनाउने दिशामा अगाडि बढ्नुपर्छ। निर्वाचन सम्पन्न गर्ने काममा केन्द्रित भएर अगाडि बढ्नुपर्छ,' उनले भनेका छन्।

श्रेष्ठले आजको मुख्य कार्यभार सुशासन, समृद्धि र सामाजिक न्याय भएको बताए। 'समृद्धिले गुणात्मक फड्को मार्न सकेन। हामीले सुशासनको कामलाई गुणात्मक उचाइमा पुऱ्याउँदा पुऱ्याउँदै सरकारबाट ढल्यौँ। त्यसपछि पनि सुशासन, समृद्धि र सामाजिक न्यायको मुद्दा कायमै छ,' श्रेष्ठले भने, 'अहिले जेन-जी आन्दोलनले यही मुद्दालाई उठायो। जेन-जी आन्दोलनले उठाएका मुद्दालाई सफल पार्नुपर्छ।'

जेन-जी आन्दोलनमाथि सरकारले नरसंहारकारी दमन गरेको उनले बताए। २४ भदौको आगजनी जेन-जीले नगरेको माओवादीको निष्कर्ष रहेको उनले बताए।

एमाले महासचिव शंकर पोखरेलले एमाले घोषित प्रतिनिधिसभा निर्वाचनको पक्षमा उभिने बताएका छन्। सोमबार पार्टी कार्यालय च्यासलको निरीक्षणपछि पोखरेलले अन्तरिम सरकार निर्धारित मितिमै निर्वाचन गराउने दिशामा अघि बढ्नुपर्ने बताए। 'अन्तरिम सरकार भएकाले उसको चुनाव गराउने कर्तव्य हो। शान्तिसुरक्षाको वातावरण तयार गरी समयमा निर्वाचन गराउनेमा सरकारको ध्यान जानुपर्छ,' उनले भने।

यसअघि विघटित प्रतिनिधिसभामा प्रतिनिधित्व गरेका कांग्रेस, एमाले, माओवादी, एकीकृत समाजवादी, जसपा, जनमत, लोसपा र नागरिक उन्मुक्ति पार्टीले संयुक्त विज्ञप्ति जारी गरेर प्रतिनिधिसभा विघटनको निर्णय फिर्ता लिई तत्काल संसद् बैठक बोलाउन माग गरेका थिए।

रास्वपाले पहिला नै प्रतिनिधिसभा विघटन र नयाँ चुनाव घोषणाको स्वागत गरेको छ। 'जेन-जीको मागअनुसार सुशासन र परिवर्तनका लागि सुशासनको प्रतिमूर्तिका रूपमा परिचित व्यक्तिको नेतृत्वमा सरकार गठन हुनु र ६ महिनाभित्र निर्वाचनमा जाने विषय स्वागतयोग्य छ। प्रतिनिधिसभा विघटन र नयाँ चुनाव घोषणा स्वागतयोग्य छ। राष्ट्रिय सभा जीवित रहेकाले संवैधानिक हाँगो हामीसँग छ, यो राम्रो पक्ष हो,' २७ भदौमा पार्टी प्रवक्ता प्रवक्ता मनीष झाले विज्ञप्तिमार्फत भनेका थिए।

पार्टी पुनर्गठन अनिवार्य आवश्यकता : गगन थापा

कांग्रेसभित्र पार्टी पुनर्गठनको माग जबर्जस्त उठेको छ। महामन्त्री गगन थापाले पार्टी पुनर्गठन अनिवार्य आवश्यकता भएको बताएका छन्। उनले संविधान दिवसकै दिन पार्टी पुनर्गठन अभियान सुरु गर्न प्रस्तावसमेत गरेका छन्। 'पार्टी पुनर्गठन आजको अनिवार्य आवश्यकता हो। संविधान दिवसकै दिनदेखि संकल्पसहित पुनर्गठन अभियान सुरु गरौँ। जेन-जी आन्दोलनले उठाएको भ्रष्टाचारमुक्त राज्य र समाजको नेतृत्व गर्ने पार्टी बनाउने गरी पार्टीको सदस्यता, संगठन संरचना, नेतृत्व चयन प्रक्रियादेखि हाम्रा मुद्दा र शैली सबैमा आमूल सुधार जरुरी छ,' थापाले भनेका छन्।

अहिलेकै निरन्तरताले मात्र पार्टीको पुनर्निर्माण आरम्भ नहुने उनको दाबी छ। आफ्नो पदीय जिम्मेवारी छोड्न तयार हुनुपर्ने उनले बताएका छन्। उनले आफू महामन्त्री पद छाड्न तयार रहेको पनि बताएका छन्। उनको भनाइ छ, 'पार्टीमा आमूल सुधारका लागि हामीले आफ्नो पदीय जिम्मेवारी छोडेर पनि तयार हुनुपर्छ। नयाँ जोखिम उठाउनका निम्ति तयार रहनुपर्छ। यसका लागि म सहर्ष महामन्त्री पद छोड्न तयार छु। यसमा छलफल सुरु गरौँ। स्वीकार गरौँ- गल्ती भएको छ, अनि आत्मसमीक्षा, आत्ममूल्यांकन र आत्मसंकल्प गरौँ।'

मित्रराष्ट्रको...

पृष्ठ १ बाट क्रमशः

अत्यावश्यक रहेको विज्ञहरूको प्रतिक्रिया छ। उनीहरूका अनुसार छिमेकी तथा अन्तर्राष्ट्रिय समुदायको सद्भाव उपयोग गर्दै नेपालले अवसर र चुनौती दुवै बुद्धिमत्तापूर्वक सामना गर्नुपर्नेछ। आन्तरिक राजनीतिक लोकरिझ्याइँबाट विदेश नीति सञ्चालन गर्ने प्रवृत्ति नदोहोऱ्याई प्राथमिकता स्पष्ट गर्दै सरकार अघि बढ्नुपर्ने उनीहरूको सुझाव छ।

पूर्वपरराष्ट्रसचिव मधुरमण आचार्यले परिवर्तित परिस्थितिमा नेपाललाई बाह्य समर्थन र सहयोग आवश्यक भएको बताए। 'आन्दोलनका क्रममा नष्ट भौतिक संरचनाको पुनर्निर्माणदेखि निर्वाचन गराउन स्रोत चाहिएको छ। यसका लागि नेपालले छिमेकीसहित अन्तर्राष्ट्रिय समुदायसँग बुद्धिमतापूर्ण सम्बन्ध सञ्चालन गर्नु अपरिहार्य छ,' आचार्यले भने, 'यो अस्थिर परिवेशमा हाम्रा पुराना सम्बन्ध पुनर्स्थापित गर्दै जानुपर्छ। निर्वाचनमार्फत नयाँ राजनीतिक परिस्थितिमा निर्माण गर्ने कार्यका लागि पनि अन्तर्राष्ट्रिय समुदायको सद्भाव हासिल गर्नुपर्छ। सरसर्ती हेर्दा अनुकूल नै देखिन्छ, तर सरकारले प्राथमिकता स्पष्ट गरेर अघि बढ्नुपर्छ।'

त्रिभुवन विश्वविद्यालयको नेपाल र एसियाली अनुसन्धान केन्द्र (सिनास)का कार्यकारी निर्देशक डा. मृगेन्द्रबहादुर कार्कीले संयम कायम राख्दै तत्कालीन प्राथमिकतामा सबैको सहयोग र सद्भाव वृद्धि गर्न सरकारले काम गर्नुपर्ने बताए। 'नेपाली जनताको सार्वभौम राजनीतिक प्रक्रियालाई छिमेकीसहित मित्रराष्ट्रहरूले स्वागत गरेका छन्। नयाँ विकासक्रमको यो स्वीकार्यता हाम्रा लागि सहज अवस्था हो,' कार्कीले भने, 'नेपालले संयम कायम राख्दै पूर्वाधारहरूको पुनर्निर्माण, विकासशील मुलुकमा स्तरोन्नति र नेपालमा लगानीको वातावरणका लागि विश्वास र विश्वसनीयताको जगमा अघि बढ्नुपर्छ।'

भूराजनीतिक मामिलाविज्ञ चन्द्रदेव भट्टले नयाँ राजनीतिक खेलाडीहरूले परिवर्तित परिस्थितिमा देशको प्रतिनिधित्व गरेको सन्देश प्रवाह गर्नुपर्ने बताए। 'हाम्रो भूराजनीतिक यथार्थ उस्तै छ, तर आन्तरिक परिस्थितिमा आधारभूत परिवर्तन आएको छ। अहिलेका राजनीतिक खेलाडीहरू नयाँ छन्। यस्तोमा सुरुमा त सरकारले देशको प्रतिनिधित्व गर्छ भन्ने सन्देश प्रवाह हुनु जरुरी छ,' भट्टले नयाँ पत्रिकासँग भने, 'अहिले छिमेकीसहित अन्तर्राष्ट्रिय समुदायको सद्भाव वृद्धि गर्ने अवसर र चुनौती दुवै छ। तर, विगतमा जस्तै आन्तरिक राजनीतिक लोकरिझ्याइँबाट विदेश नीति सञ्चालन गर्न खोजियो भने सरकार लामो समय टिक्दैन।'

सरकारलाई २१ फागुनभित्र प्रतिनिधिसभाको नयाँ निर्वाचन गर्नुपर्ने दायित्व छ, ध्वस्त भएका संरचनाहरू पुनर्निर्माण थाल्नुपर्ने दबाब छ भने आगामी वर्षदेखि अल्पविकसित अवस्थाबाट विकासशील अवस्थामा स्तरोन्नति गर्नुपर्ने आधार निर्माण गर्नुपर्नेछ। यस्तोमा आर्थिक कूटनीति महत्त्वपूर्ण हुने जानकारको भनाइ छ।

भूराजनीतिक प्रतिस्पर्धाको धरातलबाटै दुवै छिमेकी तथा विश्वका अन्य शक्ति मुलुकको सहयोग लिएर जानुपर्ने भट्टको सुझाव छ। 'अन्तर्राष्ट्रिय लगानीका लागि माहोल बनाउनु चुनौतीपूर्ण छ र यो गर्नैपर्ने कार्य पनि हो। नेपाललाई छिमेकी र अन्य देशले विश्वास गर्न लायक अवस्था सिर्जना गर्नु अहिलेको प्रमुख चुनौती हो। नेपाल सुरक्षित छैन भन्ने सन्देश गएको छ, यसलाई बदल्न मिहिनेत गर्नुपर्नेछ,' उनले भने, 'मूलतः आर्थिक पुनरुत्थान र पुनर्निर्माणका लागि आर्थिक कूटनीतिमा केन्द्रित हुनुपर्छ।'

सिनासका कार्यकारी निर्देशक कार्कीले सरकार प्रतिक्रियात्मक वा भावनात्मक हुन नहुने बताए। 'कुनै पनि प्रकारको ध्रुवीकरणमा जानुहुँदैन,' उनले भने, 'विगतमा आन्तरिक राजनीतिक खपतका लागि विदेश नीति जसरी त्रुटिपूर्ण तरिकाले सञ्चालन भयो, त्यो क्रम बदलेर जानुपर्छ। इतिहासको हार्दिक सम्बन्ध पुनर्स्थापित गर्न सकिएन भने हाम्रा लक्ष्य पूरा हुन कठिन छ,' कार्कीले भने।

नयाँ सरकार गठनलगत्तै प्रधानमन्त्री कार्कीलाई पहिलो बधाई जापानले दिएको छ भने त्यसपछि संयुक्त राष्ट्र संघ, अमेरिका, चीन हुँदै बंगलादेश र भुटानसमेतले बधाई र शुभकामना दिएका छन्। जेन-जी आन्दोलनबाट विस्थापित प्रधानमन्त्री केपी ओली बेइजिङमा १८ भदौमा चीनले आयोजना गरेको जापानविरुद्ध विजयोत्सवको सैन्य परेडमा सहभागी भएका थिए। नयाँ सरकार गठन हुनासाथ जापानको पहिलो बधाई आउनुलाई अर्थपूर्ण मानिएको छ।

प्रधानमन्त्री कार्की नियुक्त भएलगत्तै शुक्रबार भारतीय विदेश मन्त्रालयले विज्ञप्तिमा बधाई दिएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले शनिबार सुरुमा सामाजिक सञ्जाल एक्समा र त्यही दिन मणिपुरमा आयोजित सभाबाट नेपालको नयाँ परिस्थिति र प्रधानमन्त्री कार्कीलाई स्वागत गर्दै सहयोगको वचन दिएका छन्। अर्को छिमेकी चीनले स्वतन्त्र रूपमा नेपालका जनताले छनोट गरेको विकासक्रम भन्दै प्रधानमन्त्री कार्कीलाई आइतबार बधाई दिएको छ। अमेरिकाले पनि आइतबार राष्ट्रपति रामचन्द्र पौडेल, युवा नेता, प्रधानसेनापतिको भूमिकासमेत उल्लेख गर्दै प्रधानमन्त्री कार्कीलाई बधाई दिएको छ। उसले नयाँ निर्वाचनको निर्णयलाई पनि स्वागत गर्दै सहयोगको वचन दिएको छ।

आगजनी, तोडफोड...

पृष्ठ १ बाट क्रमशः

सिसिक्यामेरामा कैद भएका भिडियो तथा फोटा इमेल गर्न सुरु गरेका हुन्। यसबाहेक प्रहरीले सार्वजनिक चोक, सडक, सरकारी भवन, प्रहरी कार्यालय, व्यापारिक प्रतिष्ठान र निजी कम्प्लेक्सलगायतका ठाउँका सिसिक्यामेराका भिडियो पनि जुटाइरहेको छ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी विनोद घिमिरेले सूचना सार्वजनिक भएको तीन दिनमा ३० हजारभन्दा धेरै इमेल प्राप्त भएको बताए। 'आन्दोलनको उद्देश्य आगजनी, तोडफोड र लुटपाट गर्ने थिएन। तर, २३ र २४ भदौको प्रदर्शनमा सार्वजनिक सम्पत्तिका साथै व्यक्तिका घरमा आगो लगाइए। व्यापारिक प्रतिष्ठान लुटपाट भए,' उनले भने, 'यस्ता घटनामा संलग्नहरूका भिडियो र फोटो पठाउन हामीले सूचना सार्वजनिक गरेका थियौँ। हालसम्म ३० हजारभन्दा धेरै इमेल हामीले प्राप्त गरेका छौँ। यस्ता इमेल हाम्रो अनुसन्धानमा सहयोगी हुन्छन्।'

अनुसन्धानको समग्र नेतृत्व प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले गरिरहेको छ। प्रहरीका अनुसार सिंहदरबार, संसद् भवन, प्रधानमन्त्रीनिवास, मन्त्रीनिवास, अदालत, राष्ट्रपति कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायतका ठुला सरकारी कार्यालय तोडफोड तथा आगजनीको अनुसन्धान सिआइबीले गरिरहेको छ। व्यापारिक प्रतिष्ठान तथा नेताका घरमा भएको तोडफोड र आगजनीको अनुसन्धान भने अपराध अनुसन्धान कार्यालयले गरिरहेको छ।

'प्राप्त विभिन्न भिडियो र फोटोलाई छुट्टाछुट्टै युनिटले अनुसन्धान गरिरहेका छन्। यो स्वाभाविक प्रक्रिया पनि हो। तोडफोड, लुटपाट, आगजनी, हत्याजस्ता घटनालाई आन्दोलनसँग जोड्नुहुँदैन,' नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी घिमिरेले भने, किनकि यी आपराधिक घटना हुन्, आन्दोलनको उद्देश्य यस्तो थिएन।'

जेन-जी प्रदर्शनका क्रममा मुलुकको मुख्य प्रशासनिक केन्द्र सिंहदरबारका अधिकांश भवनमा आगो लगाइएका छन्। पार्क गरिएका गाडी जलाइएका छन्। कुर्सी, टेबुललगायतका फर्निचर मात्रै होइन, सन्धि-सम्झौतासँग सम्बन्धित महत्त्वपूर्ण कागजातसमेत खरानी बनाइएका छन्। कतिपय संरचनामा लागेको आगो अझै निभ्न सकेको छैन।

सर्वोच्च अदालत, महान्यायाधिवक्ता कार्यालय, नेपाल बार एसोसिएसन, जिल्ला सरकारी वकिल कार्यालय, विशेष सरकारी वकिल कार्यालय, काठमाडौं जिल्ला अदालतमा राखिएका महत्त्वपूर्ण मुद्दाका सबै फाइल खरानी बनाइएका छन्। कार्यालयका गाडी, फर्निचर पूरै ध्वस्त बनाइएका छन्।

प्रमुख तीन दल कांग्रेस, एमाले, नेकपा माओवादीको पार्टी कार्यालय, शीर्ष नेताका निजी भवनमा छानीछानी आगो लगाइएको छ। उनीहरूको सम्पत्ति लुटिएको छ। नेकपा समाजवादीका वरिष्ठ नेता झलनाथ खनालकी पत्नी रविलक्ष्मी चित्रकारलाई जिउँदै आगो लगाइएको छ। कांग्रेस सभापति शेरबहादुर देउवा र उनकी पत्नी डा. आरजु राणालाई अमानवीय तवरले कुटपिट भएको छ।

उद्योग व्यवसायी विनोद चौधरीसम्बद्ध व्यापारिक प्रतिष्ठान, मीनबहादुर गुरुङको भाटभटेनीका चेन, शंकर ग्रुपको हिल्टनलगायतका तारे होटेलमा लुटपाट र आगजनीका कारण ध्वस्त बनेको छ।

त्यसबाहेक प्रदेश सरकारमातहतका सरकारी कार्यालय, पालिका कार्यालय पनि आगजनी भएका छन्। सहरी जिल्लाका अधिकांश प्रहरी कार्यालय र मातहतका युनिट ध्वस्त बनेका छन्। प्रहरीका अनुसार ध्वस्त बनेका संरचनाको क्षति विवरण अझै संकलन हुन सकेको छैन। प्रहरी जवान उत्तम थापालाई कुटीकुटी हत्या गरिएको छ। सुरक्षाकर्मीलाई नदीमा खसालेर लघारीलघारी कुटिएको छ। उनीहरूका हतियार खोसिएको छ। नांगेझार बनाई हात उठाएर सडकमा मार्च गर्न लगाइएको छ।

भग्नावशेषमा मन्त्रीहरूको शपथ र पदभार

जलाइएका सरकारी भग्नावशेषमा उभिएर 'नयाँ नेपाल' बनाउने चुनौतीपूर्ण जिम्मेवारीमा नयाँ मन्त्री



आन्दोलनकारीले जलाएको राष्ट्रपति कार्यालयमा शपथ लिँदै नवनियुक्त तीन मन्त्री

नवराज मैनाली/नयाँ पत्रिका

सोमबार राष्ट्रपति कार्यालय शीतलनिवासमा मन्त्रीहरूले शपथ लिइरहँदा पृष्ठभूमिमा आन्दोलनकारीले जलाएको राष्ट्रपति भवनको अग्रभाग देखिन्थ्यो । जेन-जीले दुई दिनमै सत्ता पल्टाएर ताजा जनमतका लागि नयाँ सरकार गठन भइरहँदा राष्ट्रपति कार्यालयबाट आगजनी र तोडफोडको फोहोरसमेत सफा भइसकेको थिएन । त्यही भग्नावशेषमा आइतबार तीन मन्त्रीलाई शपथ गराइयो ।

शपथ लिएर मन्त्रीहरू पदभार ग्रहणका लागि सिंहदरबार पुग्दा अवस्था झन् विरक्त लाग्दो थियो । गृह मन्त्रालय पूरै जलेकाले परराष्ट्र मन्त्रालयका लागि मर्मत गरिएको नयाँ भवनमा हतार-हतार बोर्ड राखेर गृहमन्त्री ओमप्रकाश अर्याललाई शपथ गराइयो । त्यहाँ पनि अवस्था कस्तोसम्म थियो भने मन्त्रालयको गेटमा रहेको फुटेका सिसासमेत हटाउन भ्याइएको थिएन ।

ऊर्जा मन्त्रालयको अवस्था पनि त्यस्तै थियो । मन्त्रालय आधा जलेको छ । मन्त्रालयको आँगनपछि जलेका गाडीको अस्थिपन्जर मात्र थिए । त्यहीबिचबाट मन्त्रालयमा छिरेर ऊर्जामन्त्री कुलमान घिसिङले पदभार ग्रहण गरेका थिए ।

तुलनात्मक रूपमा अर्थ मन्त्रालयमा भने कम क्षति भएको छ । यद्यपि, मन्त्रालयका सवारीसाधन भने पार्किङमा जलाइएका छन् । नवनियुक्त अर्थमन्त्री रामेश्वर खनालले समस्या भए पनि यो वर्ष सवारीसाधन खरिद नगर्ने निर्णय गरेका छन् । नयाँ सरकार बनिसकेपछि सिंहदरबारको भग्नावशेष कसरी व्यवस्थापन गर्ने विषयमा छलफल सुरु हुन सकेको छैन । जसकारण देशको मुख्य प्रशासनिक केन्द्र कवाडीखानाजस्तो देखिएको छ । त्यही ठाउँमा 'नयाँ नेपाल' बनाउने चुनौतीपूर्ण जिम्मेवारी नयाँ मन्त्रीहरूलाई छ ।

■ गरम अवस्थामा नरम गृहमन्त्री

शालीन कानुन व्यवसायीको पहिचान बनाएका अधिवक्ता ओमप्रकाश अर्यालले विषम परिस्थितिमा गृह मन्त्रालयको कमान्ड सम्हालेका छन् । एकातर्फ आन्दोलनपछि अस्तव्यस्त बनेको देशको शान्तिसुरक्षालाई सामान्य अवस्थामा फर्काउने र अर्कोतर्फ शान्तिपूर्ण रूपमा ६ महिनाभित्र चुनाव गराउने महत्त्वपूर्ण जिम्मेवारी उनको काँधमा छ । यो कठिन समयमा जसरी गृहमन्त्री प्रस्तुत हुनुपर्ने त्यो उनको निर्देशनमा नदेखिएको टिप्पणी मन्त्रालयमा छ । 'उहाँ साह्रै नरम शैलीमा प्रस्तुत हुनुभयो, यसरी गृह मन्त्रालय चलाउन गाह्रो हुन्छ,' मन्त्रालयका एक पुराना कर्मचारीले भने, 'यस्तो अवस्थामा कर्मचारीदेखि प्रहरीसम्मलाई कमान्ड गर्न गृहमन्त्रीमा बोल्डनेस चाहिन्छ, त्यो उहाँमा देखिएन ।'

पूर्वगृहसचिव उमेश मैनाली प्रहरीको मनोबल उठाउनु नयाँ गृहमन्त्री अर्यालको मुख्य चुनौती भएको बताउँछन् । 'आन्दोलनमा भएको क्षतिले प्रहरीको मनोबल खस्किएको छ,' उनले भने, 'अहिलेको गृहमन्त्रीको पहिलो दायित्व भनेको प्रहरीको मनोबल उठाउने र भौचिक संरचना बनाउने हो ।'

गृह प्रशासनलाई सक्रिय बनाएर जनतालाई भयरहित बनाउनु गृहमन्त्रीका लागि चुनौती रहेको उनी बताउँछन् । 'अहिले जनताले मनोवैज्ञानिक रूपमा सुरक्षित महसुस गर्नसकेका छैनन्,' उनी भन्छन्, 'त्यसकारण प्रहरीलाई सक्रिय बनाएर व्यापक रूपमा परिचालन गरेर जनतालाई सुरक्षाको प्रत्याभूति दिनुपर्छ ।'

कर्मचारीलाई निर्देशनको क्रममा अर्यालले भने, 'आन्दोलनमा भएको बल प्रयोग र स्वन्तन्त्रता दुरुपयोग दुवैको छानबिन हुनैपर्छ ।' बल प्रयोग गर्ने प्रहरी र आन्दोलनमा अराजकता मच्चाउने दुवै पक्षलाई कारबाही गर्नुपर्ने उनको मत छ । तर, यो त्यति सहज छैन । एक उच्च सुरक्षा अधिकारी गृहमन्त्री अर्याल दोहोरो धारमा रहेको बताउँछन् । 'उहाँ आन्दोलनकारीकै बलमा मन्त्री हुनुभएकाले आन्दोलनकारीलाई गोली हान्नेमाथि एकातर्फ कारबाहीको दबाब छ,' ती अधिकारी भन्छन्, 'अर्कातर्फ आन्दोलनकारीबाट प्रहरी क्षतविक्षत भएको छ, प्रहरीको पनि मनोबल बढाउनु जरुरी छ, यस्तो अवस्थामा दुवैतर्फको सन्तुलन मिलाउन नै उहाँलाई प्रमुख चुनौती हुने देखिन्छ ।' स्रोतका अनुसार सुरक्षा निकायका अधिकारीले यस्तो अवस्थामा प्रहरीमाथि कारबाही भए प्रहरीले कामै गर्न नसक्नेतर्फ उनलाई आइतबार नै जानकारी गराइसकेका छन् ।

आन्दोलनमा भएको लुटपाट र तोडफोडको निष्पक्ष अनुसन्धान गृहमन्त्रीका लागि अर्को चुनौती छ । सरकारी भवनदेखि नेता, व्यवसायी र सर्वसाधारणका घरमा तोडफोड, लुटपाट र आगजनी भएको छ । यस्ता गतिविधिमा संलग्नमाथि अहिले कारबाही हुन नसकेमा भोलिका दिनमा आन्दोलन हुँदा यस्ता अराजक गतिविधिले प्रोत्साहन पाउने जोखिम छ । त्यसकारण, प्रहरीले आन्दोलनमा अराजकता मच्चाउनेहरूको विभिन्न माध्यमबाट फोटो र भिडियो संकलन गरी अनुसन्धान गरिरहेको छ । यस्ता गतिविधिमा संलग्न सबैलाई कारबाहीको दायरामा ल्याउनुपर्ने पक्षमा प्रहरी छ । तर, आन्दोलनकारीलाई नै कारबाही गरिएको आरोप गृहमन्त्रीमाथि लाग्न सक्ने अवस्था छ ।

'संसद् भवन भनेको लोकतन्त्रको मन्दिर हो,' एक प्रहरी अधिकारी भन्छन्, 'लोकतन्त्रको मन्दिर जलाउनेमाथि नै कारबाही गर्न उहाँ डराउनुभयो भने शान्तिसुरक्षा मात्र होइन, देशको प्रजातन्त्र पनि ओरालो लाग्छ ।'

सोमबार पदभार ग्रहणपछि कर्मचारीलाई निर्देशन दिँदै उनले शान्तिपूर्ण र निष्पक्ष रूपमा निर्वाचन गराउनु आफ्नो पहिलो दायित्व भएकाले त्यसमा लाग्नुपर्नेमा जोड दिए । त्यसका लागि उनीसँग गृह प्रशासनको अनुभव छैन । गृहमन्त्रीले सबै दलहरूलाई विश्वासमा लिएर अघि बढ्नुपर्ने भएकाले उनले त्यो राजनीतिक क्षमतासमेत देखाउनुपर्ने एक पूर्वगृहसचिव बताउँछन् । अर्कोतर्फ प्रहरी छिन्नभिन्न भएको अवस्थामा तत्कालै निर्वाचनको तयारीमा लाग्नुपर्ने अवस्था छ । यतिबेला प्रहरीसँग पोसाकसमेत छैन । तीन सयभन्दा धेरै कार्यालय क्षतिग्रस्त बनेका छन् । डिउटी गर्ने गाडी जलेका छन् । कतिपय सहकर्मी मारिएका छन् भने केहीमाथि अमानवीय व्यवहार भएको छ । यस्तो अवस्थामा प्रहरी कर्मचारीलाई तत्कालै प्रोत्साहन गरेर अघि बढ्नुपर्ने अवस्था छ ।

■ सुरक्षा प्रमुखहरूसँग लिए 'ब्रिफिङ'

नवनियुक्त गृहमन्त्री अर्यालले सोमबार नै सुरक्षा निकायका प्रमुखसँग सुरक्षा अवस्थाबारे ब्रिफिङ लिएका छन् । नेपाल प्रहरीका महानिरीक्षक चन्द्रकुबेर खापुङ, सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्याल तथा राष्ट्रिय अनुसन्धान विभागका उच्च अधिकारीसँग उनले ब्रिफिङ लिएका हुन् । जसमा उनीहरूले आन्दोलनमा भएको बल प्रयोग, प्रहरीमाथि भएको क्षति, शान्तिसुरक्षाको अवस्था र चुनौतीबारे जानकारी गराएका थिए ।

'ब्रिफिङ'मा उनीहरूले २३ भदौमा भएको आन्दोलनमा बल प्रयोगबारे पनि प्रस्ट पारेको स्रोत बताउँछ । संसद् भवन जसरी पनि जोगाउनुपर्ने भन्ने दायित्व आफूहरूको भएकाले त्यो दिन गोली चलाउनुपरेको उनीहरूको भनाइ छ । सो दिन कलिला युवामाथि गोली चलाएको आक्रोशमा भोलिपल्ट देशैभरि सर्वसाधारण उत्रिएर सरकारी कार्यालय र नेताको घर जलाएका थिए । आन्दोलनको वेग थेग्न नसकेपछि प्रधानमन्त्री केपी ओलीले राजीनामा दिएर सत्ताबाट बाहिरिनुपरेको थियो । बल प्रयोगमा संलग्न प्रहरीदेखि तत्कालीन प्रधानमन्त्री ओली तथा गृहमन्त्री रमेशमाथि कारबाहीको माग भइरहेको छ ।

प्रहरी प्रमुखहरूले भने प्रहरीको कुनै गल्ती नभएको बताएका छन् । 'ब्रिफिङ'का क्रममा ठुलो संख्यामा कैदीहरू जेलबाहिर रहेकाले सुरक्षा चुनौती रहेको जानकारी दिएका थिए । चुनावको सुरक्षा तयारीबारे पनि छलफल भएको छ ।

प्रहरीको मनोबल उठाउनु गृहमन्त्रीको अहिलेको मुख्य दायित्व हो

● **उमेश मैनाली**, पूर्वगृहसचिव



प्रहरीको मनोबल उठाउनु नयाँ गृहमन्त्रीको पहिलो प्राथमिकता हुनुपर्छ । आन्दोलनमा भएको क्षतिले प्रहरीको मनोबल खस्किएको छ । अहिलेको गृहमन्त्रीको पहिलो दायित्व भनेको प्रहरीको मनोबल उठाउने र भौतिक संरचना बनाउने हो । त्यसपछि गृह प्रशासनको संरचनालाई सक्रिय बनाएर चुनावी तयारीमा लाग्नुपर्छ ।



अधिक बल प्रयोग र स्वतन्त्रताको दुरुपयोगको छानबिन हुनैपर्छ

● **ओमप्रकाश अर्याल**, गृहमन्त्री

देशको स्थिति असामान्यबाट सामान्य हुँदै छ । अहिलेको मूल विषयवस्तु लोकतान्त्रिक प्रक्रियालाई कसरी सुचारु गर्ने भन्ने हो । राज्यको पुनर्संरचना हामीले गर्ने नै हो, अब हामीले हाम्रो व्यवहार र आचरण पुनर्संरचना गरेर अघि बढ्नुपर्ने परिस्थितिमा आइसकेका छौं । स्थिति सामान्यीकरण गर्दै स्वतन्त्र र धाँधलीरहित चुनाव गर्ने दायित्व छ । जसले विस्थापित भयौं भनेर महसुस गर्नुभएको छ, उहाँहरूले पनि निर्वाचनको परीक्षा दिएर आउने मौका छ, जसले अहिले विद्रोहबाट जित्यौं भन्नुभएको छ, उहाँहरूले कुन हदसम्म जितेको हो भन्ने एक्युरेसीका लागि पनि परीक्षा दिनैपर्छ । त्यो भनेको चुनाव नै हो । स्वतन्त्र र निष्पक्ष चुनावकै लागि यो सरकार बनेको हो । यसमा गृह प्रशासनको महत्त्वपूर्ण भूमिका छ । कानुनी शासनलाई तत्कालै फर्काउन हामी लाग्नुपर्नेछ । शान्तिसुरक्षा र मानव अधिकारमा कुनै सम्झौता गर्नुहुँदैन । बल प्रयोगको जुन मापदण्ड छ, त्यसको आधार, औचित्य, अनुपातबाहेकको अवस्थामा त्यो उचित छैन भन्ने लाग्छ । अहिले ससाना कुरामा ठुलो रूप लिएको छ । त्यसकारण यसमा हामीले ध्यान दिनुपर्छ । आन्दोलनमा जहाँ अधिक बल प्रयोग भएको छ र जहाँ स्वतन्त्रताको दुरुपयोग भएको छ, त्यसको निष्पक्ष छानबिन हुनैपर्छ । *(पदभारपछि मन्त्री अर्यालले गृह मन्त्रालयमा दिएको मन्तव्यमा संशोधित अंश)*

■ आन्दोलनमा डिएसपी भन्दै मारिए जवान थापा

गुम्यो निर्मलादेवीको सहारा, एक वर्षमै गुमाइन् दुई छोरा

कञ्चनपुरमा **मोहन विष्ट**

२४ भदौमा काठमाडौंमा भएको जेन-जी आन्दोलनमा महाराजगन्ज प्रहरी वृत्तमा कार्यरत प्रहरी जवान उत्तमसिंह थापा मारिए । आन्दोलनकारीले प्रहरीको बिट जलाएर जवान थापालाई डिएसपी भन्दै क्रूर रूपमा कुटीकुटी हत्या गरे । राष्ट्रसेवामा रहेका छोरा गुमेसँगै उनकी वृद्धा आमा निर्मलादेवी थापाले सहारा नै गुमाएकी छिन् ।

सुदूरपश्चिम प्रदेशको दार्चुलाको लेकम गाउँपालिका- ३ लाली घुम्खोलीकी निर्मलाले ११ वर्षअघि श्रीमान् हरिसिंह थापा गुमाइन् । श्रीमान् बितेपछि दुई छोराको सहारामा बाँचेकी निर्मलाको जीवनमा दशकभित्रै ठुलो बज्रपात परेको छ ।



आन्दोलनमा डिएसपी भन्दै मारिएका प्रहरी जवान उत्तमसिंह थापा आमाका साथ

गत वर्ष २१ मंसिर ०८१ मा कान्छा छोरा महेश थापा गुमाएकी निर्मलाले एक वर्ष नपुग्दै जेठो छोरो उत्तम पनि गुमाएकी छिन् । कान्छो छोरो गुमाएको नौ महिनामै जेठो छोरा उत्तमको आसमा बाँचेकी निर्मलाको सहारा जेन-जी आन्दोलनले लुटेको छ । महेशको महाकाली नदीमा धार्मिक काम सकेर घर फर्किने क्रममा भिरबाट लडेर मृत्यु भएको थियो । कान्छो छोरा गुमे पनि राष्ट्रसेवामा रहेका जेठो छोराको सहारामा बाँचेकी निर्मला यतिबेला घरका तीन सदस्य गुमेपछि विक्षिप्त अवस्थामा पुगेकी छिन् । निर्मला अहिले दार्चुलाकै घरमा छिन् ।

गाउँमै रहेको कृष्ण माध्यमिक विद्यालयबाट १२ उत्तीर्ण गरेपछि उत्तमलाई प्रहरीमै कार्यरत उनका कान्छाबाबु रूपसिंह थापाले प्रहरी तालिम केन्द्र दिपायलमा कार्यालय सहयोगीका रूपमा काममा लगाएका थिए । तीनपटकको प्रयासमा ०७३ मा प्रहरी जवान भएका थापाले आधारभूत तालिम सकेपछि उनको प्रदेश प्रहरी गुल्म धनगढीमा पोस्टिङ भएको थियो । प्रहरी जवान थापाका काका रूपसिंहले लामो समय धनगढीमा कार्यरत भतिजाको ६ महिनाअघि मात्रै काठमाडौंमा सरुवा भएको बताए ।

'दाजुको देहान्त भएपछि म र मेरो जेठोदाजु तेजसिंह थापाले उत्तम र महेशलाई हेरचाह गरेका थियौं,' उनले भने, 'कान्छो भतिजालाई नौ महिनाअघि गुमायौं, अहिले जेठो भतिजो पनि गुमाएका छौं । हाम्रो परिवारमा निरन्तर ब्रजपात भएको छ ।' दुई वर्षअघि प्रहरी नायब निरीक्षक (सइ)बाट सेवा निवृत्त भएका रूपसिंहले उत्तमलाई डिएसपी भन्दै अमानवीय रूपमा कुटीकुटी प्राण लिएका फोटो, भिडियो सार्वजनिक भएको बताउँदै यस्तो निकृष्ट अमानवीय काममा संलग्नमाथि कानुनी कारबाही र पीडित परिवारलाई न्याय दिन अपिल गरेका छन् ।

मृतक थापाका अर्का काका तेजसिंह थापाले उत्तमले ६ वर्षअघि मात्रै जोगबुढाकी पुष्पा भट्टराईसँग प्रेमविवाह गरेको बताए । 'भतिजा उत्तमको जागिर धनगढी थियो, बुहारी पनि त्यहीं बस्थिन्, ६ महिनाअघि मात्रै उनको काठमाडौं सरुवा भएको थियो । दाजु र अर्का भतिजा गुमेपछि भाउजुको सुखसयलमा राख्छु भन्थ्यो, त्यही भएर धनगढीमा १० धुर जमिन पनि किनेको थियो, तर उत्तमको सपना जेन-जी आन्दोलनले अधुरै रह्यो,' उनले भने ।

शिक्षकबाट सेवानिवृत्त भएका तेजसिंहले कान्छा भतिजाको देहान्तसँगै उनकी श्रीमती अस्मिता बोहराले पनि घर छाडेर हिँडेको बताए । 'यतिबेला हामी घरपरिवार विक्षिप्त भएका छौं, अझ ठुलो पीडा भाउजु निर्मलामा परेको छ,' उनले भने, 'हाम्रो परिवारमा परेको यो अपूरणीय क्षतिको कुनै सीमा नै छैन ।' राष्ट्रसेवामा खटिएकै क्रममा अमानवीय रूपमा क्रूर हत्या भएको बताउँदै उनले अब उत्तमको सहारामा बाँचेकी उनकी धर्मपत्नी पुष्पालाई राष्ट्रसेवा गर्न सरकारले मौका दिनुपर्ने बताए ।

उत्तमको आइतबार पशुपतिमै अन्त्येष्टि गरिएको छ । घरपरिवारको दार्चुलास्थित महाकाली नदीमा अन्त्येष्टि गर्ने चाहना भए पनि परिस्थितिले उतै अन्त्येष्टि गरिएको हो । दाहसंस्कारमा उत्तमका काका ईश्वर थापा, काकाका छोरा अमिस थापासहितका आफन्त उपस्थित थिए । उत्तमकी आमा निर्मला, उनकी पत्नी पुष्पासहित थापा परिवारले मुखै हेर्न नपाई उनको अन्त्येष्टि गरियो ।

खण्डहर बने मधेश, गण्डकी र सुदूरपश्चिमका मुख्यमन्त्री कार्यालय

जनकपुरधाममा **हरिश खुदार**, कास्कीमा **रोहितराज पराजुली**, धनगढीमा **तेजराज भट्ट** र मकवानपुरमा **पोष्टराज अधिकारी**

२४ भदौमा देशभर फैलिएको जेन-जी आन्दोलनका क्रममा सयौं सरकारी कार्यालय तोडफोड र आगजनी भए । सातै प्रदेशका स्थानीय, प्रदेश र संघीय सरकारी कार्यालय क्षतिग्रस्त बनेका छन् । आन्दोलनकारीले मधेश, गण्डकी र सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कार्यालयमा गरेको आगजनीबाट खण्डहरमा परिणत भएका छन् । कोशी र कर्णाली प्रदेशका मुख्यमन्त्री कार्यालयमा आंशिक क्षति भएको छ । बागमती प्रदेशका मुख्यमन्त्रीको कार्यालय भने जोगिएको छ ।

जेन-जी आन्दोलनका क्रममा आगजनी तथा तोडफोडका कारण अस्तव्यस्त मधेश प्रदेश सरकार शून्यबाट उठ्ने प्रयासमा छ । प्रदेश प्रमुख कार्यालयदेखि प्रदेश सभा भवनसम्ममा पूर्ण रूपमा क्षति भएको छ । प्रदेश सरकारलाई तत्काल दुईवटा ठुलो चुनौती देखिएको छ । पहिलो, जेन-जी आन्दोलनका क्रममा प्रदेश प्रमुख कार्यालयदेखि प्रदेश सभा सचिवालयको भवनमा भएको आगजनी तथा तोडफोडले पूर्ण रूपमा ध्वस्त भौतिक पूर्वाधारको वैकल्पिक व्यवस्था गरेर सरकार सञ्चालन गर्नु र अर्को जेन-जी आन्दोलनकै क्रममा मुख्यमन्त्री सतिशकुमार सिंहले राजीनामा दिएकाले नयाँ सरकार गठन गर्नुपर्नेछ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र श्रम तथा यातायात मन्त्रालय जलेर खरानी भएका छन् । भौतिक पूर्वाधार र ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयमा आगजनी तथा तोडफोड गरिए पनि अधिकांश कागजात जोगिएको छ । शिक्षा तथा सांस्कृतिक मन्त्रालय, कृषि तथा सहकारी मन्त्रालयको भवनमा आगजनी नगरिए पनि फर्निचरलगायत सामान बाहिर ल्याएर अराजक समूहले जलाएर नष्ट गरेका छन् । अर्थ, स्वास्थ्य, उद्योग, वन तथा वातारण, गृह सञ्चार तथा कानुन र खेलकुद तथा समाज कल्याण मन्त्रालयमा सामान्य क्षति भएको छ ।

मधेश भवनपरिसरमा रहेका अधिकांश सवारीसाधन जलाइएको छ । एक कर्मचारीका अनुसार मधेश भवनपरिसरभित्र रहेका सचिव तथा मन्त्रालयका ३६ वटा गाडी पूर्ण रूपमा जलेर खरानी भएका छन् । एक दर्जनभन्दाभन्दा बढी गाडीमा तोडफोड गरिएको छ । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयपरिसरभित्र रहेका ६ वटा गाडी पूर्ण रूपमा जलेका छन् । मन्त्रालयहरूको मोटसाइकल पनि जलेर नष्ट भएका छन् ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव लालबाबु कवाडीले भने, 'मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय पूर्ण रूपमा जलेर नष्ट भएको छ । बाहिरबाट भौतिक संरचनादेखि बाँकी देखिन्छ, तर भित्र बस्न सक्ने अवस्था छैन । न कुनै फर्निचर बाँकी छन्, न त कुनै कागजात नै । कोठामा भित्तहरू कालो देखिएका छन्, कुन वेला खस्छ ठेगान छैन ।'

अन्य मन्त्रालयहरूले पनि आ-आफ्ना क्षति यकिन गरिरहेका छन् । 'जुन मन्त्रालयमा आगजनी भएको छ, बस्ने अवस्था नै छैन भने ती मन्त्रालयहरूलाई वैकल्पिक व्यवस्था गरेर सेवा प्रवाह गर्न निर्देशन गरिएको छ ।



जेन-जी आन्दोलनमा ध्वस्त सुदूरपश्चिम मुख्यमन्त्रीको कार्यालय

■ गण्डकीका सय सरकारी र ७२ अन्य संरचनामा क्षति

कास्की/ आन्दोलनका कारण गण्डकी प्रदेशका ११ मध्ये ६ जिल्लामा असर परेको छ । प्रदेशका ११ मध्ये चार जिल्लाका सरकारी कार्यालय, ६ जिल्लामा निजी सम्पत्तिमा तोडफोड र आगजनी भएको गण्डकी प्रदेश प्रहरी कार्यालयले जानकारी दिएको छ । प्रदर्शनका कारण चार जिल्लाका सय सरकारी कार्यालय र ६ जिल्लामा ७२ निजी भवन, कार्यालय, व्यवसायलगायत संरचनामा क्षति पुगेको छ । सबैभन्दा धेरै असर कास्की जिल्लामा देखिएको छ । आगजनीका कारण कास्कीका ७२ सरकारी कार्यालय र २८ निजी सम्पत्तिमा क्षति पुगेको छ ।

मुख्यमन्त्री र मन्त्रीका सरकारी कार्यालय एवं निवासदेखि वडा कार्यालय, निजी घर, विभिन्न होटेलमा आगजनी र तोडफोड भएका थिए । मुख्यमन्त्री कार्यालय ध्वस्त भएको छ । मुख्यमन्त्री कार्यालयसँगै जोडिएको नवनिर्मित अर्को भवन र आवासमा पनि आगजनी गरिएको छ । प्रदर्शनकारीले पोखरा महानगरपालिकाको कार्यालयमा आगजनीपछि मेयर धनराज आचार्यको निजी घरमा पुगेर तोडफोड गरेका थिए । पार्टी कार्यालय, निजी घरदेखि उद्योगमा समेत आगजनी भएको छ ।

■ खरानी मात्र बाँकी छ सुदूरपश्चिमको मुख्यमन्त्री कार्यालयमा

धनगढी/ जेन-जीको आन्दोलनका क्रममा सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्री कार्यालय पनि आन्दोलनकारीको निसानामा पर्‍यो । मुख्यमन्त्री कार्यालय जलेर खण्डहर बनेको छ । आगजनीबाट कार्यालयको पहिलो र दोस्रो तला लगभग खरानी बनेको छ । तेस्रो तलामा पनि क्षति पुगेको छ । पहिलो तलामा रहेको मुख्यमन्त्री कमलबहादुर शाहको कार्यकक्ष पूर्ण रूपमा ध्वस्त बनेको छ । कार्यकक्षको कुनै अवशेष देखिँदैन । सोही तलामा रहेका स्वकीय सचिवालयका कर्मचारीका कार्यकक्ष पनि पूर्ण रूपमा खरानी बनेका छन् । कर्मचारीका कार्यकक्ष र बैठक कक्षसहित भुइँतलामा पनि आगजनीबाट केही बाँकी छैन । सबै जलेर नष्ट भएकाले कहाँबाट के सुरु गर्ने भन्नेमै कर्मचारी अन्योलमा छन् । 'केही पनि बाँकी रहेन । सबै जलेर नष्ट भए । सेवा सुरु गर्ने भन्ने छ, तर कहाँबाट के सुरुवात गर्ने भन्ने अन्योलमा छौं,' मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रवक्ता उपसचिव नवराज ओझाले भने । जेन-जी आन्दोलनका क्रममा जिल्ला प्रशासन कार्यालय कैलालीमा आगजनी गरिँदा करिब दुई लाख थान राष्ट्रिय परिचयपत्र जलेर नष्ट भएका छन् ।

■ बागमतीका नौ मन्त्रालयमा तोडफोड र आगजनी

मकवानपुर/ जेन-जी आन्दोलनका क्रममा बागमती प्रदेशका नौ मन्त्रालयमा तोडफोड र आगजनी भएको छ । केही मन्त्रालयमा पूर्ण र केहीमा आंशिक क्षति पुगेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसहित अन्य पाँचवटा मन्त्रालय भने जोगिएका छन् । मुख्यमन्त्री कार्यालय, उद्योग, वाणिज्य भूमि तथा प्रशासन, वन तथा वातावरण, संस्कृति तथा पर्यटन र युवा तथा खेलकुद मन्त्रालय जोगिएका छन् । आर्थिक मामिला तथा योजना, आन्तरिक मामिला तथा योजना, ऊर्जा तथा सिँचाइ, पशुपन्छी तथा कृषि, भौतिक पूर्वाधार, श्रम रोजगार तथा यातायात, स्वास्थ्य, सामाजिक र गरिबी तथा सहकारी मन्त्रालयमा भने आगजनी गरिएको छ । जेन-जीको आन्दोलनका क्रममा निसानामा परेका प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ आफैं पनि प्रदेश सरकारका प्रशासनिक संरचना हेर्न आइपुगेका छैनन् । मुख्यमन्त्री बानियाँको हेटौंडा- ५ स्थित निजीनिवास र बानियाँ निर्माण सेवाको कार्यालय तथा हेटौंडा-१९ मा रहेको उद्योग तथा कार्यालयमा आन्दोलनकारीले तोडफोड र आगजनी गरी ध्वस्त पारिदिएका छन् ।

पुनर्जागरणका लागि प्रधानन्यायाधीशलाई खुलापत्र

स्वच्छ, निष्पक्ष र सक्षम न्यायपालिका निर्माण गर्न नसकेर न्यायपालिकामाथि जनआक्रोश पोखिएको त होइन ?



● नवराज सापकोटा

अग्रलेख

युगका केही निमेष यस्ता हुन्छन्, जसले समयको गति मात्र होइन, राष्ट्रको गति र आत्मालाई समेत रुपान्तरणको मोडमा पुऱ्याउने गर्छन्। अहिलेको नेपाल त्यही किसिमको एक ऐतिहासिक मोडमा उभिएको छ। जनआक्रोश, युवाको आवाज र राज्यप्रतिको अविश्वासले एउटा मौन विस्फोटको रूप लिन पुगेको छ। विशेषतः 'जेन जी'को सक्रियतामा अहिले नेपालमा घन्किएका यी स्वरलाई बेवास्ता गर्नु भनेको आँखा चिम्लेर तुफान र आँधीको सामना गर्नुजस्तै हुन सक्छ। राजनीतिक सिद्धान्तमा 'क्रिटिकल जंक्चर' नामक एउटा अवधारणा छ। यसले एउटा ऐतिहासिक मोड भन्ने अर्थ वहन गर्छ। जुन मोडले देशको आगामी मार्गचित्र कतातिर मोडिने हो भन्ने संकेत गर्छ। जटिल परिस्थितिमा यस अवधारणाले आशाको जीवनरेखा कोर्ने गरेको विश्वका विभिन्न दृष्टान्तले पुष्टि गरेका छन्। कतिपय क्षण यस्ता हुन्छन्, जहाँ तत्कालीन समाजले जे निर्णय गर्छ, त्यसले आगामी पुस्ताको भविष्यसमेत निर्धारण गर्छ। अर्थात्, यस्तो विषम घडीमा लिइएका कतिपय निर्णयले केवल वर्तमानमा मात्र होइन, शताब्दीयौँसम्म गहन प्रभाव पार्छन्। नेपालको वर्तमान अवस्था पनि क्रिटिकल चंक्चरको चरणमा रहेको देखिन्छ। नेपालमा हालैको युवा आन्दोलन, जसमा विशेषगरी युवा पुस्ता (जेन जी) को सक्रिय संलग्नता देखियो। यसले देशको वर्तमान राज्यव्यवस्थाको कलुषित चरित्रलाई नांगो र उदांगो बनाइदिएको छ। यो आन्दोलन स्वस्फूर्त, प्रविधिमैत्री र चेतनशील छ, यसलाई केवल तत्कालीन अवस्थाको आलोचना मात्र होइन, नयाँ विकल्पको खोजी पनि हो भनेर बुझ्नुपर्ने हुन्छ। यसै परिप्रेक्ष्यमा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकामाथि पनि युवाले आक्रोश पोखेको देखियो। यही क्रिटिकल जंक्चरको अवस्थामा न्यायपालिकाबाट गरिने सुझबुझपूर्ण निर्णयले वर्तमानका लागि मात्र नभएर आगामी पुस्ताका लागिसमेत जनआस्थाले ओतप्रोत भएको स्वतन्त्र निष्पक्ष र सक्षम न्यायपालिका निर्माणमा कोसेढुंगा बन्न सक्छ।

सम्माननीय प्रधानन्यायाधीशज्यू,

नेपालको संविधानले तपाईंलाई न्यायपालिकाको सर्वोच्च संरक्षक र मार्गदर्शकका रूपमा जिम्मेवारी प्रदान गरेको छ। व्यवस्थापिका संसद्, कार्यपालिका र न्यायपालिका सरकारका तीन प्रमुख अंगमध्ये न्यायपालिका स्वतन्त्रताको पर्याय हो, जहाँ तपाईंको नेतृत्व न्याय र विश्वासको दीप प्रज्ज्वलित गर्न अनिवार्य छ। सर्वप्रथम म तपाईंको संवैधानिक र कानुनी दायित्व तथा जिम्मेवारीको सम्बन्धमा स्मरण गराउन चाहन्छु। तपाईं एक सचेत नागरिकको हिसाबले आफ्नो व्यक्तिगत जिम्मेवारीका अलावा तपाईंको प्रधानन्यायाधीशको पदीय जिम्मेवारीमा पर्ने संवैधानिक र कानुनी दायित्व निम्नानुसार देखिन्छन् :

- न्यायिक स्वतन्त्रता र निष्पक्षता सुनिश्चित गर्नु।
- सर्वोच्च अदालतको प्रशासनिक नेतृत्व र समन्वय गर्नु।
- न्यायाधीशहरूको नियुक्ति, अनुशासन र क्षमता विकासमा मार्गदर्शन गर्नु।
- न्यायिक प्रक्रियालाई पारदर्शी बनाई शीघ्रता दिनु र सबैको पहुँचमा पुऱ्याउनु।
- संविधान र कानुनको सर्वोच्चता कायम राख्दै न्यायिक प्रणालीलाई सुधार गर्नु।

जेन जीको आन्दोलनपछि आज हाम्रो न्यायपालिकाले एउटा गम्भीर संक्रमणको सामना गर्दै छ। यस्तो कठिन परिस्थितिमा तपाईंको संवैधानिक भूमिका र कर्तव्य राष्ट्रको न्यायिक स्वास्थ्यको मूल आधार र नेपालको संविधानको मर्मसमेत हो।

प्रधानन्यायाधीशज्यू,

विषयवस्तुलाई धेरै तोडमोड नगरी म वर्तमान परिस्थिति र अदालतमा भएको भौतिक क्षतिको सम्बन्धमा ध्यानाकर्षण गराउन चाहन्छु। हालैका राजनीतिक उथलपुथल र आमजनआक्रोशका कारण सर्वोच्च अदालत र देशभरिका दर्जनौँ अदालत भवनमा व्यापक रूपमा भौतिक क्षति भएको छ। सर्वोच्च अदालत र अन्य अदालतका भवनमा भएका आगजनी र तोडफोडले ती लगभग ध्वस्त भएका छन्। नेपालको न्यायिक इतिहास बोकेका गर्विला अभिलेख क्षणभरमै खरानीमा परिणत भए। न्यायको मन्दिरमा जनताका सम्पत्तिका रूपमा रहेका मुद्दाका लाखौँ मिसिल एक निमेषमा ध्वस्त भए। यो केवल संरचनाको क्षति होइन, न्यायपालिकाप्रतिको एक प्रकारको मनोवैज्ञानिक आघात पनि हो।

न्यायपालिकामा हुने निर्णयप्रति निरन्तर हुने राजनीतिक



> न्यायपालिकालाई राजनीतिक हस्तक्षेपबाट पूर्ण रूपमा मुक्त गराउने कार्यमा दृढता अपनाउनुहोस्। राजनीतिको छाया र गन्धबाट पूर्ण रूपमा मुक्त गराएर न्यायिक स्वतन्त्रता कायम गराउनुहोस्।

टीका-टिप्पणी र छायाले जनमानसमा भ्रम र असन्तुष्टि पैदा गरेको अनुमान गर्न सकिन्छ। स्वच्छ, निष्पक्ष र सक्षम न्यायपालिका निर्माण गर्न नसकेर पो जनआक्रोश र हुलदंगा न्यायपालिकामाथि पोखिएको हो कि भनेर अनुमान गर्ने तप्काहरूको संख्या पनि सामाजिक सञ्जालमा उल्लेख्य रूपमा देखियो।

सम्माननीय प्रधानन्यायाधीशज्यू

अब न्यायपालिकाको अनुहारमा लागेको विगतका दाग र धब्बाको आत्मसमीक्षा गर्नुपर्ने आवश्यकता रहेको हो कि भन्ने महसुस हुन थालेको छ। मेरो विचारमा न्यायपालिका कहिले पनि आफ्नो संवैधानिक र कानुनी दायित्वबाट विचलित भएको इतिहास छैन। यद्यपि, कुनै-कुनै निर्णय पक्षपातपूर्ण रहेको र कतिपय अवस्थामा राजनीतिक दबाबमा परेर राजनीतिक गन्धअनुसारको निर्णय भएको

> नेपालको न्यायपालिका अहिले एउटा महत्त्वपूर्ण र ऐतिहासिक मोडमा उभिएको छ। यहाँबाट सही दिशा रोजेर अघि बढ्न सके मात्र न्याय र लोकतन्त्र बलियो हुनेछ।

भनी आमसञ्चार माध्यममा प्रशस्त टीका-टिप्पणी र आलोचना पनि नभएका होइनन्। तर, ती टीका-टिप्पणी न्यायमूर्तिलाई माइन र अझ निष्पक्ष रूपमा न्यायिक निखार ल्याउन गरिएका हुन सक्छन् भनी मैले अनुमान गर्ँे। तर, सबैको अनुमान मेरो अनुमानसँग नमिल्न पनि त सक्छ। न्यायपालिकामाथि हुने गरेका टिप्पणीले केही न केही अनिष्टको संकेत त गरिरहेकै थिए। तर, विगतका यस्ता घाउलाई लुकाएर होइन, आत्मसमीक्षा गरेर मात्र न्याय चिकित्सा सम्भव छ। सच्चा न्यायपालिका कमजोरी स्विकार्न, सुधार गर्न र नयाँ युगका लागि आफूलाई पुनर्निर्माण गर्न अग्रसर हुनुपर्छ। आमनागरिकको न्यायिक स्वास्थ्य सुधारका लागि थप प्रयत्न गर्न ठोस योजना र कार्यक्रम ल्याउनु न्यायपालिकाको संवैधानिक एवं कानुनी दायित्व र जिम्मेवारी दुवै हो।

प्रधानन्यायाधीशज्यू,

स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका पुनर्निर्माण नै तपाईंको नेतृत्वबाट आमजनअपेक्षा हो। त्यसका लागि यहाँ केही सुझाव पस्किने चेष्टा गरेको छु। कृपया एकपटक ध्यान दिएर हेरिदिनुहोला र आफूलाई उचित लागेमा कार्यान्वयन पनि गर्नुहोला :

१. न्यायिक स्वतन्त्रताको रक्षा गर्नुहोस् : न्यायपालिकालाई राजनीतिक हस्तक्षेपबाट पूर्ण रूपमा मुक्त गराउने कार्यमा दृढता अपनाउनुहोस्। राजनीतिको छाया र गन्धबाट पूर्ण रूपमा मुक्त गराएर न्यायिक स्वतन्त्रता कायम गर्नुहोस्।

२. पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्नुहोस् : न्यायाधीशहरूको नियुक्ति, सरुवा र अन्य निर्णय प्रक्रियामा पारदर्शिता ल्याएर जनविश्वास अभिवृद्धि गर्न पहल गर्नुहोस्। न्यायपालिकाका कर्मचारीको सरुवा र पदस्थापनामा पारदर्शिता र निष्पक्षता कायम गर्नुहोस्।

३. न्यायिक प्रक्रिया छिटो र जनमैत्री बनाउनुहोस् : डिजिटल प्रविधिको सदुपयोग गर्दै न्यायिक प्रक्रिया शीघ्र र सरल बनाउने ठोस योजना र कार्यक्रम अघि बढाउनुहोस्।

४. न्यायाधीश र कर्मचारीको क्षमता विकासमा जोड दिनुहोस् : कर्मचारी र न्यायाधीशको उत्पादकत्व वृद्धि गरेर मात्रै गुणस्तरीय न्याय सेवा प्रदान गर्न सकिन्छ। त्यसैले निरन्तर तालिम र शिक्षाद्वारा न्यायिकस्तर उकास्नुहोस्।

५. न्यायपालिका र जनसमुदायबिचको सम्बन्ध सुदृढ बनाउनुहोस् : न्यायपालिकाको भूमिका तथा जिम्मेवारी आमनागरिकलाई बुझाउने, जनचेतना बढाउने र न्यायमा पहुँच सहज बनाउने योजना र कार्यक्रम अगाडि बढाउनुहोस्।

६. भौतिक पूर्वाधार पुनर्निर्माणमा शीघ्रता ल्याउनुहोस् : तोडफोड र आगजनी भएका अदालत भवनको ऐतिहासिकता तथा आधुनिकता दुवै पक्षलाई समेटेर पुनर्निर्माण गर्नु आवश्यक भएकाले त्यससम्बन्धी योजना र कार्यक्रम ल्याउनुहोस्।

सम्माननीय प्रधानन्यायाधीशज्यू,


नेपालको न्यायपालिका अहिले एउटा महत्त्वपूर्ण र ऐतिहासिक मोडमा उभिएको छ। यहाँबाट सही दिशा रोजेर अघि बढ्न सके मात्र न्याय र लोकतन्त्र बलियो हुनेछ। तपाईंको कुशल नेतृत्वमा न्यायपालिकामाथि प्रहार हुने गरेका विगतका दाग र धब्बा धोएर, जनताप्रति भरोसा जगाउँदै, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका रुपान्तरणमा सफलता प्राप्त हुनेछ भन्ने हामी सबैको विश्वास छ। न्यायको दीप र प्रकाशले प्रत्येक नागरिकको जीवनमा उज्यालो फैलियोस् भन्ने अपेक्षासहित यो खुलापत्र पेस गरेको छु।

(सापकोटा विशेष अदालतका शाखा अधिकृत हुन्)

---

३ प्रश्न

उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष **माधव तिमल्सिना**लाई



जेन-जी आन्दोलन सकिनासाथ तरकारीको भाउ बढ्यो नि ?

प्रत्येक विपत्मा मौका छोपेर उपभोग्य वस्तु तथा तरकारीको भाउ बढ्नु हामीकहाँ अब नौलो रहेन। बजारमा सधैँ यस्तै अप्ठ्यारो समयमा गैरव्यावसायिक क्रियाकलापबाट नाफा आर्जन गर्ने प्रवृत्ति निकै बढेको छ। तरकारीको भाउवृद्धि पनि त्यसैको निरन्तरता हो। यो मूल्यवृद्धि तरकारी व्यवसायीको गैरजिम्मेवारीको पराकाष्ठा हो।

अहिले देशमा नागरिक सरकार छ, उसले बजारमा हस्तक्षेप गरेर मूल्य घटाउन सक्दैन ?

हो, यसपालि देशमा नागरिकको चाहनाअनुसारको सरकार बनेको छ। यो सरकारसित लोभलालच र आफ्नो-पराई कोही नभनी कारबाही गर्ने सामर्थ्य पनि छ। त्यसैले, कृत्रिम मूल्यवृद्धि गर्ने व्यवसायीलाई सरकारले छानीछानी कारबाही गर्नुपर्छ। अहिले भइरहेको तरकारीको भाउवृद्धि तत्कालै घटाउने गरी सरकारले हस्तक्षेपकारी कदम चाल्नुपर्छ। उसको यस्तो कदमले आमजनतामा सरकारप्रतिको विश्वास र भरोसा थप बलियो हुन सक्छ।

अनुगमनकारी वाणिज्य विभागको भूमिका पनि यो वेला सशक्त हुनुपर्ने होइन र ?

वाणिज्य विभागले लामो समयदेखि बजारमा प्रभावकारी अनुगमन गर्न सकेको छैन। अहिले नागरिक सरकार आएका वेला वाणिज्यले अनुगमनलाई तीव्रता दिने गरी काम थाल्नुपर्छ। तरकारीसँग दसैँ, तिहार, छठजस्ता ठुला पर्वको समयमा हुन सक्ने अन्य वस्तु तथा सेवाको मूल्यवृद्धि नियन्त्रण गर्ने कार्ययोजना बनाएर लागू गर्नुपर्छ। यसमा सरकार चुक्यो भने एकातिर आमउपभोक्ता महँगीको मारमा पर्नेछन् भने अर्कातिर नागरिक सरकारप्रति जनताको विश्वास कमजोर हुन सक्छ। सरकार भर्खर गठन भएको छ। त्यसले अझै पूर्णता पाइसकेको छैन। सायद, बिस्तारै सरकारको ध्यान यस्ता दैनन्दिन समस्यातिर जाला बजारलाई अनुशासित बनाउने कदम चालिएला कि ?

प्रेरक प्रसंग

कुन हो सबैभन्दा ठुलो समस्या ?

एक सन्त मानिसको भिडभाडदेखि केही टाढा एकान्तमा जीवनका बाँकी दिन ईश्वरको भक्तिमा लगाउन चाहन्थे। त्यसैले, उनले उच्च हिमालको काखमा रहेको एक गुफालाई आफ्नो साधनास्थल बनाएका थिए। तर, उनको प्रसिद्धिले गर्दा उनका भक्तजन कठिन बाटो पार गरेर उनको आश्रम खोज्दै त्यहाँ पनि पुगे। उनीहरू आआफ्ना समस्याको समाधानको सूत्र सन्तबाट प्राप्त हुने आसमा थिए।

उनीहरूलाई सन्तले केही दिन प्रतीक्षा गर्न लगाए। बिस्तारै दुई दिनमै गुफामा पाइला राख्ने ठाउँसमेत बाँकी नरहने गरी मानिसको भिड लाग्यो। तेस्रो दिनमा सन्तले भने- यहाँबाट गइसकेपछि अर्को कसैलाई पनि यहाँको बाटो नबनाउने सर्तमा आज म तपाईंहरूका सबै प्रश्नको उत्तर दिन्छु। किनकि, अब म एकान्तमा भगवान्को भक्तिमा समर्पित हुन चाहन्छु। सबैले सन्तको प्रस्ताव मन्जुर गरे।

सन्तले भने- अब सबैले पालैपालो आआफ्नो प्रश्न राख्नुहोस्। सन्तको आदेश पाउनासाथ एक भक्तजनले आफ्नो समस्या सुनाउन थाले। तर, बिचमै अर्को कसैले आफ्नो समस्या सुनाउन थाल्यो। यसो गर्दागर्दै सबै एकैसाथ बोल्न थाले। सन्तले सबैलाई शान्त रहन संकेत गरे। सबै शान्त भइसकेपछि उनले सबैलाई एउटा-एउटा सिसाकलम र कागजको टुक्रा दिँदै आआफ्नो समस्या लेख्न लगाए।

सबैले आआफ्नो समस्या कागजमा लेखेर सन्तलाई दिए। सन्तले सबै कागजलाई एउटा टोकरीमा राखेर मिसाए। त्यसपछि उनले भने- अब यो टोकरीबाट एउटा कुनै कागज निकालेर त्यसमा लेखिएको समस्या पढ्नुहोस् र त्यस समस्यालाई आफ्नो समस्यासित साट्न चाहनुहुन्छ कि हुँदैन, भन्नुहोस्। सबैले एकएक कागज उठाए र पढे। तर, कोही पनि आफ्नो समस्यासित त्यसलाई साट्न तयार देखिएनन्। सबैले आफ्नो समस्या जतिसुकै ठुलो भए पनि अरूको समस्याजति ठुलो नभएको महसुस गरे।

दुई घण्टापछि आआफ्नो समस्या लेखिएको कागज हातमा लिएर सबै खुसीसाथ सन्तको आश्रमबाट बिदा भए। आफ्नो समस्या अरूको जति ठुलो नभएको थाहा पाएर उनीहरू निकै खुसी थिए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

नयाँ सरकारलाई केही सुझाव

जेन-जीको उथलपुथलकारी विद्रोहपछि पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा नयाँ सरकार बनेको छ। हाल चार सदस्यीय रहेको मन्त्रिपरिषद्ले विद्रोहको भावनासमेत समेटेर छिटै पूर्णता पाओस्, शुभकामना छ। देश निर्माणको दिशामा सफल हुन यो सरकारले निम्न बुँदामा ध्यान दिन जरुरी छ :

१. ध्वस्त पारिएका संरचनाको पुनर्निर्माण, २. घोषित २१ फागुनमा निर्वाचन सम्भव छैन। त्यसैले, निर्वाचन आगामी ०८४ मै गर्नुपर्छ। यसो गरेमा नयाँ खुल्ने दलले प्रचारप्रसारका लागि समेत समय पाउनेछन्। अन्यथा, २१ फागुनमै निर्वाचन गर्दा पुरानै दल र नेताले फाइदा उठाउनेछन्। ३. वैदेशिक रोजगारीमा जान चाहने युवालाई सहुलियतपूर्ण ब्याजमा बैंकबाट सहज कर्जा प्रवाह गर्ने व्यवस्था हुनुपर्छ। ४. वैदेशिक रोजगारीमा जाने युवाको बिमा एकद्वार प्रणालीमार्फत हुनुपर्छ। ५. छुवाछुतमुक्त राष्ट्र बनाउन अत्यन्त कडा कानुन निर्माण गरी कडाइसाथ लागु गराउनुपर्छ। ६. कृषकलाई सहुलियत दिई कृषि क्षेत्रको विकासमा सहयोग गर्नुपर्छ।

● **बद्री खतिवडा**, काठमाडौं

नवनियुक्त मन्त्रीलाई शुभकामना



पर्खिनुपर्ने रहेछ, सबैको पालो आउने रहेछ। राम्रो गर्नेको सधैँ राम्रै हुन्छ। समयको खेल हो। समयजति बलवान् अरू केही छैन। राम्रो गर्दागर्दै कसैलाई तपाईं पेल्नुहुन्छ भने सम्झनुस्, समयले तपाईंलाई ठेगान लगाउनेछ। प्रधानमन्त्री र मन्त्रीहरूले राम्रो काम गर्नू, सफल कार्यकालको धेरै धेरै शुभकामना !

● **शंकर बोहरा**

विज्ञ र बौद्धिक पात्रहरू, इमानदार, नैतिकवान् भएर काम गर्नुहोला। शुभकामना !

● **तुलानन्द साह**

कुलमान, खनाल र आर्याल उत्कृष्ट हुनुहुन्छ। अर्याल विगतमा जे-जस्तो भए पनि हिन्दु धर्म बचाउने तपाईंको पनि कर्तव्य हो है।

● **श्याम कार्की**

होइन, कस्तो नैतिकता हो यो ? संसद् विघटनविरुद्ध सर्वोच्चमा मुद्दा हालेर संसद् पुनर्स्थापना गराउने व्यक्ति नै अहिले संसद् विघटन गर्न लगाएर त्यही अन्तरिम सरकारको गृह र कानुनमन्त्री ! वाह रे वाह !

● **केशवप्रसाद भट्ट**

आदरणीय कुलमान घिसिङ दाजुको म ठुलो शुभचिन्तक हुँ। तर, अन्तरिम सरकारमा उहाँले सम्हाल्ने ऊर्जा मन्त्रालय र ऊर्जामन्त्रीको कामचाहिँ के हुन्छ ? संसद्विनाको ऊर्जामन्त्री कामविहीन त हुनुहुन्न ? एक प्रतिष्ठित व्यक्तिको चिरहरण नहोस्।

● **शंकर लामिछाने**

राम्रा व्यक्ति छन्, तर कर्मचारीको भ्रष्टाचारतिर पनि ध्यानाकर्षण होस्। किनकि, कर्मचारी नै हुन्, नेतालाई भ्रष्टाचार गर्न सिकाउने र सुटकेसमा पैसा बोकेर पद लिने। यसबारे राम्रो ज्ञान भएकाले राम्रोसित काम गर्नुहोला !

● **शिव क्षेत्री**

अहिलेलाई कसैले विरोध नगरी केहि समय यिनीहरूको काम हेर्ौं। कामै गर्न नपाई विरोध गर्नु जायज होइन। तर, जेन-जी पुस्ताका अब्बल केही युवाको पनि यो सरकारमा प्रतिनिधित्व गराउनुपर्छ। उनीहरूकै बलमा यो सरकार बनेको हो। योगदानलाई भुल्नुहुँदैन।

● **भुवन श्रेष्ठ**

कर्मचारीतन्त्रमा व्याप्त भ्रष्टाचारलाई पहिलो प्राथमिकतामा राख्नुहोला। जनता आजित छन्। हरेक सरकारी काम विनापैसा गर्दैनन्। यो विषय गम्भीरतापूर्वक सम्बोधन होस्। हामी आस गरेर कुरिरहेका छौं।

● **पुष्कर कुँवर**

(नयाँ पत्रिका फेसबुकबाट

जनविद्रोहको लहरले भारतीय स्वार्थमा धक्का

एक वर्षभित्रै आफ्ना दुई छिमेकी बंगलादेश र नेपालमा भएको जनविद्रोहले दिल्लीलाई गम्भीर ठेस पुऱ्याएको छ



देश / विदेश

● आशुतोष भारद्वाज

पछिल्लो एक वर्षमै दुईवटा दक्षिण एसियाली देश जनविद्रोहबाट गुज्रिए। बंगलादेश र नेपाल दुई भिन्न राजनीति, इतिहास र समाज भएका देश हुन्। तर, दुवै देश भ्रष्टाचार र राजनीतिज्ञको अहंकारले खोक्रो बनेका थिए। लोकतन्त्र कमजोर बनेको थियो। निर्वाचित नेताले शासनमार्फत न त विश्वसनीयता हासिल गर्न सकेका थिए, न आमआक्रोशलाई सम्बोधन गर्न सकेका थिए। यसले सरकारविरुद्ध विद्रोह उठ्यो। व्यापक उथलपुथल भयो। सतहमा, दुई देशको राजनीतिमा उलेख्य समानता देखिन्छ। तर, गहिरिएर हेर्दा देखिने उनीहरूबिचको मूल भिन्नतालेयी देशको भविष्य र भारतसँगको सम्बन्ध निर्धारण गर्न सक्छ।

बंगलादेशमा आमजनताको आक्रोश अबामी लिग नेतृत्वको सरकारप्रति लक्षित थियो। विरोध तीव्र बन्दै जाँदा पहिले व्यापक दमनमा उत्रिएका शासक भाग्न विवश भए। दशकौँसम्म बंगलादेशी राजनीतिकी अटल खम्बा मानिएकी सेख हसिना आफैँ भारत पलायन भइन्। यता नेपालमा क्रोध बंगलादेशको भन्दा व्यापक देखिन्छ। भिडले सडक कब्जा गरेर राज्यका प्रमुख निकायमाथि आक्रमण गर्दा कुनै एउटा मात्र पार्टी नभई शासक वर्गको ठुलो हिस्सा ज्यान जोगाउनका लागि लुक्न बाध्य भयो।

बंगलादेशमा विरोध प्रदर्शन हप्तौँ लम्बिएको थियो। सरकारले प्रदर्शन दबाउन ठुलो प्रयास गऱ्यो। तर, दमनले विरोध दब्नुको सट्टा ढाकाको सडकसम्म फैलिएपछि सरकार हतास भएको थियो। उता, नेपालमा उठेको आक्रोशको आगो यति ठुलो थियो कि दुई दिनमै यसले सत्ता पल्टाइदियो। तथापि, पारदर्शी शासनको माग राखेर विरोधमा उत्रिएका नेपाली 'जेन-जी' आन्दोलनमा ठुलो घुसपैठको आशंका छ। मूल रूपमा सरकारी भवनमा भएको आगजनी र लुटपाटमा माओवादी दल, राजतन्त्रवादी र हिन्दुत्व तत्त्व संलग्न भएको मानिएको छ।

बंगलादेशमा विद्रोहले सिर्जना गरेको रिक्तता इस्लामिक समूह सबल हुने अवसर बन्न पुग्यो। हसिनाको शासनमा दबाइएका इस्लामिक समूह तीव्र गतिमा अघि आए। हसिनाको शासनलाई भारतको बलियो समर्थन रहेको भन्ने आमबुझाइ यी समूहको उयदमा थप सहभागी बन्यो। बंगलादेशी स्वतन्त्रता संग्रामको समयमा पाकिस्तानी सेनाको पक्षमा उभिएको जमात-ए-इस्लामी भारतविरोधी दल मानिन्छ। विद्रोहपछि सिर्जित अनिश्चितितामा सबैभन्दा ठुलो पुनरोत्थान पनि यही समूहमा भएको छ।

जमात-ए-इस्लामीको विद्यार्थी समूहले हालै ढाका विश्वविद्यालयमा सम्पन्न 'स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)' का लागि भएको चुनावमा जित हासिल गऱ्यो। बंगलादेशको इतिहासमा पहिलोपटक सो पार्टीले यस्तो सफलता पाएको हो। बंगलादेशमा अर्को वर्ष (फेब्रुअरी २०२६) हुने निर्वाचनमा खालिदा जिया नेतृत्वको 'बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी)' पहिलो र जमात-ए-इस्लामी दोस्रो ठुलो दलका रूपमा आउने प्रक्षेपण भइरहेको छ।

नेपालमा भने अस्थिरताको लाभ उठाउन सक्ने बलिया अतिवादी पार्टी छैनन्। सन् २०१५ मा नरेन्द्र मोदी सरकारले लागू गरेको अनौपचारिक नाकाबन्दीको अप्रिय सम्झनाका बाबजुद त्यहाँ संगठित रूपमा बलियो 'भारतविरोधी' दलको उपस्थिति छैन। निश्चित रूपमा राजालाई पुनरुत्थान गर्न खोज्ने राजतन्त्रवादीले अस्थिरताको फाइदा उठाउन खोजेको देखियो। यो समूहलाई वर्षौंदेखि सीमापारिबाट राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) को गतिविधिबाट प्रेरित हिन्दुत्व शक्तिको साथ छ। तिनकै साथमा देखिए, दक्षिणपन्थी उद्यमी दुर्गा प्रसाईं। कुनै समय माओवादी, एमालेलगायत दलसँग जोडिएका प्रसाईंले अहिले आफूलाई हिन्दु पुनरुत्थानवादीका रूपमा



फोटो : बायाँ नेपालको विद्रोह (एप/पिटिआई) दायाँ बंगलादेशको विरोध (नजरुल इस्लाम)

स्थापित गरेका छन्। यी सबै शक्ति संविधान नै फाल्न चाहन्छन्। तर, नेपालका जेन-जी समूहका नेताले यी समूहको लाभ लिने प्रयासलाई केही हदसम्म निस्तेज बनाइदिए। विद्रोहपछि राजनीतिक निकास खोज्न त्रिपक्षीय वार्ता भइरहँदा प्रसाईं कोठामा प्रवेश गर्नेबित्तिकै 'जेन-जी' आन्दोलनकारीको एक समूहका प्रतिनिधि वार्ता छाडेर बाहिरिएका थिए। प्रसाईं सहभागी भइन्जेल वार्ताले सफलता हासिल गर्न सकेन। जेन-जी समूहका प्रतिनिधिले प्रसाईंलाई अवसरवादी नेता भन्दै विरोध गरे। बंगलादेशमा, जमात-ए-इस्लामीले संविधान संशोधन गरेर समानुपातिक निर्वाचन प्रणालीका आधारमा निर्वाचन हुनुपर्ने माग राखिरहेको छ। यो प्रणाली लागू भए आफ्नो दलले थप धेरै सिट जित्न सक्ने तिनको विश्वास छ। अर्कोतर्फ नेपालको लडाइँ भने संविधानको रक्षा गर्नका लागि भएको हो। लामो प्रयासपछि सन् २०१५ मा बनेको नेपालको संविधानले प्रगतिशील र समावेशी राजनीतिको जग हालेको छ। सो संविधान लागू भएपछि राजतन्त्रको अन्त्यले औपचारिकता हासिल गऱ्यो। धर्मनिरपेक्षता स्थापित भयो। संघीयता र अल्पसंख्यक जातजातिका अधिकार कार्यान्वयन गरिए। नेपालको 'जेन-जी विद्रोह' भ्रष्टाचार र कुशासनविरुद्ध उठेको थियो। आन्दोलनको ठुलो हिस्सा संविधानको रक्षा गर्न चाहन्छ, भत्काउन होइन।

दिल्लीको हकमा छिमेकमा देखिएको यी दुवै संकटले उसलाई ठेस पुऱ्याएको छ। भारतले धेरै लामो समयसम्म हसिनालाई समर्थन गऱ्यो। त्यस्तै काठमाडौंमा पनि नयाँदिल्लीले आफ्ना नजिकका मित्र गुमाएको छ। बंगलादेशप्रति भारतको दृष्टिकोण यसका नेताले सो देश र यसका नागरिकविरुद्ध प्रयोग गरेका घृणित टिप्पणीले स्पष्ट गर्छ। आरएसएसले नेपालमा 'हिन्दु' राजतन्त्र पुनर्स्थापित गर्ने आफ्नो इच्छालाई लुकाएको छैन। सायद यही कारणले गर्दा हाल नेपालबाट रिपोर्टिङ गरिरहेका भारतीय टिभी एंकरसमेत आन्दोलनकारीको निसानामा परे। काठमाडौंको सडकमा भाजपानजिक ठानिने भारतीय मिडियाप्रति जसरी गालीगलोज गरिँदै छ, त्यसले नेपालको नयाँ व्यवस्थाले नयाँदिल्लीको कुनै पनि निर्देशनात्मक दृष्टिकोणलाई स्विकार्नेछैन भन्ने संकेत गर्छ।

(पत्रकार आशुतोष आख्यान लेखक तथा साहित्य समालोचक पनि हुन्)
द वायरबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

उत्तर कोरियालाई आणविक शक्ति राष्ट्रको मान्यता दिएको हो चीनले ?

उत्तर कोरियाली नेता किम जोङ उनको नेतृत्वमा प्योङ्याङले गोप्य रूपमा आणविक र क्षेप्यास्त्र कार्यक्रमलाई तीव्र पारेको छ



● नेक्टार ग्यान



● युनजङ सिओ

ग्यान हङकङस्थित सिएनएन इन्टरनेसनलकी शीर्ष न्युज डेक्स रिपोर्टर हुन् भने सिओ सिएनएनकी सियोल ब्युरोकी कार्यक्रम निर्माता हुन् ।

चीनको ८०औँ विजय दिवसका अवसरमा राजधानी बेइजिङमा आयोजना भएको विशाल सैन्य परेडमा विश्वका दुई दर्जनभन्दा बढी देशका नेता सहभागी थिए । तीमध्ये कसैले पनि किम जोङ उनले जस्तो महत्त्वपूर्ण कूटनीतिक लाभ हासिल गरेनन् । परेडमा किम चिनियाँ राष्ट्रपति सी जिनपिङ र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग काँधमा काँध मिलाएर उभिएको देखियो । परेडबाट बाहिरिएका किमको तस्बिरले पश्चिमी विश्वलाई उत्तर कोरिया तिनले चाहेजस्तो विश्वमञ्चमा एक्लो नभएको, दुई शक्तिशाली छिमेकको साथमा रहेको सन्देश दियो ।

परेडको साइडलाइनमा किमले बेइजिङमा पुटिनसँग भेटघाट गरे । भेटमा रुसी राष्ट्रपतिले युक्रेनसँगको युद्धमा उत्तर कोरियाली सेनाको बलिदानलाई 'कहिल्यै नबिर्सने' वाचा गरे । त्यस्तै, बेइजिङमै किम र सीबिच ६ वर्षपछि पहिलो शिखर भेटवार्ता भयो । मस्कोसँग प्योङ्याङको बढ्दो सैन्य गठबन्धनले चीनमा असहजता देखिएको समयमा भएको यस भेटले किमको चीनसँगको सम्बन्ध पुनर्स्थापित भयो । किमका लागि सीले चिनियाँ राजनीतिक शक्तिको मुटुमा मानिने 'झोङ्नान्हाई'स्थित आफ्नो निवासमा विशेष भोज आयोजना गरे । त्यो सम्मान परेडमा उपस्थित २६ विदेशी पाहुनामध्ये पुटिन र किमलाई मात्र दिइएको थियो । बेइजिङ र मस्कोबाट लामो समयदेखि कनिष्ठ साझेदारको व्यवहार व्यहोरेका किमले अहिले दुवैबाट उच्च सम्मान पाए ।

पछिल्लो चीन भ्रमणका क्रममा किमले हासिल गरेको सबैभन्दा परिणाममुखी जित, बाहिर भनिएकोभन्दा भेटवार्तापछि नभनिएको कुराले संकेत गरेको छ । सी-किम शिखर भेटवार्तापछि बेइजिङले जारी गरेको आधिकारिक 'रिडआउट'मा पहिलोपटक कोरियाली प्रायद्वीपको आणविक निःशस्त्रीकरणको विषय उल्लेख थिएन । जबकि, सन् २०१८ र २०१९ बिचमा दुई नेताबिच पाँच शिखर भेटवार्ता हुँदा सबैमा यसको उल्लेख थियो । अहिलेको भाषा तीभन्दा बिलकुल भिन्न रह्यो ।



> विश्लेषकका अनुसार कोरियाली प्रायद्वीपको आणविक निःशस्त्रीकरणप्रति बेइजिङको मौनताले लामो समयदेखि किमले खोजेको कुरा प्राप्त भएको संकेत गर्छ । किमले उत्तर कोरियालाई आणविक शक्तिको रूपमा चीनको स्वीकृति खोज्दै आएका थिए । अहिले चीनले त्यसलाई मौन स्वीकृति दिएजस्तो छ ।

विश्लेषकका अनुसार कोरियाली प्रायद्वीपको आणविक निःशस्त्रीकरणप्रति बेइजिङको मौनताले लामो समयदेखि किमले खोजेको कुरा प्राप्त भएको संकेत गर्छ । किमले उत्तर कोरियालाई आणविक शक्तिको रूपमा चीनको स्वीकृति खोज्दै आएका थिए । अहिले चीनले त्यसलाई मौन स्वीकृति दिएजस्तो छ । किमको नेतृत्वमा प्योङ्याङले गोप्य रूपमा आणविक र क्षेप्यास्त्र कार्यक्रमलाई तीव्र पारेको थियो ।

कोरियाली प्रायद्वीपको आणविक निःशस्त्रीकरणलाई लामो समयदेखि समर्थन गर्दै आएको बेइजिङको पछिल्लो परिवर्तन आश्चर्यजनक बदलाब हुनेछ । 'सी-किम बैठकको आधिकारिक रिडआउटमा आणविक निःशस्त्रीकरणको लक्ष्यको अनुपस्थितिले कोरियाली प्रायद्वीपमा चीनको दीर्घकालीन नीतिमा महत्त्वपूर्ण परिवर्तन आएको संकेत गर्छ,' टोङ झाओले भने, 'जो कार्नेगी एन्डोमेन्ट फर इन्टरनेसनल पिसका वरिष्ठ फेलो हुन्, 'अनिच्छापूर्वक नै सही उत्तर कोरियाको सबैभन्दा शक्तिशाली सहयोगीले आणविकमुक्त कोरियाली प्रायद्वीपको लक्ष्य त्यागेको छ ।'

'बेइजिङको मौन स्वीकृतिले उत्तर कोरियालाई आफ्नो आणविक कार्यक्रमलाई निरन्तरता दिने औचित्य प्राप्त भएको छ,' सियोलको क्युङ्नाम विश्वविद्यालयका सुदूरपूर्वी अध्ययन संस्थानका प्राध्यापक लिम युल चुलले भने । दुई नेताले अन्तर्राष्ट्रिय परिस्थितिजस्तै बदलिए पनि सम्बन्धलाई बलियो बनाउने वाचा गरेको पनि युल चुलले भने ।

सियोलस्थित 'युनिभर्सिटी अफ नर्थ कोरिया स्टडिज'का प्राध्यापक याङ मु-जिनका अनुसार बेइजिङको 'विजय दिवस' परेडको सबैभन्दा ठुलो विजेता किम देखिएका छन् । 'बेइजिङ गएदेखि किमको अन्तर्राष्ट्रिय हैसियत हवात्तै उचालिएको छ । आर्थिक सहयोगमार्फत चीनसँग पुनर्स्थापित सम्बन्धलाई उनले भविष्यमा अमेरिकासँग हुन सक्ने वार्तामा मोलमोलाइका लागि प्रयोग गर्न सक्छन्,' मु-जिनले भने । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उत्तर कोरियाली नेतासँग पुनः वार्ताको इच्छा देखाएका छन् । ट्रम्पले पहिलो कार्यकालमा आणविक निःशस्त्रीकरण सम्झौता गर्ने असफल प्रयास गरेका थिए । तर, तत्कालका लागि अमेरिकी राष्ट्रपति युक्रेन, मध्यपूर्वलगायत विभिन्न गम्भीर वैदेशिक मुद्दाले घेरिएकाले थप अर्को क्षेत्रमा फस्ने सम्भावना भने न्यून छ ।

उत्तर कोरियाको मुख्य सहयोगी र आर्थिक जीवनरेखा मानिने चीन लामो समयसम्म प्योङ्याङको आणविक महत्त्वाकांक्षालाई नियन्त्रण गर्ने विश्वव्यापी प्रयासमा सामेल रहयो । अझ बेइजिङ यस प्रयासको केन्द्रबिन्दुमै थियो । यस उद्देश्यमा कहिलेकाहीँ चीन र संयुक्त राज्य अमेरिकाले मिलेर काम गर्थे । धेरै अवसरमा चीनले संयुक्त राष्ट्र संघमा उत्तर कोरियाको आणविक कार्यक्रमविरुद्ध हुने मतदान पश्चिम देशसँगै उभिने गरेको छ । तर, अमेरिका-चीन सम्बन्ध बिग्रँदै जाँदा बेइजिङले उत्तर कोरियाको आणविक महत्त्वाकांक्षालाई रोक्ने प्रयास घटाएजस्तो छ । युक्रेन युद्ध सुरु भएपछि पश्चिमी प्रतिबन्धबिच आणविक अप्रसारको कट्टर समर्थक रुसले पनि त्यस्तै कदम चालेको देखिएको छ ।

उत्तर कोरियाले ब्यालेस्टिक मिसाइल प्रक्षेपण बढाइरहेको समयमा सन् २०२२ मा संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्मा अमेरिकाले प्योङ्याङविरुद्ध थप प्रतिबन्धको प्रस्ताव ल्याएको थियो । त्यस प्रस्तावविरुद्ध चीन र रुसले संयुक्त रूपमा भिटो प्रयोग गरे । चीनले अन्तिमपटक सन् २०२४ मा जापान र दक्षिण कोरियासँगको त्रिपक्षीय शिखर सम्मेलनपछि जारी संयुक्त वक्तव्यमा कोरियाली प्रायद्वीप आणविकमुक्त हुनुपर्ने प्रतिबद्धता जनाएको थियो । प्योङ्याङले संयुक्त घोषणालाई 'गम्भीर राजनीतिक उत्तेजना' भन्दै आफ्नो सार्वभौमसत्ताको उल्लंघनको रूपमा व्याख्या गरेका थियो । त्यसयता, बेइजिङले प्रायद्वीपको आणविक निःशस्त्रीकरण आधिकारिक बयान वा कागजातमा उल्लेख गर्न छाडेको 'कार्नेगी इन्डमेन्ट फर इन्टरनेसनल पिस'का झाओले औँल्याए ।


यसबिच, गत वर्ष रुस र उत्तर कोरियाबिच पारस्परिक रक्षा सन्धिमा हस्ताक्षर भयो । दुई देशबिच बढ्दो सैन्य-सम्बन्धले चीन चिन्तित बनेको छ । उत्तर कोरियाली हतियार र सेनाको बदलामा पुटिनले प्योङ्याङको क्षेप्यास्त्र प्रविधि र आणविक हतियार वितरण प्रणाली विकासमा सहयोग गर्न सक्ने प्रक्षेपण छ । रुसी अधिकारीले सार्वजनिक रूपमै करिब-करिब उत्तर कोरियाको आणविक कार्यक्रमलाई खुला समर्थन गर्न थालेका छन् । गत सेप्टेम्बरमा रुसी विदेशमन्त्री सर्गेई लाभरोभले रुसका लागि उत्तर कोरियाको आणविक निःशस्त्रीकरणको विषय अब 'टुंगिएको मुद्दा' भएको बताए । प्योङ्याङको आणविक हतियारमाथिको निर्भरतालाई आफ्नो अस्तित्व रक्षाको आधारको रूपमा बुझेको उनले बताएका थिए । जुलाईमा लाभरोभले एक कदम अगाडि बढेर रुसले उत्तर कोरियाको आणविक महत्त्वाकांक्षालाई 'सम्मान' गर्ने टिप्पणी गरे ।

उत्तर कोरियाली आणविक कार्यक्रमलाई लिएर बेइजिङ मस्कोजत्ति अगाडि बढिसकेको छैन । तर, आणविक निःशस्त्रीकरणको लक्ष्यको मौन परित्यागमार्फत बेइजिङले सूक्ष्म तर परिणाममुखी परिवर्तनको संकेत गरेको छ । यसले चीन-उत्तर कोरिया घनिष्ठताको ढोका खोल्न सक्छ । साथै, रुस, चीन र उत्तर कोरियाबिचको त्रिपक्षीय सहयोगलाई गति दिन सक्ने पनि झाओले भने । उत्तर कोरियाको आणविक हैसियतलाई लिएर चीनको मौन स्वीकृतिलाई ट्रम्प प्रशासनको सहयोगी देशमा आणविक प्रसार स्वीकार गर्ने प्रयासले पनि प्रेरित गरेको हुन सक्छ । 'ओकस' नामक कार्यक्रममार्फत अमेरिका र बेलायतले अस्ट्रेलियालाई आणविक शक्तियुक्त पनडुब्बी निर्माण गर्न सहयोग गर्दै छन् । बेइजिङले 'ओकस'को नाममा आणविक हतियार सामग्री स्थानान्तरण गर्ने प्रयास भएको भन्दै आलोचना गरेको छ ।

सिएनएनबाट

इतिहासमा आज

सेप्टेम्बर १६



सन् १९७८ : इरानमा आएको शक्तिशाली भूकम्पमा ठुलो जनधनको क्षति भयो । ७.७ रेक्टरस्केलको सो भूकम्पमा परेर ११ हजार मानिसको मृत्यु भएको थियो भने करोडौँ डलर रकम क्षति भएको थियो ।

सन् १९०८ : मिसिगनमा विलियम सी डुरेन्ट र चार्ल्स स्टिवार्ट मोटले स्थापना गरेको मोटर्स कर्पोरेसन ट्रक र कार निर्माणमा अहिलेसम्मकै ठुलो कम्पनी हो । जिएम नामले समेत चिनिने सो कम्पनीले विक, क्यादिलेस, सिभरोलेट, पोन्टायस र हमर ब्रान्डका कार निर्माण गरेको छ ।

सन् १९२० : न्युयोर्कको वालस्ट्रिटमा अज्ञात समूहले बम विस्फोट गराउँदा कम्तीमा ३८ जनाको मृत्यु भएको थियो । बम विस्फोट अझै पनि रहस्यमय छ ।

सन् १९६३ : सबाह, सरवाक र सिंगापुरसँग मलेसिया महासंघ एकीकृत गरेर सिंगापुर गठन गरिएको थियो । दुई वर्षपछि सिंगापुर अलग भएको थियो ।

सन् १९८२ : दक्षिणपन्थी लेबनानी लडाकुले राजधानी बेरुतमा रहेका दुइटा शरणार्थी शिविरका तीन हजार शरणार्थीको हत्या गरेका थिए । दुइटा शिविरमा रहेका प्यालेस्टेनी शरणार्थीलाई लेबनानी क्रिस्चियन फलांगिस्ट लडाकुले तीन दिनसम्म हमला गरेका थिए ।

विश्व संक्षेप

'हमास नेतामाथि थप कारबाही हुन्छ'

जेरुसेलम / इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले गत हप्ता कतारमा भएको आक्रमणपछि हमास नेतामाथि थप आक्रमण गर्ने सम्भावना नटरेको बताए । 'तिनीहरू जहाँ भए पनि' उनीहरूलाई उन्मुक्ति दिइनेछैन । जेरुसेलममा अमेरिकी विदेशमन्त्री मार्को रुबियोसँगको संयुक्त पत्रकार सम्मेलनमा बोल्दै नेतन्याहुले प्रत्येक देशलाई 'आफ्नो सीमाभन्दा बाहिर आफ्नो रक्षा गर्ने' अधिकार रहेको बताए ।



अमेरिकाको घनिष्ठ सहयोगी कतारमा रहेका हमासका वरिष्ठ नेतालाई लक्षित गर्ने इजरायलको निर्णयले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आलोचना गरेका छन् । हमासले ६ जनाको मृत्यु भएको तर आफ्ना नेता बाँचेको बताएको छ । हमलामा अमेरिकाको कुनै संलग्नता छ कि छैन भन्ने प्रश्नमा नेतन्याहुले पत्रकारलाई भने, 'हामीले यो आफ्नै बलबुतामा गर्यौं ।' इजरायलको हमलाले यस क्षेत्रमा अमेरिकी सम्बन्धलाई क्षति पुऱ्याएको छ कि छैन भन्ने एक प्रश्नको जवाफमा विदेशमन्त्री रुबियोले वासिंटनले आफ्ना खाडी सहयोगीसँग बलियो सम्बन्ध कायम राखेको बताए । कतारको समर्थनमा अरब नेताले शिखर सम्मेलन आयोजना गरिरहेका वेला रुबियो र नेतन्याहुबिचको भेटवार्ता भएको हो । कतारका प्रधानमन्त्रीले अन्तर्राष्ट्रिय समुदायलाई 'दोहोरो चरित्र' बन्द गर्न आग्रह गरेका छन् ।

अफगानिस्तानका भूकम्प प्रभावित क्षेत्रमा पुगेन राष्ट्र संघ

न्युयोर्क / संयुक्त राष्ट्र संघले अफगानिस्तानको पूर्वी कुनार प्रान्तमा गएको घातक भूकम्पबाट प्रभावित ३६२ गाउँमा पुग्न नसकेको बताएको छ । अफगानिस्तानमा संयुक्त राष्ट्र संघको मानवीय कार्यालयको समन्वयको निरीक्षणको जिम्मा पाएकी सानन ओहाराले भूकम्पले देशको केही सबैभन्दा दुर्गम, ग्रामीण क्षेत्रलाई असर गरेको एक पत्रकार सम्मेलनमा बताइन् । ओहाराका अनुसार प्रारम्भिक मूल्यांकनमा भूकम्पबाट पाँच हजार २३० घर पूर्ण रूपमा ध्वस्त भएका छन् भने ६७२ घर जर्जर भएको पाइएको थियो । 'भूकम्पअघि पनि यी गाउँ पुग्न गाह्रो थियो । अब, भूकम्पसँगै त्यहाँ पुग्न असाधारण प्रयास चाहिन्छ,' ओहाराले भनिन् । अफगानिस्तानमा ६.० म्याग्निच्युडको भूकम्प गएको थियो । भूकम्पमा परी कम्तीमा दुई हजार २०० जनाको मृत्यु भएको थियो । प्रभावित गाउँमा पुग्ने प्रयास जारी रहेको तालिबान अधिकारीले बताएका छन् । भूकम्पबाट प्रभावित पाँच लाखमध्ये साढे दुई लाख बालबालिका छन् ।

'पूरै गाउँ ध्वस्त भएका छन् । सडकको अवस्था अझ कठिन बनेको छ,' ओहाराले थपिन् । आफ्नो टोलीलाई भूकम्पबाट सबैभन्दा बढी प्रभावित क्षेत्रनजिकैको सबैभन्दा ठुलो सहर जलालाबाद पुग्न ६ घण्टाभन्दा बढी समय लाग्ने उनले बताइन् । दक्षिणपूर्वी अफगानिस्तानको पहाडमा सम्पूर्ण गाउँ ढुंगा र माटोको थुप्रोमा परिणत भएका छन् ।

इजरायली बन्दुकसँग नझुकेको गाजाको पत्रकारिता



● नेसरिन मलिक

मलिक गार्जियनकी स्तम्भकार हुन् ।



मैले पहिलोपटक गत वर्षको जुलाईमा अल जजिराको गाजा टोलीका प्रमुख तामेर अलमिसाललाई भेटेकी थिएँ । उनको टोलीले हालै दुई पत्रकार हमजा अल-दहदौह र समेर अबु दक्काको शवको अन्त्येष्टि गरिसकेको थियो । टोलीका बाँकी पत्रकार भोकमरीले ग्रस्त थिए । टोलीका सदस्यले इजरायली रक्षा बल (आईडिएफ)बाट बारम्बार धम्की र आफ्नो परिवारका सदस्यको हत्याको सामना गरिरहेका थिए । स्माइल अल-घौलले महिनौँदेखि आफ्नी श्रीमती र बच्चा देख्न पाएका थिएनन्, उनीहरूलाई निकै 'मिस' गरेका थिए । त्यस्तै, अन्य पत्रकार होसम सबात, मोहम्मद कुरैकिया र अनस अल सरिफले रिपोर्टिङ सुरु गर्नुअघि बिहानको खाना सुरक्षित गर्न समय मागिरहेका थिए । अफसोच ! आज, तिनीहरू सबैको मृत्यु भइसकेको छ ।

श्रीमती, तीन छोराछोरी र नाति गुमाएका गाजाका अनुभवी पत्रकार वायल अल दहदौहको प्रोफाइल लेख्दै गर्दा मैले गाजा टोलीका विभिन्न सदस्यसँग कुराकानी गरेकी थिएँ । विभिन्न जोखिमका बाबजुद आफ्नो कर्तव्य पूरा गर्नुपर्ने उनीहरूको भनाइ थियो । त्यस टोलीका तीन सदस्य त्यसपछि भएका हत्याको शृंखलामा मारिएका छन् । मैले प्रत्येकपटक समवेदना पठाउँदा प्रतिक्रिया सधैं यो थियो कि युद्धको कभरेज बन्द हुनेछैन । 'हामी युद्धबारे समाचार निरन्तर समेट्नेछौं,' सरिफ, मोहम्मद नोफल, इब्राहिम थाहेर र क्रायकियाको ज्यान लिने गरी भएका हमलामा आफ्नो सम्पूर्ण टोली गुमाएपछि अलजजिराका सम्पादकले गत हप्ता मलाई भने, 'हामी उनीहरूको सन्देश वा उनीहरूको अन्तिम इच्छालाई धोका दिनेछैनौं ।'

यी हत्याले संसारलाई चकित पारेको छ । तर, इजरायलीको भनाइमा मारिएकामध्ये केही पत्रकार 'आतंकवादी' थिए । गाजामा पत्रकारिताको क्षमताबारे थोरै मात्र भनिएको छ । असम्भव परिस्थितिमा पनि गाजाका पत्रकार धाराप्रवाह, स्पष्ट र स्थिर छन् । तिनीहरूले दैनिकजसो आक्रमण हुने सैन्य आधारमा भएका भयानक घटना र पीडा कैद गर्न पोख्त छन् र आफूलाई शान्त राख्न प्रयत्नशील छन् । म प्रायः तिनीहरूका शब्दलाई अंग्रेजीमा अनुवाद गर्न संघर्ष गर्थें, तिनीहरूको अभिव्यक्ति विस्तृत छ ।

गाजामा र त्यहाँबाट आएका पत्रकारसँग कुरा गर्दा मलाई के लाग्छ भने उनीहरू हृदयविदारक रूपमा आदर्शवादी छन् । पत्रकारिता उनीहरूको लागि कर्तव्य थियो, तथापि यसको अर्थ मृत्यु निश्चित थियो । मारिएका सबैसँग विकल्प थियो, जो अझै जीवित छन् र रिपोर्टिङ गरिरहेका छन्, उनीहरूसँग पनि अझै विकल्प छ । आफूलाई विगत दुई वर्षमा इजरायली अधिकारीले धेरैपटक धम्की दिएका सरिफले बताए । उनलाई इजरायली गुप्तचर संस्थाले चेतावनी पठाएको र रिपोर्टिङ बन्द गर्न भनेको थियो । जब उनले अस्वीकार गरे, उनका बुबा हवाई आक्रमणमा मारिए । गत वर्षको सुरुमा घोलले पदभार ग्रहण गर्दा उनलाई कडा चेतावनी दिइएको थियो । पद छाडेर घर गए, उनलाई केही नगर्ने सुझाइएको थियो । तर, उनले चेतावनी बेवास्ता गरे । फलस्वरूप लक्षित हमलामा उनको शिर काटियो ।

> असम्भव परिस्थितिमा पनि गाजाका पत्रकार धाराप्रवाह, स्पष्ट र स्थिर छन् । तिनीहरू दैनिकजसो आक्रमण हुने सैन्य आधारमा भएका भयानक घटना र पीडा कैद गर्न पोख्त छन् र आफूलाई शान्त राख्न प्रयत्नशील छन् ।

इजरायली सरकारबाट भएका पत्रकारको शृंखलाबद्ध हत्या केवल घृणित रिपोर्ट र फुटेजको प्रवाह रोक्नु मात्र होइन, बरु मिडिया पेसेवरले दिने प्यालेस्टिनीहरूको तस्बिरलाई नै नष्ट पार्नु हो । गाजाका पत्रकारले आफ्ना रिपोर्ट र सामाजिक सञ्जाल पोस्टमा विश्वसनीयता कायम गर्नुपर्छ । गाजा लडाकुले भरिएको ठाउँ हो, जहाँ कुनै भरपर्दो कथावाचक छैनन् र हत्या र भोकमरीका लागि इजरायलको औचित्यलाई साक्षीले चुनौती दिन सक्दैनन्, जसका कारण इजरायलले आफ्नो नरसंहार अभियानलाई त्यति नै सजिलै सञ्चालन गर्छ ।

प्लस ९७२ म्यागजिन र लोकल कलले हालै गरेको संयुक्त अनुसन्धानले इजरायली सेनाको एकाइ 'वैधीकरण सेल'लाई भयानक नाम दिइएको पहिचान गरेको छ, 'इजरायलले पत्रकारको हत्या गरेकामा बढ्दो विश्वव्यापी आक्रोशलाई कम गर्न गाजामा रहेका पत्रकारलाई हमासका गोप्य कार्यकर्ताको रूपमा चित्रण गरेको प्रतिवेदनमा उल्लेख छ । अनुसन्धान स्रोतका अनुसार 'गाजामा रहेका पत्रकारले विश्वसामु इजरायलको नाम बदनाम गरिरहेको' प्रतिवेदनमा जनाइएको छ ।

आईडिएफका अनुसार 'शंकास्पद रूपमा अगाडि बढिरहेको' कारणले आपत्कालीन कामदारलाई समेत मृत्युदण्ड-शैलीले नियन्त्रणमा लिइएको थियो । उता सहायताका लागि कतारमा लाइनमा बसेका प्यालेस्टिनीलाई इजरायली सेनाले नभई हमासले गोली हानेको इजरायलले दाबी गरेको छ ।

इजरायलले प्रणालीगत छल गरेको छ । अझै पनि हामीलाई भनिएको छ कि इजरायलले त्यस्ता पत्रकारलाई मारेको छ, जो लडाकु थिए ।

सत्य यो हो कि गाजाका पत्रकारलाई पश्चिमी मिडियाका धेरै सहकर्मीले व्यापक असफल बनाएका छन्, केवल उनीहरूको हत्याको रिपोर्ट गर्ने तरिकामा मात्र होइन, बरु सम्पूर्ण द्वन्द्वलाई कसरी वर्णन गरिन्छ भन्ने सन्दर्भमा । गाजामा मृत्यु भएका र भोकमरीले पीडितको तथ्यांक प्रायः 'हमासद्वारा सञ्चालित' मन्त्रालयबाट आएको रूपमा वर्णन गरिन्छ । तर, इजरायली अधिकारीबाट आउने बयानलाई तपाईंले क्रमिक रूपमा अविश्वसनीय रूपमा सावधान गरिएको वा बेन्जामिन नेतन्याहुको नामसँग जोडिएको 'अन्तर्राष्ट्रिय फौजदारी अदालतद्वारा खोजिएको' वाक्यांश देख्नुहुन्न । स्मरण होस्, अन्तर्राष्ट्रिय फौजदारी अदालतले नेतन्याहुलाई यसअघि नै पक्राउ पुर्जी जारी गरेको छ । यसैबिच, प्यालेस्टिनी पत्रकारको शब्द कहिल्यै पर्याप्त हुँदैन, जबसम्म विदेशी मिडिया (जसलाई गाजामा प्रवेश गर्न अनुमति छैन) ले अन्तिम सुनौलो मानकको फैसला दिन सक्दैन । तिनीहरूलाई (प्यालेस्टिनी पत्रकारलाई) पत्रकारिताको ढाँचाबाट बाहिर निकालिन्छ, तिनीहरूले उजागर गरेको सत्यत्य तिनीहरूको शवसँगै गाडिन्छ ।

जे भए पनि गाजामा सधैं कोही न कोही साहसी र स्पष्ट आँखा भएको व्यक्ति हुनेछ, जसले आक्रमणको कभरेज र सत्यलाई निरन्तरता दिनेछ । उनीहरूको आवाज र सास घेरिएको भए पनि गाजामा भएका घटनाको वास्तविकता संसारलाई बुझाउने जिम्मेवारी उनीहरू एक्लै वहन गरिरहेका छन् ।

गार्जियनबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार ३१ भदौ ०८२

सहज बन्दै आयात-निर्यात

जेन-जी आन्दोलनका कारण प्रभावित भएको नेपालको वैदेशिक व्यापार पुनः लयमा फर्किएको छ। आन्दोलनका क्रममा देशभरका सरकारी संरचनामा भएको आगलागी तथा तोडफोडका कारण २४ र २५ भदौमा देशभरका सम्पूर्ण वैदेशिक व्यापार गर्ने नाका ठप्प रहे। तर, नयाँ सरकारको गठन भएसँगै भारतसँग जोडिएका आठ नाका सहज बन्न थालेका छन्। अधिकांश नाकाबाट आयात-निर्यातका मालसामान भन्सार पास सुरु गरिएका छन्। नेपालमा सबैभन्दा बढी आर्थिक गतिविधि हुने दसैं-तिहारको समयमा नाका ठप्प हुँदा व्यवसायी निराश भएका थिए। तर, अब देशको अवस्था सहज बनेसँगै बजारमा चहलपहल तथा आर्थिक गतिविधि पनि बढ्न थालेको छ।

विराटनगरमा **गणेश लम्साल**, झापामा **चिरञ्जीवी घिमिरे**, जनकपुरमा **हरिश खुट्टार**, वीरगन्जमा **तिवारी यादव**, भैरहवामा **दीपेश पछाई**, बाँकेमा **विश्वराज पछ्लडङ्गया**, कपिलवस्तुमा **डिलाराम भुसाल**, कञ्चनपुरमा **मोहन विष्ट** र धनगढीमा **तेजराज भट्ट**



आइतबारदेखि नियमित सञ्चालनमा आएको बेलहिया नाका

■ विराटनगर भन्सारमा धमाधम जाँचपास

जेन-जी आन्दोलनले मंगलबारदेखि ठप्प विराटनगर भन्सारको जाँचपास धमाधम सुरु हुन थालेको छ। विराटनगर भन्सार प्रमुख उमेश श्रेष्ठले शुक्रबारदेखि अत्यावश्यक वस्तुहरू पेट्रोलियम पदार्थ, खाना पकाउने ग्यास, सड्न सक्ने कृषिउपज सामग्रीलाई प्राथमिकता दिएर २७ भदौदेखि जाँचपास गराउन थालेको बताए। उनका अनुसार शनिबार पनि दिनभरि एक सयभन्दा बढी सवारी जाँचपास भएका थिए भने आइतबार र सोमबार पनि दैनिक डेढ सयको संख्यामा मालवाहक सवारी जाँचपास भएका छन्। आन्दोलनले २४ भदौदेखि विराटनगर भन्सार कार्यालयमा आयात-निर्यात हुने मालवस्तुको जाँचपास ठप्प भएको थियो। जसले गर्दा भन्सार जाँचचौकीमा नेपाल-भारत दुवैतर्फ एक हजारभन्दा बढी मालवाहक सवारीसाधन रोकिएर बसेका थिए।

■ मेचीबाट आयात-निर्यात सुरु

जेन-जी आन्दोलनका कारण ठप्प भएको पूर्वी नाकाबाट हुने वैदेशिक व्यापार सुरु भएको छ। आगजनीका कारण भन्सारको कार्यालय पूर्ण रूपमा जलेर नष्ट हुँदा २४ भदौदेखि पूर्वीनाकाबाट आयात-निर्यात ठप्प भएको थियो। तर, सोमबार बिहान ११ बजेबाट आयात-निर्यात सुरु भएको मेची भन्सार कार्यालय काँकडभिट्टाका सूचना अधिकारी ईश्वरकुमार हुमागाईंले जानकारी दिए। जलेको मध्ये कम क्षति भएको कार्यालयको बैठक कक्षमा काम गर्ने स्थान बनाएर जाँचपासको काम सुरु गरिएको उनले बताए। केही कम्प्युटरहरू मेचीनगर उद्योग वाणिज्य संघ र केही कार्यालय आफैंले खरिद गरेर काम सुरु गरिएको उनले बताए। अहिले सबै कर्मचारीले त्यही बैठक कक्षलाई कार्यस्थल बनाएर काम गर्न सुरु गरेको छ। सोमबारबाट नै भारतले सवारीसाधन पठाउन थालेको उनले बताए।

त्यस्तै, झापाको अर्को नाका भद्रपुर पनि सुचारु भएको छ। आन्दोलनकारीको आगजनीबाट बचेको एउटा कोठाबाट आइतबारबाट नै काम सुरु गरिएको भद्रपुर भन्सार कार्यालयका प्रमुख अर्जुनप्रसाद सिटौलाले जानकारी दिए। 'भएको सबै सामग्री जलेको छ। कर्मचारीको घरमा भएको ल्यापटप ल्याएर काम गरिरहेका छौं,' उनले भने। यो नाकाबाट आयात मात्रै हुँदै आएको थियो। निर्यात भने हुँदैन।

■ जनकपुर भन्सार अझै खुलेन

जनकपुरधाम भन्सार कार्यालय २४ भदौदेखि पूर्ण रूपमा बन्द छ। जेन-जी आन्दोलनका क्रममा तोडफोड तथा आगजनी भएपछि भन्सार कार्यालय पूर्ण रूपमा क्षतिग्रस्त अवस्थामा पुगेको छ।

भन्सार कार्यालयका सूचना अधिकारी राजकुमार गेवाका अनुसार पूर्ण रूपमा क्षति भए पनि सामान्य प्रशासनिक कार्य भइरहेको छ। धनुषाको जटही सीमानाकामा भारततर्फ सडक निर्माण कार्य भइरहेकाले अहिले भन्सार जाँचपासको काम १४ दिनदेखि बन्द रहेको उनले बताए। उनले भन्सार जाँचपासका लागि गाडी आएमा आफूहरूले जाँपपास दिन सक्ने अवस्थामा रहेको बताए।

■ वीरगन्ज भन्सार पनि नियमित

आन्दोलनका कारण दुई दिन अवरुद्ध रहेको वीरगन्ज भन्सार कार्यालयको आयात-निर्यात नियमित भएको छ। २४ र २५ भदौमा पूर्ण रूपमा ठप्प भएको आयात-निर्यात २६ गते आंशिक र २७ गतेबाट नियमित सञ्चालनमा आएको भन्सार कार्यालयका प्रमुख विष्णुप्रसाद ज्ञवालीले जानकारी दिए। दुई दिन नाका बन्द हुँदा आर्थिक गतिविधि प्रभावित भएको बताउँदै नाका सञ्चालनमा आएपछि व्यापारीलाई राहत मिलेको उनको भनाइ छ।

■ लयमा फर्कंदै बेलहिया नाका

गत बिहीबारदेखि आंशिक सुरु भएको रुपन्देहीको भैरहवा भन्सार कार्यालयले आइतबारदेखि नियमित काम थालेको छ। आगलागीका कारण भैरहवा भन्सार कार्यालय परिसरको राजस्व दाखिला गर्ने बैंक र मुद्रा शाखासहित पहिलो तला पूर्ण रूपमा जलेको थियो। आइतबारदेखि कार्यालय परिसरमा टेन्ट टाँगेर काम सुरु गरेको भैरहवा भन्सार कार्यालय रुपन्देहीका प्रमुख शिवलाल न्यौपानेले बताए।

आइतबार दिनभर तीन सय २० मालवाहक गाडी नेपाल भित्रिएकामा तीन सय १५ गाडी भारत फर्किएका थिए। त्यसैगरी, सोमबार तीन सय ५० मालवाहक सवारीसाधन नेपाल भित्रिएका छन् भने पाँच सय पाँच गाडी भारत फर्किएको भैरहवा भन्सार कार्यालयले जनाएको छ। त्यस्तै, कपिलवस्तुको कृष्णनगर र सुनौली नाका पनि २८ भदौदेखि सञ्चालनमा आएका छन्।

■ सामान्य अवस्थामा नेपालगन्ज नाका

नेपालगन्जस्थित जमुनाहा नाका पूर्ण रूपमा सञ्चालनमा आएको छ। २८ भदौबाट आंशिक सञ्चालनमा आएको भन्सार कार्यालय सोमबारदेखि पूर्ण रूपमा सञ्चालनमा आएको भन्सार अधिकृतसमेत रहेका सूचना अधिकारी पवित्रकुमार खड्काले बताए।

उनले भन्सार कार्यालयको भवन, उपकरण, फर्निचर र कागजपत्रमा आगजनी तथा तोडफोड भएपछि २४ भदौदेखि सेवा अवरुद्ध भएको बताए। 'नेपालगन्ज नाकाबाट हुँदै आएको आयात-निर्यात सुचारु भएको छ,' उनले भने।

नेपालगन्ज भन्सार कार्यालयले २८ भदौदेखि पेट्रोलियम पदार्थ आयात गरेको उनले बताए। 'पेट्रोलियम पदार्थ अभाव हुन नदिन खुला चौरमा कार्यालय स्थापना गरी ढुवानीको व्यवस्था मिलाएका थियौं,' उनले भने, 'नेपालगन्ज नाकाबाट हुँदै आएको आयात-निर्यात सोमबारबाट पूर्ण रूपमा सञ्चालनमा ल्याएका छौं।'

■ पाँच दिनपछि गड्डाचौकी-वनबासा नाका सञ्चालनमा

जेन-जी आन्दोलनका कारण पाँच दिनदेखि बन्द रहेको पश्चिमको गड्डाचौकी-वनबासा नाका सञ्चालनमा आएको छ। आन्दोलनका कारण उक्त नाकाबाट भारतीय सीमा सुरक्षा बल (एसएसबी)ले नेपालीलाई भारत र भारतीयलाई नेपालमा आवतजावत गर्न दिएको थिएन। २५ भदौ बिहान ६ बजेदेखि बन्द भएको उक्त नाका ३० भदौ बिहान ६ बजेदेखि पूर्ण रूपमा सञ्चालनमा आएको जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी प्रवक्ता सागर बोहराले जानकारी दिए। 'सोमबार बिहानदेखि पहिलेकै अवस्थामा नाका सञ्चालनमा आएको छ, 'प्रवक्ता बोहराले भने, 'आउजाउदेखि व्यावसायिक गतिविधि भइरहेका छन्।' कञ्चनपुर भन्सार कार्यालय गड्डाचौकीका प्रमुख राजनबाबु काफ्लेले आइतबारदेखि आंशिक नाका सञ्चालनमा आएपछि सोमबारदेखि पूर्ण खुलेको बताए। 'आइतबार उता भारतदेखि एक-दुई ट्रकमा कृषिजन्य सामग्री आयात भयो, 'उनले भने, 'सोमबार बिहानैदेखि पूरै खुलेको छ, पाँच दिनदेखि बन्दले एकैपटक धेरै सामान आउँदा झन्डै ५० लाख भन्सार राजस्व संकलन भएको छ।'

■ सहज बन्दै त्रिनगर नाका

जेन-जी आन्दोलनका क्रममा तोडफोड र आगजनीका कारण अवरुद्ध कैलाली भन्सार कार्यालयको सेवा सुचारु भएको छ। भन्सारले सेवा सुचारु गरेसँगै गौरीफन्टा-त्रिनगर नाका भएर मालवस्तुको आयात सहज बन्दै गएको छ। कार्यालय परिसरमा रहेको ग्यारेज र आगलागीबाट कम क्षति भएको कोठाबाट आइतबारदेखि सेवा सुचारु गरेको हो। अहिले सबैखाले सामानको जाँचपास दिन थालिएको भन्सार अधिकृत एवं कार्यालयका सूचना अधिकारी खिमप्रसाद अर्यालले जानकारी दिए। २६ भदौबाट पेट्रोलियम पदार्थको जाँचपास दिन सुरु गरेको भन्सारले आइतबारबाट अन्य सामानको पनि जाँचपास दिन थालेको हो।

आन्दोलनकारीले आगजनी गर्दा कैलाली भन्सार कार्यालयभित्र रहेका कम्प्युटर, महत्त्वपूर्ण कागजात, टेबल, कुर्सीलगायत अधिकांश सामान जलेर नष्ट भएको उनले बताए। आगजनीबाट भन्सार कार्यालय भवनमा पनि क्षति पुगेको छ। कार्यालय परिसरमा राखिएका आधा दर्जन सरकारी गाडी तथा लिलामीमा राखिएका करिब दुई सय मोटरसाइकल पनि आन्दोलनकारीले जलाइदिएका थिए।

संक्षेप

पेट्रोलियमको मूल्य यथावत्

काठमाडौं/ भारतबाट पेट्रोल र डिजेलको मूल्य बढेर आए पनि आयल निगमले मूल्य समायोजन गरेको छैन। चाडपर्वमा उपभोक्तालाई राहत दिने निर्णय भएकाले बढेर आएको मूल्यअनुसार भाउ नबढाएको निगमले स्पष्टोक्ति दिएको छ।

इन्डियन आयल कर्पोरेसन (आइओसी)ले सोमबार पेट्रोल २.२९ रुपैयाँ र डिजेल ३.४६ रुपैयाँ प्रतिलिटर बढाएर पठाएको निगमले जनाएको छ। 'आसन्न चाडपर्वको अवसर एवं मुलुकको हालको विशेष परिस्थितिमा पेट्रोलियम पदार्थ तथा ग्यासको मूल्यवृद्धि गर्दा आमउपभोक्तावर्गमा पर्न जाने मूल्यवृद्धिको चापलाई कम गर्न र मूल्य स्थिरता कायम गरी मुलुकभर पेट्रोलियम पदार्थको सहज आपूर्ति गर्न साबिकको खुद्रा बिक्री मूल्यलाई नै यथावत् कायम गरिएको छ,' निगमले विज्ञप्तिमार्फत भनेको छ। हाल काठमाडौं उपत्यकामा पेट्रोल एक सय ६१, डिजेल तथा मट्टीतेल समान एक सय ४५ रुपैयाँ कायम छ।

निजी क्षेत्रको मनोबल बढाउँदै उद्योग मन्त्रालय

काठमाडौं/ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले उद्योगीहरूलाई उच्च मनोबलका साथ अगाडि बढ्न आग्रह गरेको छ। सोमबार मन्त्रालयका सचिवद्वय डा. रामप्रसाद घिमिरे र कृष्णबहादुर राउतले निजी क्षेत्रसँग छलफल गर्दै मुलुकलाई नयाँ ढंगबाट अगाडि बढाउन सहयोग आवश्यक रहेको बताएका हुन्। उनीहरूले माग, आपूर्ति र प्रतिकूल प्रभाव पार्ने गरी वस्तु सञ्चित नगर्न, नगराउन उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, विक्रेतालगायतलाई अनुरोधसमेत गरे।

मन्त्रालयले चीनबाट आयात सहज गर्न कोरोला नाका खुला गरिएको तथा सो नाकाबाट ठुलो मात्रामा सामान भित्रिरहेको जानकारी गराए। तातोपानी नाकासमेत खुलाउन प्रयास भइरहेको जनाएको छ। साथै, दक्षिणतर्फका नाकासमेत सुचारु हुँदै गएको जानकारी दिए। सो छलफलमा परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेले अप्ठ्यारोमा परेको मुलुकको अर्थतन्त्रलाई सबै मिलेर अगाडि बढाउने वातावरण बनाउन आवश्यक रहेको बताए।

निर्माण उद्योगलाई सुरक्षाको प्रत्याभूति दिन माग

काठमाडौं/ देशभर सुरक्षा चुनौती बढिरहेको भन्दै निर्माण व्यवसायीले निर्माणाधीन भौतिक संरचना र निर्माण उपकरणसहित घरपरिवारको सुरक्षा गर्न सरकारसँग माग गरेको छ। व्यवसायीहरूले जेन-जी प्रदर्शनका क्रममा निर्माण व्यवसायी संघ बाराका अध्यक्ष शेषनाथप्रसाद शाह तेलीको कलैयास्थित निवासमा गरिएको तोडफोड, लुटपाट तथा आगजनीको घटनामा संलग्नउपर तत्काल कानुनी कारबाही अघि बढाउन माग गरेका छन्। उक्त घटनाका कारण कलैया उपमहानगरपालिका वडा नम्बर १२ का वडाध्यक्षसमेत रहेका शाहको करिब ७५ लाख रुपैयाँको भौतिक क्षति भएको निर्माण व्यवसायी महासंघले जनाएको छ।

सुरक्षा प्रबन्ध मिलाउन प्रहरीलाई बुटवल उवासंघको आग्रह

बुटवल/ बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीले चाडबाड आएसँगै बजार क्षेत्रमा सुरक्षा प्रबन्ध मिलाउन प्रहरीलाई आग्रह गरेको छ। संघका अध्यक्ष हरिप्रसाद अर्यालको नेतृत्वमा संघको प्रतिनिधि टोलीले इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख प्रहरी नायब उपरीक्षक इन्द्रबहादुर रानासँग भेट गरी जेन-जी आन्दोलनपछिको सुरक्षा अवस्थाप्रति ध्यानाकर्षण गराएको हो।

आन्दोलनका क्रममा व्यावसायिक प्रतिष्ठान, सार्वजनिक सम्पत्ति तथा प्रहरी बिटहरूमा भएको तोडफोड, आगजनी र लुटपाटका घटनाप्रति चिन्ता व्यक्त गर्दै संघले दोषीलाई खोजी गरी कारबाहीको दायरामा ल्याउन, बजार क्षेत्रमा शान्ति सुरक्षा कायम गर्न प्रहरीलाई नियमित गस्ती बढाउन माग गरेको छ।

भलाकुसाः बहुउद्देश्यीय अभियान सहकारी संस्था लि.
चन्द्रागिरि न.पा., वडा नं.-१०, सतुंगल, काठमाडौंको

कर्जा तिर्न आउने बारे ३५ दिने प्रथम सूचना तथा धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धि सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२/०५/३१, मंगलबार)

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणी सदस्यहरुले आफ्नो तथा आफ्ना एका परिवारका सदस्यहरुको नामको अचल सम्पत्ति (घर जग्गा) यस संस्थाको नाममा धितो राखी कर्जा लिई कर्जा लिँदा गरेको सहमति अनुसार यस संस्थामा बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना तथा किस्ताको रकम हालसम्म नबुझाएको र बुझाउनको लागि मौखिक/पत्राचार/सूचना आदि माध्यमबाट बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बसेको र कर्जा तिर्ने मनसाय नदेखाई संस्थामा सम्पर्क समेत राख्न नआउनु भएकोले तपशिलमा उल्लेख गरेका ऋणी सदस्यहरुको नाममा यो सार्वजनिक सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना तथा किस्ताको रकम समेत बुझाउन आउनु हुन अनुरोध गरिन्छ।

कथंकदाचितः ऋणीले उल्लेखित म्याद भित्र पनि साँवा, ब्याज, हर्जाना तथा किस्ताको रकम दाखिला नगरेमा यो सूचना प्रकाशित भएको मितिले ३६औं दिन देखि यस संस्थाले ऋणीहरुसंग बाँकी लेना रकम असुल उपर गर्न संस्था सँग भएको शर्त कबुलियत, तमसुक बमोजिम कर्जा लिंदा धितो स्वरुप यस संस्थाको नाममा राखेको तपशिलका अचल सम्पत्ति (घर जग्गा), घर जग्गा सहकारी ऐन २०७४ को दफा ७९, ८३ तथा सहकारी नियमावली २०७५ को नियम ३० बमोजिम लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गरिने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ।

तपशिल

धितोको रुपमा रहेका अचल सम्पत्ति, ऋणी तथा ऋणको विवरण :

सि.नं.	ऋणीको विवरण नाम,थर र ठेगाना	फोटो	धितोमा रहेको सम्पत्तिको विवरण	धन जमानी दिने व्यक्तिको विवरण	तिर्न बाँकी साँवा, ब्याज, हर्जानाको विवरण
१.	नामः सूर्य बहादुर महर्जन बाबु : नन्द बहादुर महर्जन बाजेः रत्न बहादुर महर्जन ठेगानाः का.जि.चन्द्रागिरि नगरपालिका वडा नं. १०(साविक सतुंगल, वडा नं: ०८) ना.प्र.नं.१८०४७		श्री सूर्य बहादुर महर्जन को नाममा दर्ता रहेको जग्गा का.जि.सतुंगल गा.वि.स. वडा नं.४ख कि.नं. ११६ क्षे.फ. ०-११-२-० जग्गा साथै का.जि. सतुंगल गा.वि.स. वडा नं.८ कि.नं ५१ क्षे.फ.१६.२० वर्ग मि. जग्गा र सो जग्गामा रहेको चर्चेको सम्पूर्ण लिगलिगापात समेत मात्र	ऋणी सूर्य बहादुर महर्जनको एकाघरको श्रीमती सक्कली महर्जन तथा मित्र राजकुमार योञ्जन	साँवा,ब्याज,हर्जाना समेत गरी जम्मा बाँकी रहेको रु : २,५९,०१,४१८।-
२.	नामः मधुराम श्रेष्ठ बाबुः धन बहादुर श्रेष्ठ बाजेः गोपीलाल श्रेष्ठ ठेगानाः काठमाडौं जिल्ला, चन्द्रागिरि नगरपालिका, वडा नं : १४, नयाँ नैकाप(साविक नयाँ नैकाप गा.वि.स.,वडा नं. ३) ना.प्र.नं.३८३२१०१		ऋणी मधुराम श्रेष्ठ नाममा दर्ता रहेको जग्गा का.जि.सतुंगल गा.वि.स.वडा नं. ०८, कि.नं १३०, क्षे.फ. ५२५.०४र का.जि. नयाँ नैकाप गा.वि.स.वडा नं.०३, कि नं १५,. क्षे.फ.२४२.७० जग्गा तथा उक्त जग्गामा रहेको लिगलिगापात समेत मात्र	ऋणी मधुराम श्रेष्ठको मित्र गोपाल प्रसाद भण्डारी	साँवा,ब्याज,हर्जाना समेत गरी जम्मा बाँकी रहेको रु : ३४,६०,९७३।-
३.	नामः कुसुमलता डंगोल बाबुः श्री कृष्ण डंगोल बाजेः डुढीमान डंगोल ठेगानाःसाविक काठमाडौं.जिल्ला चन्द्रागिरि न.पा.वडा नं. १० ना.प्र.नं.२३२७७		ऋणी कुसुमलता डंगोल नाममा दर्ता श्रेस्ता कायम रहेको जग्गा का.जि.सतुंगल गा.वि.स.वडा नं. ५ कि.नं.२,क्षेत्रफल ४६.३० वर्ग मि. जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत मात्र	ऋणी कुसुमलता डंगोलको एकाघरको श्रीमान विनोद ढकाल	साँवा,ब्याज,हर्जाना समेत गरी जम्मा बाँकी रहेको रु : १,०२,२८,५०६।-
४.	नामः देवकृष्ण महर्जन बाबुः देवलाल महर्जन बाजेः बाबु लाल महर्जन ठेगानाः साविक काठमाडौं.जिल्ला चन्द्रागिरि न.पा.वडा नं. १० ना.प्र.नं.२३२७७		ऋणी देवकृष्ण महर्जन नाममा दर्ता श्रेस्ता कायम रहेको जग्गा का.जि.सतुंगल गा.वि.स.वडा नं. ६ कि.नं. १९ क्षेत्रफल १९०.७७ वर्ग.मि.जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत मात्र	ऋणी देवकृष्ण महर्जनको एकाघरको श्रीमति तारादेवी महर्जन	साँवा,ब्याज,हर्जाना समेत गरी जम्मा बाँकी रहेको रु : २९,५१,३३६।-

लिलाम बिक्रीका शर्तहरु :

१. धितो बढाबढमा अन्तिम पटक सबै भन्दा बढी कबोल गर्ने व्यक्तिले आफूले कबोल गरेको अंकको १० प्रतिशतले हुने रकम धरौटी बापत तुरुन्त लिलाम बढाबढ गरेकै बखतमा यस संस्थामा जम्मा गर्नु पर्नेछ।
२. लिलाम बढाबढमा भाग लिने व्यक्ति /संस्थाले लिलाम सकार गरेको मितिले ७ दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ र बाँकी रुपैया बुझाए पछि मात्र अचल सम्पत्ति नामसारीको प्रकृया अगाडी बढाईने छ।
३. तोकिएको दिनमा सार्वजनिक बिदा परे त्यसको लगत्तै सरकारी कार्यालय खोल्ने दिनमा लिलाम बढाबढ गरिने छ।
४. लिलाम बढाबढ गर्दा सबै भन्दा बढी अंक बोल्ने व्यक्ति वा संस्थालाई लिलाम स्वीकृती गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहने छ।
५. लिलाम बिक्री हुने अचल सम्पत्ति संबन्धी कागजातहरु हेर्न चाहनु हुने महानुभावहरुले यस संस्थाको कार्यालयमा कार्यलय समय भित्र सम्पर्क राख्न सक्नुहुने छ।
६. सहकारी ऐन, सहकारी नियमावली तथा संस्थाको विनियम अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा कबोल गरेको रकम संस्थालाई चित्त बुझ्दो नभएमा संस्थाले प्रचलित ऐन कानून बमोजिम उक्त सम्पत्तीको स्वामित्व आफुमा लिन सक्नेछ।
७. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्चहरु ऋणी स्वयमले व्यहोर्नु पर्नेछ। धितो नामसारी गर्दा लागेको सम्पूर्ण खर्चहरु लिलाम सकार गर्नेले व्यहोर्नु पर्नेछ।
८. ऋणीको नाममा रहेको अन्य चल अचल सम्पत्ति समेतबाट बाँकी कर्जा रकम असुल उपर गरिने छ।

GREEN HOME LOAN
FOR SUSTAINABLE LIVING!
ATTRACTIVE FIXED INTEREST RATES STARTING FROM 7.99% p.a.
T & C apply
Global IME Bank
GLOBAL CONNECT
Call Us: +977-1-5970600
globalconnect@gibl.com.np

पर्यटन क्षेत्र पुनरुत्थान गर्न ऐक्यबद्धता

काठमाडौं/ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सक्रियता र नेपाल पर्यटन बोर्डको समन्वयमा नेपालको अर्थतन्त्रको मूल आधार पर्यटन क्षेत्रलाई पुनरुत्थान गर्ने विषयमा छलफल भएको छ। पर्यटन बोर्डमा सोमबार नेपालका पर्यटनसम्बन्धी संघ-संस्थाका प्रमुख तथा प्रतिनिधिसँगको छलफलका क्रममा जेन-जी आन्दोलनका कारण नेपालको पर्यटन संरचनामा पनि ठुलो क्षतिबाट सिर्जित चुनौतीका बाबजुद नेपालको पर्यटन क्षेत्र पुनरुत्थान र प्रगतिको मार्गमा अघि बढिरहेको निष्कर्ष निकालिएको छ।

पर्यटन मन्त्रालयका सचिव तथा नेपाल पर्यटन बोर्डका अध्यक्ष हरिप्रसाद मैनालीले पर्यटन क्षेत्रलाई पुनरुत्थान गर्न नीतिगत अड्चन फुकाउन मन्त्रालय प्रतिबद्ध रहेको उल्लेख गर्दै निजी क्षेत्रको सहकार्य अपरिहार्य रहेको उल्लेख गरेका छन्। नेपाल पर्यटन बोर्ड पोखरा कार्यालय प्रमुख मणिराम लामिछानेले पोखरामा रहेका पर्यटन व्यवसायीसँग त्यहाँ भएको क्षतिको विवरण संकलनका लागि समन्वय भइरहेको उल्लेख गर्दै पोखरामा रहेका र त्यहाँ आवागमन गर्ने पर्यटकलाई आवश्यक सहजीकरण गर्न तयार रहेको उल्लेख गरे।

नेपाल होटेल व्यवसायी संघका अध्यक्ष विनायक शाहले होटेल व्यवसायमा क्षति भए पनि पाहुनाका लागि स्वागत र आतिथ्य सेवामा कुनै कमी नहुने बताए। 'साहसिक पर्यटनका क्षेत्रमा खासै असर परेको छैन। साहसिक पर्यटनका क्षेत्रहरू सुरक्षित भएकाले पर्यटकको संख्या बढ्दै गएको छ,' उनले थपे।

दसैंलक्षित सुपथ पसल र नयाँ नोट वितरण सुरु

अजित अधिकारी/नयाँ पत्रिका

सोमबारबाट दसैंलक्षित सुपथ पसल र नयाँ नोट वितरण थालिएको छ। सरकारी स्वामित्वको दुई संस्थान खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनले सोमबारदेखि छुट मूल्यसहितको सुपथ पसल सुरु गरेका हुन् भने राष्ट्र बैंकले सुकिला नोटको वितरण थालेको हो।

खाद्य संस्थानले थापाथली, नख्खु, सूर्यविनायकसहित देशभरका प्रदेश, शाखा र उपशाखा कार्यालयमार्फत छुटसहितको खाद्यान्न बिक्री थालेको जनाएको छ। त्यस्तै, साल्ट ट्रेडिङले पनि कालीमाटी, जडीबुटी, सतुंगललगायतका आउटेलटबाट बिक्री थालेको छ। दुवै संस्थानले देशभर एक सय ५३ स्थानमा सुपथ पसल सञ्चालन थालेको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ।

सुपथ पसलबाट चामल, दाल, गहुँ, चिनी, गेडागुडी तथा चिउरा प्रतिकिलो पाँच रुपैयाँ र आँटा, पिठो, मैदा, खानेतेल प्रतिकिलो सात रुपैयाँ छुटमा उपलब्ध गराइएको छ। खाद्य कम्पनीले कर्णालीका रैथाने उत्पादनहरू जुम्ली मार्सी चामल, कागुनो, चिनो, सिमी, उवा र तितेफापर प्रतिकिलो १० रुपैयाँ छुट दिएर बिक्री थालेको छ। नुन दुई रुपैयाँ र जिरा, धनियाँ, चियापत्ती र जिउँदो खसी-बोका तथा च्यांग्रा प्रतिकिलो १० रुपैयाँ छुटमा उपलब्ध गराउने निर्णय भएको छ। तर, यसपटक खसी-बोका र च्यांग्रा उपलब्ध हुने सम्भावना कम रहेको खाद्यका सूचना अधिकारी माधव मिश्रले जानकारी दिए।

खाद्यले छुट दिएर मार्सी चामल दुई सय २० रुपैयाँ, १० किलोको बासमती चामल १२ सय, २५ किलो बोराको चामल १४ सय २५ देखि २१ सय २५ सम्म मूल्य तोकेर बिक्री गरिरहेको छ। त्यसैगरी, मुसुरो दाल एक सय ३५, मास दाल एक सय ६५, रहर दाल दुई सय पाँच, मुँग खोस्टा एक सय ८५, चना एक सय ४०, चिउरा ९३, तोरीको तेल दुई सय १८ र तीन सय ५३, सनफ्लावर तेल दुई सय १६, भटमासको तेल दुई सय १५ र चिनी ९५ रुपैयाँ प्रतिकिलो बिक्री मूल्य राखेको छ। त्यसैगरी, साल्ट ट्रेडिङले छुटपछि नुन २४ र चिनी ९० रुपैयाँमा बिक्री गरिरहेको छ। साल्ट ट्रेडिङले छुट मूल्यमा १२ थरीका चामल बिक्रीमा राखेको छ। २१ सय प्रतिबोरा रहेको भान्साघर चामलमा २० रुपैयाँ छुट दिएर दुई हजार ८० मा बिक्री गरिरहेको छ। चामलमा १० देखि २५ रुपैयाँसम्म प्रतिबोरा छुट दिइएको छ। साल्ट ट्रेडिङका सूचना अधिकारी ब्रजेश भाले सुपथ मूल्यमा बिगतको जस्तो भिडभाड भने नरहेको बताए।

'पोहोरसम्म भिड धेरै हुन्थ्यो, त्यसैले कालीमाटीस्थित केन्द्रीय कार्यालयको बिक्री केन्द्रमा तीनवटासम्म काउन्टर राख्ने गरिएको थियो,' उनले भने, 'यसपालि एउटै काउन्टरले काम गरिरहेका छौं। उपभोक्ताको उपस्थिति पनि पातलो नै छ।' थापाथलीस्थित खाद्य कम्पनीको आउटलेटमा पनि भिड पातलो छ।



बिगतका तुलनामा कम चहलपहल भएको खाद्यको सुपथ पसल


राष्ट्र बैंकको थापाथलीस्थित कार्यालयबाट नोट सटही गर्दै

■ अघोषित रूपमा अग्रिम टिकट बुकिङ, दसैं मनाउन फर्कन थाले विद्यार्थी

विद्यार्थीलाई घर जान अग्रिम टिकट बुकिङ थालेको राष्ट्रिय यातायात व्यवसायी महासंघका अध्यक्ष विजयबहादुर स्वाँरले जानकारी दिए। विश्वविद्यालय, कलेज तथा स्कुल तिहारसम्मका लागि बिदा भइसकेकाले उपत्यकाबाहिरका विद्यार्थीलाई घर जान सजिलो हुने गरी टिकट बुकिङ लिएको उनले जानकारी दिए। त्यस्तै, अनलाइनबाट समेत दसैंको अग्रिम टिकट बुकिङ भइरहेको उनले जानकारी दिए। तर, व्यवसायीले घोषित रूपमा बुकिङ खुलाइसकेका छैनन्। 'चाँडै निर्णय गरेर अग्रिम बुकिङ खलाउँदै छौं,' अध्यक्ष स्वाँरले भने। विद्यार्थीहरू धमाधम घर गइरहेकाले यसपटक अग्रिम बुकिङ खुलाउँदा ठुलो चाप नपर्ने व्यवसायीको अनुमान छ। अनलाइन टिकट बुकिङ पनि उल्लेख्य मात्रामा भइरहेको व्यवसायीले जनाएका छन्। औपचारिक रूपमा बुकिङ खुलेपछि नयाँ बसपार्कलगायतका काउन्टरमा सर्वसाधारण भौतिक रूपले उपस्थित भई टिकट काट्ने व्यवस्था हुनेछ।

■ यसपालि पनि सुकिला नोट

राष्ट्र बैंकले सोमबारदेखि सुकिला नोट सटही थालेको छ। पोहोर पनि नयाँ नोटको सट्टा सुकिला नोट वितरण गरिएको छ। दसैंमा टीका लगाउँदा दक्षिणाबापत नयाँ नोट दिने परम्परा छ। त्यसैले दसैंमा आमसर्वसाधारणले नयाँ नोट खोज्ने गरेका छन्। तर, आर्थिक भार बढ्दै गएको तर्क गरेर राष्ट्र बैंकले गत वर्षदेखि बजारमा उपलब्ध नोटलाई नै सामान्य प्रशोधन गरेर सुकिलो बनाई वितरण गर्दै आएको छ। राष्ट्र बैंकले काठमाडौंको थापाथलीस्थित मुद्रा व्यवस्थापन महाशाखा र उपत्यकाबाहिरको प्रादेशिक कार्यालयबाट सुकिला नोट उपलब्ध गराइरहेको छ।

तोडफोड, आगजनी र डकैती गर्नेको सिसिटिभी फुटेजसहित एनसेलले प्रहरीमा दियो उजुरी

काठमाडौं/ एनसेलले लैनचौरस्थित आफ्नो मुख्य कार्यालयमा तोडफोड, आगजनी र डकैती गर्नेविरुद्ध प्रहरीमा उजुरी दिएको छ। २४ भदौमा भएको जेन-जी प्रदर्शन र आन्दोलनका विभिन्न समूहले कार्यालयमा तोडफोड, आगजनी र डकैती गरेका थिए। यस घटनाले कम्पनीको सम्पत्तिमा ठुलो क्षति पुगेको भन्दै सोमबार एनसेलले जिल्ला प्रहरी कार्यालय, काठमाडौंमा उजुरी दर्ता गराएको हो।

प्रहरीमा दिइएको उजुरीमा उक्त घटनामा संलग्न अपराधीलाई पत्राउ गरी कानुनको दायरामा ल्याई हदैसम्मको सजाय दिनुपर्ने उल्लेख छ। उनीहरूबाट लगिएको सामान फिर्ता दिलाउनुका साथै आगजनीबाट क्षति भएको सम्पत्तिको क्षतिपूर्तिसमेत भराउन भनिएको छ। आन्दोलनका नाममा अपराधीले सुरक्षा गार्डलाई एकै ठाउँमा राखेर जलाउने धम्की दिँदै कोठामा थुनेको, मुख्य भवनमा तोडफोड तथा आगजनी तथा भवनको अगाडि भागको सिसासमेत फुटाएको, कार्यालयभित्र प्रवेश गरी कम्पनीका विद्युतीय सामान, विभिन्न प्रकारका उपकरण, कार्यालयका महत्त्वपूर्ण कागजात, नगद र कम्पनीका सेफसमेत लुटेर लगेको र यसले ठुलो आर्थिक तथा भौतिक नोक्सानी गरेको उजुरीमा खुलाएको छ।

प्रहरीमा दिइएको उजुरीअनुसार कम्पनीले घटनामा पुगेको क्षतिको विवरण तथा लुटिएका सम्पत्तिको सूची प्रहरीलाई उपलब्ध गराएको छ। साथै, घटनाका क्रममा कैद भएका सम्पूर्ण सिसिटिभी फुटेज पनि अनुसन्धानलाई सहयोग पुऱ्याउने उद्देश्यले प्रहरीलाई हस्तान्तरण गरिएको जनाएको छ। तोडफोड, आगजनी, डकैतीबाट कम्पनीको सम्पत्तिमा भएको वास्तविक क्षति यकिन गर्न मूल्यांकनको काम भइरहेको हुँदा अनुसन्धानको सिलसिलामा सोको थप विवरण उपलब्ध गराउने पनि जानकारी सो उजुरीमा खुलाएको छ।

ग्लोबलको थापाथली शाखाको सेवा अवरुद्ध

काठमाडौं/ ग्लोबल आइएमई बैंकको थापाथली शाखाको सेवा केही समयका लागि अवरुद्ध हुने भएको छ।

जेन-जी आन्दोलनका क्रममा थापाथलीस्थित सेन्ट्रल बिजनेस पार्कको भवनमा प्रदर्शनकारीले तोडफोड तथा आगजनी गरेका थिए। सोही भवनमा रहेको बैंकको शाखामा पनि क्षति पुगेको थियो। जसका कारण तत्काल सेवा सञ्चालनमा ल्याउन जोखिम पनि हुने र मर्मत गर्न पनि समय लाग्ने बताउँदै बैंकले केही समय बन्द गर्न लागेको हो।

थापाथली शाखाबाट प्रदान हुँदै आएको सम्पूर्ण बैंकिङ सेवा कुपन्डोलबाट हुने बैंकले जनाएको छ। साथै, थापाथलीमा रहेको लकर सेवा कुपन्डोलमा स्थानान्तरण गरी सोही शाखाबाट सेवा प्रदान गरिने पनि बैंकको भनाइ छ।

सिद्धार्थ बैंकका ग्राहकलाई वाटरफ्रन्ट रिसोर्टमा २० प्रतिशतसम्म छुट



काठमाडौं/ सिद्धार्थ बैंकका ग्राहकले वाटरफ्रन्ट रिसोर्टमा छुट पाउने भएका छन्। बैंकका ग्राहकलाई छुट दिनेबारे दुवै पक्षबिच सम्झौता भएको हो। सम्झौताअनुसार बैंकका ग्राहकले रिसोर्टका विभिन्न सेवामा २० प्रतिशतसम्म छुट पाउनेछन्। ग्राहकले बैंकको कार्ड वा मोबाइल बैंकिङ प्रयोग गरी भुक्तानी गर्नुपर्नेछ। यो सहकार्यले ग्राहकलाई छुटको सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ।

खरानी पन्छाएर उठ्न खोज्दै हेटौंडाको भाटभटेनी



मकवानपुर/ जेन-जी आन्दोलनका क्रममा जलेर खरानी बनेको हेटौंडा उपमहानगरपालिका वडा नम्बर २ चौकीटोलस्थित भाटभटेनी सुपर स्टोर पुनः उठ्ने प्रयासमा लागेको छ। आन्दोलनका क्रममा प्रदर्शनकारीले आगजनीसँगै तोडफोड र लुटपाट गरेपछि उक्त स्टोर पूर्ण रूपमा नष्ट भएको थियो। भवन संरचना र उपभोग्य सामग्री जलेर नष्ट हुँदा अर्बौंको आर्थिक क्षति पुगेको छ।

भटभटेनीका उपभोग्य सामग्रीदेखि भवन संरचनाका अधिकांश भाग खरानी बनेका छन्। २४ भदौमा जेन-जीको प्रदर्शनका क्रममा भाटभटेनीमा आगलागीसहित चोरी र तोडफोड भएको थियो। करिब दुई सयजनालाई प्रत्यक्ष रोजगारी प्रदान गर्दै आएको उक्त भाटभटेनीले अर्बौंको आर्थिक क्षति व्यहोरेको अनुमान गरिएको छ। त्यसमाथि पनि भाटभटेनीमा कार्यरत कर्मचारीको रोजीरोटीको सवालसमेत जटिल बनेको छ।

रोजीरोटीका लागि भाटभटेनीमा आश्रित श्रमिक कर्मचारी बिहीबारदेखि खरानी पन्छाउन थालेका छन्। सोमबार पनि भाटभटेनीका अधिकांश कर्मचारी जलेर खरानी बनेको स्टोर सरसफाइमा जुटेका हुन्। भाटभटेनीका एक कर्मचारीले त्यहाँ कार्यरत सबै कर्मचारी सरसफाइमा खटिएको बताए। 'अहिले सबै कर्मचारी मिलेर स्टोरलाई फेरि उठाउने तयारी गरिरहेका छौं,' एक कर्मचारीले भने।

खुल्यो सागर डिस्टिलरीको आइपिओ

काठमाडौं/ सागर डिस्टिलरी लिमिटेडले साधारण सेयर (आइपिओ) बिक्री खुला गरेको छ। कम्पनीले प्रतिकित्ता एक सय रुपैयाँका दरले जारी पुँजी ७२ करोड ६० लाखको २० प्रतिशतका दरले हुन आउने ११ लाख ९० हजार ६ सय ४० कित्ता आइपिओ सार्वजनिक निष्कासनमा ल्याएको हो। निष्कासनमा आएको पहिलो दिनमै चार लाख १६ हजारभन्दा बढी लगानीकर्ताले ४८ लाख ३८ हजार दुई सय २० कित्ताका लागि आवेदन दिएका छन्।

कम्पनीको सेयर बन्द हुने छिटोमा २ असोज र ढिलोमा १३ असोजमा हुनेछ। न्यूनतम १० र अधिकतम १० हजार कित्ताका लागि आवेदन दिन पाइनेछ। कम्पनीको आइपिओ बिक्री प्रबन्धक मुक्तिनाथ क्यापिटल लिमिटेड रहेको छ। कम्पनीलाई क्रेडिट रेटिङ संस्था इन्फोमेरिक्स क्रेडिट नेपालले 'बी प्लस' रेटिङ प्रदान गरेको छ। उक्त रेटिङले कम्पनीको क्रेडिट जोखिम बहन गर्ने क्षमता मध्यमस्तरको रहेको जनाउँछ।

धितोपत्र ऐन, २०६३ र सामुहिक लगानी कोष नियमावली, २०६७ (संशोधन सहित) बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको

कोष प्रवर्द्धक: HIMALAYANLIFE सुरक्षा अटल, भविष्य सबल

योजना व्यवस्थापक/डिपोजिटरी: HIMALAYAN INVESTMENT BANKER LIMITED. A SUBSIDIARY OF HIMALAYAN LIFE INSURANCE LIMITED.

हिमालयन लाइफ इन्स्योरेन्स म्युचुअल फण्ड

अन्तर्गत सञ्चालन हुने

एचएलआई लार्ज क्याप फण्ड (HLI Large Cap Fund)

को

इकाईको बाँडफाँड सम्बन्धी सूचना

एचएलआई लार्ज क्याप फण्ड (HLI Large Cap Fund) को प्रति इकाई अंकित मूल्य रु.१०/- दरको ४०,००,००,००० (चालिस करोड) इकाइको मिति २०८२ भाद्र १५ गते देखि मिति २०८२ भाद्र १९ गतेसम्म निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा माग भन्दा बढी रकमको लागि आवेदन पर्न आएकोले प्रचलित कानून बमोजिम योजनाको आकारमा २५ प्रतिशत थप गरी रु.५,००,००,००,०००/- (पाँच अर्ब) बराबरको ५०,००,००,००० (पचास करोड) इकाई कायम गरी निष्काशन अवधिभित्र प्राप्त भएका रितपुर्वक आवेदन दिने आवेदकहरुलाई **मिति २०८२ भाद्र ३० गते सोमबार**का दिन बाँडफाँड गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराउंदछौं।

बाँडफाँड सम्बन्धी विवरण धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाईट www.himalayaninvest.com तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडद्वारा सञ्चालित वेभसाईट www.meroshare.cdsc.com.np अथवा www.iporesult.cdsc.com.np बाट समेत हेर्न सकिने व्यहोरा जानकारी गराइन्छ।

साथै सम्पूर्ण सि-आस्वा सदस्यहरुले बाँडफाँडमा नपरेको इकाई वापतको बाँकी रकम सम्बन्धित आवेदकहरुको बैंक खाता फुकुवा गरिदिनु हुन पनि यसै सूचना मार्फत जानकारी गराईन्छ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

HIMALAYAN INVESTMENT BANKER LIMITED. A SUBSIDIARY OF HIMALAYAN LIFE INSURANCE LIMITED.

हिमालयन इन्भेष्टमेन्ट बैंकर लिमिटेड

वडा नं.: १०, बानेश्वर, काठमाडौं, नेपाल, फोन नं.: ०१-५९२०३४२
Email: info@himalayaninvest.com
Website : www.himalayaninvest.com

Nepal Electricity Authority
Lumbini Province Division Office, Nepalgunj, Banke

Notice Regarding Intent to Accept the Bid

Notice Publication Date : 2082/05/31

IFB and Type of Bidding	Name & Address of Lowest Evaluated Substantially Responsive Bidder	Total Accepted Bid Price (With VAT)
NEA-LPDON-2082/083-Workshop-03	M/S Himalaya Engineering Workshop and Traders, Nepalgunj, Banke	NRs. 43,38,951.40

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

Durbarmarg, Tel: 5342530, 5328229 Ext. 366
Email: info@nimb.com.np
website: www.nimb.com.np
Customer Support Tel No: 4441110/4540564 ext. 131
Toll Free No: 1660-01-00070

INTEREST RATES ON DEPOSITS AND LOANS & ADVANCES

Effective from 17th September, 2025 (1st Ashwin 2082)

Deposit Interest Rates

a. NPR Fixed Deposits

Particulars		Interest Rate p.a.
Individual Fixed Deposit	3 Months to 6 Months	3.50%
	Above 6 Months to 1 Year	4.25%
	Above 1 Year to 2 Years	4.75%
	Above 2 Years	5.25%
Remittance Fixed Deposit	1 Year	5.25%
	Above 1 Year to 2 Years	5.75%
	Above 2 Years	6.25%
Institutional Deposit	6 Months to 1 Year	2.75%
	Above 1 Year to 2 Years	3.00%
	Above 2 Years to 3 Years	3.75%
	Above 3 Years	4.25%

b. FCY Fixed Deposits

Particulars	Interest Rate p.a.
FCY Fixed Deposit (USD)	3.00%
FCY Fixed Deposit Others	2.50%

c. Saving Deposits

Afnai Bachat Khata	2.75%	Shrijansil Nari Bachat Khata	2.75%
Keta Keti Bachat Khata	2.75%	Swabhiman Bachat Khara	2.75%
Karmachari Bachat Khata	2.75%	Triple Benefit Plus Saving Account	2.75%
EZEE Saving	2.75%	Chhoriko Surakshya Bachat Khata	2.75%
Surakshya Bachat Khata	2.75%	Janasewak Saving Account	2.75%
EZEE Student	2.75%	Ek Se Ek Saving Account	2.75%
Lotus Saving Account	2.75%	Prabardhak Bachat Khata	2.75%
Locker Account	2.75%	Shareholder Savings Account	2.75%
Savings Bonanza	2.75%	Professional Saving Account	3.25%
Saving Branchless Banking	2.75%	Nawa Aayam Bachat Khata	3.65%
Social Security Account	2.75%	NIMB Green Future Saving Account	3.75%
Access to Finance Program	2.75%	Prithvi Remittance Account	4.75%
Retirement Fund Account	2.75%	Janani Janmabhumi Saving Account	4.75%

Particulars	Interest Rate p.a.
NPR Call Account	Up to 1.35%
FCY Others Saving	1.25%
USD Saving	2.50%
USD Call Account	Up to 1.25%
FCY Others Call Account	Up to 0.62%

Lending Interest Rates

Premium rates on Loans and Advances other than below shall remain same for the month of Ashwin 2082 as published in previous month and is available in Bank's website. The gap of interest rate on loan and advances of same nature shall be maintained as per regulatory requirements.

a. Business Sector Loans

S.N	Particulars	Sectors (Premium Only)		
A.	Short Term Loans	Manufacturing	Trading	Service
1.	Short Term Loan/Sustainable Short Term Loan	0.25% to 2.25%	0.25% to 2.25%	0.50% to 2.50%
B.	Import Related Loans	Manufacturing	Trading	Service
1.	Trust Receipt Loan	Upto 2.00%	0.50% to 2.50%	1.00% to 3.00%
2.	Short Term Time Loan	0.25% to 2.25%	1.00% to 3.00%	1.50% to 3.50%
3.	FCY denominated Loan/ FCY TR/Import Loan	Benchmark Interest Rate + up to 2.00%		
C.	Loans	Manufacturing	Trading	Service
1.	Business Continuity Loan	up to 2.00%		

b. Consumer Sector Loans

S N	Particulars	Sectors (Base Rate Plus Premium)
		Consumer Loan (Individual)
1.	Personal Loan	
	A. POD	2.50 % to 4.50%
	B. PML	1.50% to 3.50%

c. Fixed Lending Interest Rates-Project/Corporate

Particulars	Proposed Interest Rate per annum
Fixed Rate for 1 year	7.00%

d. Fixed Lending Interest Rates SME/MSME/Agro/Retail Loans

Particulars	Proposed Interest Rate per annum
Fixed Rate for 1 year	7.33%
Fixed Rate for 5 Years	8.33%

Notes:

- Interest Rate for Akshyakosh shall be decided as per mutual consent between Bank and the client.
- Interest rate on Remittance Fixed Deposit including renewal shall be applicable only for funds received from abroad with legitimate source.
- Interest rate on loans and advances shall be average base rate plus applicable premium rate.
- Interest rate as per special agreement shall be applicable till the expiry of such agreement.
- Penal interest of 2% p.a. shall be applied on the expired/overdue loan.
- Rate on subsidized loan shall be BR+1.50% premium p.a. or as guided by NRB.
- Rate on consortium financing shall be as decided by the consortium meeting. However, rate shall not be less than base rate of the Bank.
- Other terms and conditions including features of the products have been mentioned in Bank's website: - www.nimb.com.np.

RATE OF INTEREST

(with effect from 17th September, 2025)

SAVINGS DEPOSITS (NPR)	% per annum
Basic Savings	2.80
Payroll Savings	3.00
Premium Savings	4.00
Remittance Savings	5.00

Term Deposits (NPR) - % per annum	Institutions	Personal	Personal-Remittance
3 months - Below 6 months	-	4.00	5.00
6 months - Below 1 year	2.75	4.00	5.00
1 year - Below 2 years	3.00	4.25	5.25
2 years - Below 5 years	3.50	4.50	5.50
5 years and above	4.00	5.25	6.25
Recurring Deposits (upto 5 years)	-	4.50	-

FCY DEPOSITS - % per annum	Savings	Individual Term	Institutional Term
USD Saving Deposits	2.50	-	-
USD Term Deposits			
Below 1 year	-	4.25	3.25
1 year - Below 2 years	-	4.50	3.50
2 years and above	-	4.75	3.75
EUR Deposits	1.50	3.00	2.00
GBP Deposits	1.50	3.00	2.00
AUD Deposits	1.50	3.00	2.00

LOANS AND ADVANCES (NPR)

Premium rates on Loan and Advances (NPR) remains unchanged and is available in our bank website.

Fixed Rate for Home Loans, Home Equity Loans, Education Loans, Auto Loans, Personal Loans and Term Loans for upto 15 years will be 7.99% - 11.99%

Note:

* Interest rate on Call & Saving accounts will be calculated on daily basis and paid quarterly. Interest rate on Fixed deposit can be paid monthly.
* Interest rates on Call accounts are negotiable (Maximum up to 50% of lowest saving rate of respective currency) and subject to change based on market conditions. Please contact any of our branch for details.
* Average Base Rate (Jestha, Ashad, Shrawan 2082) is 6.35%.
* LCY Spread Rate for Shrawan 2082 is 3.83%.

* Conditions Apply

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ५९७०६८४/४२१७००७०
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

खानी खोला हाइड्रोपावर कम्पनी लिमिटेड
Khani Khola Hydropower Company Limited

रजिष्टर्ड कार्यालय : का.म.न.पा , वडा नं.: ४, धुम्बाराही, काठमाण्डौ
फोन : ०१-४५३६३२५, इमेलः khanikhola.hpcl@gmail.com, वेवसाइटः www.kkhpcl.com.np

को

हकप्रद शेयर निष्काशन तथा बिक्री खुला अवधि थप गरिएको बारेको सूचना !

खानी खोला हाइड्रोपावर कम्पनी लिमिटेडको मिति २०८२/०३/२७ गतेभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुको लागि १ कित्ता साधारण शेयर बराबर १ कित्ता शेयर (१:१) को अनुपातमा रु.१००/- अङ्कित दरको **४६,५७,१४३** कित्ता हकप्रद साधारण शेयरको निष्काशन तथा बिक्री खुला **मिति २०८२ भाद्र ०३ गतेदेखि मिति २०८२ भाद्र २३ गतेसम्म** निष्काशन तथा बिक्री खुला गरिएकोमा कम्पनीको स्वीकृत "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"को दफा "२" मा भएको व्यवस्था अनुसार यस हकप्रद शेयरको बिक्री खुला अवधि प्रथम पटक **मिति २०८२ भाद्र ३१ गते** सम्मका लागि थप गरिएको र हाल देशमा उत्पन्न विषम परिस्थितिलाई मध्यनजर गर्दै अन्तिम पटकलाई **मिति २०८२/०६/०५ गते** बैंकिङ्ग समय सम्मका लागि थप गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

क्र.सं.	दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान
१	श्री सिटिजन्स क्यापिटल लिमिटेड, डिल्लीबजार, काठमाण्डौं ।
२	श्री सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडको शाखा कार्यालयहरु : कुमारीपाटी, ठीमी, बिराटनगर, बिर्तामोड, बिरगंज, सुर्खेत, जनकपुर (भानुचोक), नेपालगंज, नारायणगढ, धनगढी, पोखरा (न्यूरोड), बुटवल र हेटौंडा ।
३	कुमारी बैंक लिमिटेडको बाग्मती शाखा, ललितपुर ।
४	श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट सि आस्वा (CASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने सांविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा सिटिजन्स क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त फारम सिधै हुलाक वा कुरियरद्वारा सिटिजन्स क्यापिटल लिमिटेड, डिल्लीबजार, काठमाण्डौंमा पठाउन सकिनेछ । हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

दरखास्त फारमको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ । शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी श्री खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेडको वेवसाइट www.kkhpcl.com.np., तथा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री सिटिजन्स क्यापिटल लिमिटेडको वेवसाइट www.citizenscapital.com.np मार्फत हेर्न सक्नेछन् ।

अन्य विस्तृत जानकारीका लागि **मिति २०८२/०४/१६ गतेको नयाँपत्रिका राष्ट्रिय दैनिकमा** प्रकाशित कम्पनीको हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना हेर्नुहुन अनुरोध गर्दछौं । साथै, उक्त सूचना धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट: www.citizenscapital.com.np वा निष्काशन कम्पनीको वेवसाइट:www.kkhpcl.com.np. मा हेर्नुहुन समेत अनुरोध गर्दछौं ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

Citizens Capital Ltd. (A Subsidiary Of Citizens Bank International Limited)

सिटिजन्स क्यापिटल लिमिटेड

बाटुलेधर, डिल्लीबजार, काठमाडौं, नेपाल फोन नं. ०१-४५१७७२३/४५१७४५७
इमेलः info@citizenscapital.com.np, वेवसाइटः www.citizenscapital.com.np

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

सूचना

यस बैंकको लेकसाइड पोखरा शाखा रहेको भवन पुर्ण रुपमा क्षतिग्रस्त भएको हुँदा ग्राहकहरुको खातालाई थप सुरक्षित गर्नको लागि आज मिति २०८२/०५/३१ गते देखि लागु हुने गरी उक्त शाखाबाट जारी गरिएका सम्पूर्ण चेकहरु रद्द गरिएको हुँदा उक्त शाखा कार्यालयका ग्राहक महानुभावहरुले चल्ती/बचत सम्बन्धी कारोबार गर्नको लागि नजिकको शाखामा सम्पर्क गरी नयाँ चेकबुक लिनुहुन अनुरोध गर्दछौं ।

साथै ए.टी.एम कार्ड र मोबाइल बैंकिङ्ग सम्बन्धी सेवाहरु नियमित रुपमा नै सञ्चालनमा रहेको जानकारी गराउँदै थप कुनै जानकारी/सहयोग आवश्यक परेमा निम्न कर्मचारीहरुलाई सम्पर्क गर्नुहुन अनुरोध छ :

इन्द्र प्रसाद सुवेदी (९८४६५३३०९५)
श्रीकृष्ण प्रसाद दाहाल (९८४६८३२३०४)
ज्योती गुरुङ्ग (९८१४१००८३१)
भावना अर्याल (९८०६५५८५२२)

प्रशान्त सिंह खड्का- शाखा प्रबन्धक (९७०९०३६१०१)
गणेश प्रसाद आचार्य- प्रदेश प्रमुख, गण्डकी (९७०९०३६२०४)

केन्द्रीय कार्यालय,
दरबारमार्ग, काठमाण्डौ
फोन नं. ०१-५३६८१५३, ५३६८७१९

सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

■ नेपाली टोली घोषणा

अन्सारी र जोराको पुनरागमन



● मोहमद आदिल अन्सारी



● सन्दीप जोरा

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

अलराउन्डर मोहमद आदिल अन्सारी तथा सन्दीप जोराले वेस्ट इन्डिजविरुद्धको तीन वटा टी-२० आई (युनिटी कप) सिरिजमा पुनरागमन गरेका छन् । नेपाल क्रिकेट संघ (क्यान)ले सोमबार ऐतिहासिक सिरिजका लागि घोषणा गरेको नेपाली टोलीमा अन्सारी र जोराले स्थान बनाएका हुन् । नेपालले युएईमा आधिकारिक रूपमा टेस्ट मान्यता राष्ट्र वेस्ट इन्डिजविरुद्ध २७, २९ र ३० सेप्टेम्बरमा प्रतिस्पर्धा गर्दै छ । अन्सारी र जोराले भारतको आसामविरुद्ध पाँचवटा टी-२० सिरिज खेलेका थिए । अन्सारीले नेपाली राष्ट्रिय टोलीबाट अन्तिमपटक नैरोबीमा केन्याविरुद्ध टी-२० आई खेलेका थिए । उनले सोही वर्षको ३१ मार्चमा पपुवा न्युगिनीविरुद्ध टी-२० आईमा डेब्यु गरेका थिए । क्यानको आयोजनामा भएको नेपाल टी-२० लिगमा फिक्सिङ आरोपमा मुछिएपछि अन्सारी निलम्बनमा परेका थिए । अख्तियार, सिविआई र राष्ट्रिय खेलकुद परिषद्को अनुसन्धानमा अन्सारी दोषी ठहरिएका थिए ।

> दुईपटकको टी-२० विश्वकप विजेता वेस्ट इन्डिजविरुद्धको ऐतिहासिक सिरिजका लागि घोषित नेपाली टोलीमा मोहमद आदिल अन्सारी र सन्दीप जोराले स्थान बनाएका छन् । अन्सारी सन् २०२२ र जोरा एक वर्षपछि टोलीमा फर्किएका हुन् ।

त्यसपछि उनी प्रतिबन्धमा परे । यसै वर्ष क्यानले निलम्बन फुकुवा गरेसँगै अन्सारीलाई राष्ट्रिय टोलीमा फर्किने बाटो खुला भएको हो । अन्सारीले सन् २०२२ को ११ जुनमा अमेरिकाविरुद्ध एकदिवसीय खेलमा डेब्यु गरे । १६ जुलाई २०२२ मा नामिबियाविरुद्ध उनले अन्तिमपटक एकदिवसीय खेल खेले । उनले ६ एकदिवसीय खेलमा ७० रन तथा आठ टी-२०आईमा एक सय १० रन जोडेका छन् । यसैगरी, एकदिवसीयमा ६ तथा टी-२० आईमा उनले पाँच विकेट लिएका छन् ।

एक वर्षपछि जोरा टोलीमा

हिटर ब्याट्समयानका रूपमा चिनिने जोराले एक वर्षपछि राष्ट्रिय टोलीमा स्थान पक्का गरेका हुन् । उनले भारतमा दुई साताअघि भएको नेपालको 'ए' टोलीबाट प्रतिनिधित्व गर्दै उत्कृष्ट प्रदर्शन गरेका थिए । सोही प्रदर्शनका आधारमा उनलाई मुख्यप्रशिक्षक स्टुवाट लले वेस्ट इन्डिजविरुद्धको सिरिजमा समावेश गरेका हुन् । नेपालले भारतको आसामविरुद्ध टी-२० सिरिज खेलेको थियो ।

जोराले सन् २०१९ को ३१ जनवरीमा युएईविरुद्ध टी-२० आईमा डेब्यु गरेका थिए । उनले अन्तिमपटक किंगटाउनमा बंगलादेशसँग प्रतिस्पर्धा गरेका थिए । गत वर्ष वेस्ट इन्डिज र अमेरिकाले संयुक्त रूपमा आयोजना गरेको आइसिसी टी-२० विश्वकप पछि उनी राष्ट्रिय टोलीमा परेका हुन् । जोराले सन् २०१९ मा युएईविरुद्ध एकदिवसीय खेल खेलेका थिए । उनको अन्तिम एकदिवसीय खेल सन् २०२३ को २१ फेब्रुअरीमा स्कटल्यान्डविरुद्ध रह्यो । घरेलु टोलीमा नेपाल एपिएफसँग आबद्ध जोराले पाँच एकदिवसीय खेलमा ५६ रन जोडेका छन् । उनले ३१ टी-२० आईमा तीन सय ८८ रन जोडेका छन् । यसक्रममा उनी पाँचपटक नटआउट रहे । टी-२० आई करिअरमा उनले तीन अर्धशतकीय इनिङ खेलेका छन् । यस फर्म्याटमा उनले २३ चौका र १५ छक्का प्रहार गरका छन् ।

रोहितको कप्तानीमा टोली

नेपाली राष्ट्रिय टोलीको कप्तानी रोहितकुमार पौडेलले गर्नेछन् । अलराउन्डर दीपेन्द्रसिंह ऐरीले उपकप्तान पाएका छन् । वेस्ट इन्डिजसँगको टी-२० आई सिरिजपछि ऐरीको आइसिसी पुरुष टी-२० आई अलराउन्डर वरीयतामा सहयोग पुग्नेछ । उनी अहिले समग्रमा आइसिसीको अलराउन्ड वरीयताको तेस्रो स्थानमा छन् । टी-२० फर्म्याटमा आक्रामक रूपमा ब्याटिङ गर्ने कुशल भुर्तेल, लोकेश बम, कुशल मल्ल, आसिफ सेख (विकेटकिपर) र आरिफ सेखले निरन्तरता पाएका छन् ।

यसैगरी, बलिङ क्रममा सोमपाल कामी, करण केसी, नन्दन यादव, सन्दीप लामिछाने, ललितनारायण राजवंशी, गुल्सन कुमारझा र साहब आलम रहेका छन् । राजवंशीले गत महिना अस्ट्रेलियामा भएको टी-२० सिरिज गुमाएका थिए । अस्ट्रेलिया प्रस्थान गर्नुअघि उनको बुबाको निधन भएको थियो ।

दुईपटकको टी-२० विश्वकप विजेता

नेपालले प्रतिस्पर्धा गर्न लागेको वेस्ट इन्डिजले आइसिसी टी-२० विश्वकप प्रतियोगिताको उपाधि दुईपटक जितेको छ । सन् २०१२ र सन् २०१६ मा वेस्ट इन्डिजले एकपक्षीय रूपमा टी-२० विश्वकप हात पारेको थियो ।

यस्तो सफलता प्राप्त गर्ने वेस्ट इन्डिज पहिलो राष्ट्र हो । यसैगरी, एकदिवसीय फर्म्याटमा वेस्ट इन्डिजले सुरुवाती दुई संस्करण जितेको थियो । तेस्रो संस्करणको एकदिवसीय विश्वकपको फाइनलमा वेस्ट इन्डिज भारतसँग लर्ड्समा पराजित भएको थियो । पछिल्लो समयमा सिनियर खेलाडीले सन्न्यास लिँदा वेस्ट इन्डिजले युवा खेलाडीलाई प्राथमिकतामा राखेको छ ।

नेपालको खेल तालिका

मिति	स्थान	विपक्षी
२७ सेप्टेम्बर	सारजाह	वेस्ट इन्डिज
२९ सेप्टेम्बर	सारजाह	वेस्ट इन्डिज
३० सेप्टेम्बर	सारजाह	वेस्ट इन्डिज

■ साफ यू-१७ च्याम्पियनसिप

समीर चम्किँदा नेपालले हरायो श्रीलंकालाई

नेपालले श्रीलंकाविरुद्ध २-० को जित निकाल्दा समीर कुमारले नै दुई गोल गरे

नयाँ पत्रिका



नेपालले साफ यू-१७ च्याम्पियनसिपमा सोमबार उद्घाटन खेलमा घरेलु टोली श्रीलंकालाई २-० ले हराएको छ । नेपालको जितमा स्ट्राइकर समीर कुमारले उत्कृष्ट प्रदर्शन गरेका थिए । उनले श्रीलंकाविरुद्ध दुई गोल गरेका हुन् ।

दक्षिण एसियाली फुटबल महासंघ (साफ)को आयोजना भएको यू-१७ च्याम्पियनसिपको आफ्नो पहिलो खेलमा नेपाल खेलको २७औँ मिनेटमै १० खेलाडीमा समेटिएको थियो । तर, स्ट्राइकर समीरले श्रीलंकाविरुद्ध दुई गोल गरेपछि नेपालको जित पक्का भयो ।

मोहम्मद इफामले दोहोरो पहँलो कार्ड पाएका कारण मैदान छाडेका थिए । कोलम्बोस्थित 'कोलम्बो रेसकोर्स स्पोर्टस् कम्पलेक्स'मा नेपालले विपक्षीमाथि भिनोअन्तरले जित निकाले पनि बल पोसेसन राम्रो बनाएको थियो । जितसँगै नेपालको सेमिफाइनल पुग्ने सम्भावना बलियो भएको छ । अब नेपालले बिहीबार दोस्रो खेलमा बंगलादेशविरुद्ध खेल्ने छ । नेपालले उमेर समूहको च्याम्पियनसिपमा चारपटक फाइनल स्थान बनाएको थियो ।

चारवटै फाइनलमा उपविजेतामा सीमित भयो । प्रतियोगिताको समूह 'बी'मा साबिक विजेता भारतसहित पाकिस्तान, भुटान र माल्दिभ्स छन् । दुवै समूहको शीर्ष दुई टोली सेमिफाइनल प्रवेश गर्नेछन् । साफ यू-१७ च्याम्पियनसिपको नौ संस्करण भइसक्दा अहिलेसम्म भारतले सर्वाधिक ६ पटक उपाधि जितेको छ । बंगलादेशले दुई तथा पाकिस्तानले एकपटक उपाधि जितेको छ । प्रतियोगिताअन्तर्गत मंगलबार समूह 'बी'का दुई खेल हुनेछन् । पहिलो खेलमा भारतले माल्दिभ्सको सामना गर्नेछ । दोस्रो खेलमा भुटान र पाकिस्तानबिच हुनेछ ।

दोस्रो हाफमा दुई गोल

पहिलो हाफमा श्रीलंकाले नेपाललाई गोल गर्न दिएन । पहिलो हाफमा नेपालले केही राम्रा अवसर सिर्जना गरे पनि गोलमा परिणत भएन । तर, दोस्रो हाफमा नेपालले प्राप्त अवसर गोल गर्दै तीन अंक बटुल्यो । खेलको ५२औँ मिनेटमा समीरले नेपाललाई १-० को अग्रता दिलाए । बायाँ साइडबाट प्रतिश थापामगरले दिएको क्रसमा डिबक्सभित्र अनमार्कमा नरहेका समीरले हेडिङ गोल गरेका थिए । श्रीलंकाली गोलरक्षक साथिन कथाफीले समीरको हेडिङ रोक्ने कुनै अवसर पाएनन् । खेलको अन्तिम इन्जुरी समयमा कुमारले नै नेपाललाई २-० कोअग्रता दिलाए । निश्चल मगरको सुन्दर थ्रु पासमा उनले व्यक्तिगत दोस्रो गोल गरेका हुन् ।

नेपालको गोल प्रयास

प्रतिस्पर्धाको ३९औँ मिनेटमा समीरले सहज गोल अवसर खेर फाले । कप्तान प्रशान्त मोक्तानको 'लङ पास'लाई विपक्षी डिफेन्डर अहमद आमिस वासिमले नियन्त्रण लिन सकेनन् । डिबक्सभित्र बल समीरको अगाडि थियो । उनले प्रहार गरेको बल दोस्रो बारनजिकैबाट बाहिरियो । त्यसपछि उनले नै अर्को मौका खेर फाले । मिडफिल्डर सुशन थापामगरले दायाँ साइडबाट निकालेको पासमा समीरले क्रसबारमाथि बल प्रहार गरे । खेलको ३२औँ मिनेटमा नेपाललाई भाग्यले साथ दियो । श्रीलंकाली मिडफिल्डर जयाथुंगाको पासमा अनमार्कमा रहेका कप्तान इसाकको हेडिङलाई नेपालको गोलरक्षक रामबहादुर बोहराले नियन्त्रणमा लिन सकेनन् । रिबाउन्डमा इसाकले प्रहार गरेको बल दोस्रो बारमा ठोक्किएर बाहिरियो ।

खेल संक्षेप

उपाधिका लागि शेर्पा र तामाङ भिड्ने

कास्की/ दोस्रो नेपाल खुला स्नुकर प्रतियोगिताको उपाधिका लागि काठमाडौंका खेलाडीद्वय फुर्वा दोर्जे शेर्पा र वाङचु तामाङ भिड्ने भएका छन् । प्रतियोगिताको सोमबार भएको सेमिफाइनलमा जित निकाली दुवै उपाधिका लागि भिडन्तमा पुगेका हुन् । पहिलो सेमिफाइनलमा शेर्पाले हेटौंडाका नितेश खण्डवाललाई ५-१ को सेटमा पराजित गर्दै अन्तिम दुईमा स्थान सुरक्षित गरेका थिए । दोस्रो सेमिफाइनलमा काठमाडौंका तामाङले पोखराका विकास महर्जनलाई ५-२ को सेटमा पराजित गर्दै फाइनलमा शेर्पासँगको भेट पक्का गरेका थिए । प्रतियोगिताका संयोजक सोम विकले पोखरासँगै काठमाडौं, भक्तपुर, ललितपुर, झापा, इटहरी, विराटनगर, चितवन, बुटवल र धरानलगायत जिल्लाबाट एक सय ३६ खेलाडीले प्रतिस्पर्धा गरेका थिए । प्रतियोगिताको उपाधि विजेताले दुई लाख र रुपैयाँ र उपविजेताले ८० हजार रुपैयाँ पाउनेछन् । यसैगरी, सेमिफाइनलिस्टले जनही २५ हजार रुपैयाँ हात पार्नेछन् । सर्वाधिक ब्रेकरले २० हजार र प्रत्येक खेलमा सेन्चुरी ब्रेक गर्ने खेलाडीले सात हजार पाँच सय रुपैयाँ पाउनेछन् ।

रग्बी सिरिजको नयाँ मिति तोकियो

काठमाडौं/ नेपाल रग्बी संघको आयोजनामा हुन लागेको नेपाल-बंगलादेश अन्तर्राष्ट्रिय रग्बी सिरिजको दोस्रो संस्करण स्थगित भएको छ । सिरिज ३० र ३१ भदौ त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा हुने भनिएको थियो । तर, नेपालमा भएको जेन-जी प्रदर्शन र त्यसपछि उत्पन्न राजनीतिक परिस्थितिलाई मध्यनजर गर्दै सिरिज स्थगित गरिएको आयोजक संघले जनाएको छ ।

संघले स्थिती सामान्य भएपछि सिरिजको नयाँ मिति तोकिने बताएको छ । सिरिजमा ३० भदौमा रग्बी सेभेन्सका दुई खेल राखिएको थियो । ३१ भदौमा फिफ्टिन्सको एक खेल हुने तय थियो । सिरिजको पहिलो संस्करण बंगलादेशको ढाकामा सन् २०२२ मा भएको थियो ।



ओमानमाथि ४२ रनले युएई विजयी

एजेन्सी

युएईले एसिया कप टी-२० क्रिकेट प्रतियोगितामा ओमानमाथि ४२ रनको जित निकालेको छ । अबुधाबी मैदानमा समूह 'ए'को खेलमा पहिलो ब्याटिङ गरेको युएईले २० ओभरमा पाँच विकेट गुमाएर एक सय ७२ रन बनाएको थियो । प्रत्युत्तरमा ओमानले १८.४ ओभरमा सबै विकेट गुमाएर एक सय ३० रन जोड्दा युएईले बाजी मारेको हो ।

युएईको जितमा फास्टबलर जुनिद सिद्दिकीले घातक बलिङ गरेका थिए । उनले चार ओभरमा २३ रन खर्चेर सर्वाधिक चार विकेट लिए । उनले ओमानका अमिर खालिम, जितेन्द्र सिंह, भी शुक्ला तथा हसनैन साहको विकेट लिए । ओमानको ब्याटिङमा कप्तान जितेन्द्रले १० बलमा २० रन जोडेका थिए । यसैगरी, आर्यनले ३२ बलमा २४ रन तथा विनायक शुक्लाले १७ बलमा २० रन बटुले । युएईले १६ अतिरिक्त रन दिएको थियो ।

यसअघि ब्याटिङ गरेको युएईले पहिलो विकेटका लागि अलिसान सराफु र कप्तान मोहमद वसिमले १०.६ ओभरमा ८८ रनको साझेदारी गरेका थिए । अलिसानले ३८ बलमा सात चौका र एक छक्का प्रहार गरी ५१ रन जोडे । वासिमले ५४ बलमा ६ चौका र तीन छक्का प्रहार गरी सर्वाधिक ६९ रनको योगदान दिए । यसैगरी, मोहमद जोहेबले १३ बलमा दुई चौका र एक छक्का प्रहार गरी २१ रनको योगदान दिए । हर्सित कौशिकले आठ बलमा दुई छक्का र एक चौका प्रहार गरी १९ रन बटुलेका थिए ।

बलिङमा ओमानका लागि जितेनले २४ रन खर्चेर दुई विकेट लिए । अमिर खलिमले प्रतिओभर १४ रन खर्चेर विकेट लिन सकेनन् ।

तेस्रो चितवन गोल्डकप स्थगित

काठमाडौं/ तेस्रो संस्करणको चितवन गोल्ड कप फुटबल प्रतियोगिताको तत्कालका लागि स्थगित भएको छ । आयोजक भरतपुर फुटबल क्लब बिएफसीले सोमबार ४ असोजदेखि हुने भनिएको गोल्डकप तत्कालका लागि स्थगित भएको जानकारी दिएको छ ।

'देशको पछिल्लो राजनीतिक घटनाक्रम र केही प्राविधिक तयारीसमेत नपुगेकाले तत्कालका लागि प्रतियोगिता स्थगित गरिएको छ,' आयोजकले जनाएको छ । आन्तरिक तयारीमा जुटिरहेका वेला देखिएको प्राविधिक समस्या र देशको पछिल्लो अवस्थाका कारण पूर्वनिर्धारित समयमा प्रतियोगिता आयोजना गर्न सम्भव नभएको संयोजक ध्रुव भुसालले बताए ।

'हामी स्थिति सामान्य भएपछि प्रतियोगिताको नयाँ मिति घोषणा गर्नेछौं,' उनले भने । पूर्वघोषित कार्यक्रमअनुसार प्रतियोगिता ४ देखि १३ असोजसम्म नेपाल प्रहरी शिक्षालय भरतपुर तालिम केन्द्रको मैदान हुने तय थियो । चितवन गोल्डकप पहिलोपटक त्रिभुवन आर्मी फुटबल क्लब र दोस्रोपटक बुटवल लुम्बिनी एफसीले जितेको थियो ।

■ दुई देशको राजनीतिक असर मैदानमा

पाकिस्तानीसँग हात मिलाएनन् भारतीय खेलाडीले

एजेन्सी

अबुधाबीमा चलिरहेको एसिया कप टी-२० क्रिकेट प्रतियोगिताअन्तर्गत आइतबार राति छैटौं खेलमा भारतले पाकिस्तानविरुद्ध प्रतिस्पर्धा गरेको थियो । समूह 'ए'को महत्त्वपूर्ण खेलमा भारतले पाकिस्तानमाथि सात विकेटको सहज जित निकाल्यो । खेलको भावनाअनुसार अन्तिम नतिजा आएपछि मैदान छाड्ने क्रममा दुवै टोलीका खेलाडीले एक-आपसमा हात मिलाउनुपर्ने थियो । तर, भारतका कप्तान सूर्यकुमार यादव र शिवम दुबेले पाकिस्तानका खेलाडीसँग हात मिलाएनन् । उनीहरू सीधै ड्रेसिङ रुममा लागे ।

पाकिस्तानी खेलाडी भने खेल भावनाअनुसार विपक्षीका खेलाडीसँग हात मिलाउन तयार थिए । सूर्यकुमार र दुबे हात मिलाउन तयार भएनन् । यस घटनापछि भारत र पाकिस्तानबिचको तनाव मैदानमा समेत देखियो । पाकिस्तानका प्रशिक्षक माइक हेसन पनि भारतीय खेलाडीसँग हात मिलाउन तयारी अवस्थामा थिए । तर, मैदानमा भारतीय खेलाडीले उनलाई बेवास्ता गरेका थिए । एसिया कपकै बहुप्रतीक्षित खेलअगाडि नै तनाव उत्पन्न भइसकेको थियो । पाकिस्तानका कप्तान सलमान आगाले खेलपछिको टेलिभिजन अन्तर्वार्ता दिन अस्वीकार गरेका थिए ।



अनुशासन कमिटीमा विरोध दर्ता

भारत र पाकिस्तानबिचको खेल समाप्तिपछि पाकिस्तानी क्रिकेट बोर्ड (पिसिबी)ले विज्ञप्ति जारी गर्दै एसिया कपको अनुशासन कमिटीमा विरोध दर्ता गरेको जनाएको छ । पाकिस्तानका म्यानेजरले कमिटीसमक्ष उजुरी राखेको हो । अम्पायरले खेलको टस क्रममै दुवै कप्तानलाई एकअर्कासँग हात नमिलाउन अनुरोध गरेका थिए । तर, उनीहरूले हात मिलाएनन् । पहलगाममा भएको आतंकवादी हमलापछि भारत र पाकिस्तानबिच यो नै पहिलो अन्तर्राष्ट्रिय खेल थियो ।

पाकिस्तानमाथि सहज जित निकालेका भारतीय खेलाडी मैदानबाट बाहिरिँदा विपक्षीसँग हात नमिलाई ड्रेसिङरुमतर्फ लागे ।

पाकिस्तानी प्रशिक्षक निराश

पाकिस्तानका प्रशिक्षक हेसनले भारतको कदमप्रति निराशा व्यक्त गरेका छन् । उनले मैदानबाहिरका अन्तरिका कलह प्रतिस्पर्धामा प्रस्तुत गर्न नहुने बताए ।

'हामी खेलको अन्त्यमा हात मिलाउन तयार थियौं, हाम्रो विपक्षीले त्यसो नगर्दा हामी स्पष्ट रूपमा निराश छौं,' उनले भने, 'हामी त्यहाँ हात मिलाउन गएका थियौं र उनीहरू पहिले नै ड्रेसिङ रुममा गइसकेका थिए । यस्तो किसिमको व्यवहार निराशाजनक हो ।' प्रशिक्षक हेसनले भारतीय खेलाडीको प्रस्तुति खेलकुद भावनाविपरीत भएको दाबी गरे ।

भारतका कप्तान सूर्यकुमार यादवले पहलगाममा भएको आतंककारी हमला आफूहरूले भुल्न नसकेको जनाएका छन् । उनले परिस्थितिअनुसार कहिलेकाहीं खेल भावनाविपरीत जानुपर्ने बताए ।

ऋषिङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरी भञ्ज्याङ्ग, तनहुं
गण्डकी प्रदेश नेपाल

विद्युतीय बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०५/३१

यस गाउँपालिकाको आ.व. २०८२/८३ को लागि स्वीकृत वार्षिक कार्यक्रम बमोजिम निम्न उल्लेखित कार्य गराउनुपर्ने आवश्यक भएकोले नेपाल सरकारबाट इजाजतपत्र प्राप्त योग्य नेपाली निर्माण व्यवसायीहरूबाट सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय प्रणालीको माध्यमबाट बोलपत्र सम्बन्धी कागजात खरिद गर्न रु. ३००० यस कार्यालयको नाममा रहेको कुमारी बैंक ऋषिङ्ग शाखा स्थित सञ्चित कोष खाता न.ग. ४ १ - ०८३००३४५५४१००००७ मा जम्मा गरि सो सक्कल भौचर, साथै जमानत रकम यस कार्यालयको नाममा रहेको कुमारी बैंक ऋषिङ्ग शाखा स्थित धरौटी खाता न. ग ३ - ०८३००३४५५४१००००४ मा जम्मा गरि सक्कल भौचर सहित वा नेपाल राष्ट्रबैंकबाट मान्यता प्राप्त क वर्गको बैंकबाट बोलपत्र जमानतपत्र-बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट घटीमा ९० दिन र थप ३० दिन म्याद भएको) २०८२/०६/३१ गते १२:०० बजे सम्ममा आवश्यक कागजपत्र विद्युतीय प्रणाली मार्फत बुझाउनु हुन अनुरोध गरिन्छ । साथै टेन्डर सोही दिन १३:०० मा बोलपत्रदाताहरूको रोहवरमा खोलिनेछ । सो समयमा कुनै पनि बोलपत्रदाता उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

थप जानकारीको लागि www.bolpatra.gov.np/egp मा वा ९८५६०६३६८५ मा सम्पर्क गर्न सकिन्छ ।

क्र.स	ठेक्काको नाम	ठेक्का न.	ठेक्का रकम	जमानत रकम	बोलपत्रको दस्तुर
१	Upgrading of Sude Koidim Road	01/RRM/THN/NCB/WORKS/2082-83	१,४६,४१,०५२।६१ (भ्याट र कन्टिन्जेन्सी बाहेक)	३७००००	३०००
२	Upgrading of Dhungadey-Ruptaar Road (V)	02/RRM/THN/NCB/WORKS/2082-83	९४,८७,७२६।९९ (भ्याट र कन्टिन्जेन्सी बाहेक)	२५००००	३०००

अनिल अंगाई
प्रमुख प्रशासकीय अधिकृत

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com